# कुशे गाउँपालिकाको आवधिक गाउँ शिक्षा योजना
# (२०८१ -२०९०)



कुशे गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा,
थर्पु भार्मा, जाजरकोट

२०८१

**<u>संरक्षक</u>**

श्री हरिचन्द्र बस्नेत, अध्यक्ष
श्री देविका कुमारी सिंह, उपाध्यक्ष
श्री खेमराज थापा, प्रमुख प्रशासकीय अधिकृत

**<u>योजना निर्माण कार्यदल</u>**

संयोजकः श्री शिवराज गिरी, संयोजक, सामाजिक विकास समिति
सदस्यः श्री राम बहादुर शाही, अध्यक्ष, शिक्षक महासंघ
सदस्यः श्री हर्क बहादुर शाही, अध्यक्ष , विद्यालय व्यवस्थापन समिति
सदस्य : श्री भुवन थापा, स्वास्थ्य शाखा प्रमुख, कुशे गापा
सदस्यः श्री सम्झना शाही, महिला तथा वालवालिका शाखा प्रमुख
सदस्य : श्री दिनेश कुमार सिंह, प्रधानाध्यापक
सदस्य : श्री योगेन्द्र बुढा, समाज जागरण केन्द्र सुर्खेत
सदस्य : श्री नर बहादुर सिंह शिक्षक अभिभावक संघ
सदस्य सचिवः श्री कृष्ण बहादुर गिरी , शिक्षा युवा तथा खेलकुद शाखा

**<u>लेखन उप–समिति</u>**

श्री जयसरा रोकाय
श्री विनोद पुनमगर
श्री भुवन थापा
श्री अशोक कुमार मल्ल
श्री लोकेन्द्र बहादुर सिंह
श्री जुनु शाही
श्री जय कुमारी विक
श्री दिनेश कुमार सिंह
श्री निम बहादुर वली
श्री हेमन्त बहादुर सिंह
श्री जनक बहादुर शाही
श्री सरस्वती देवी सिंह
श्री कृष्ण बहादुर रोकाय
श्री खेमराज थापा
श्री देव बहादुर बस्तेत
श्री राम बहादुर शाही
श्री जनक बहादुर शाह
श्री भविन्द्र विक्रम शाही

**<u>प्राविधिक सहयोय</u>**

यूनिसेफ नेपाल
समाज जागरण केन्द्र (स्याक) नेपाल, वीरेन्द्रनगर सुर्खेत
प्रकाशन मिति : २०८१

शुभकामना



नेपालको संविधान २०७२ ले आधारभूत र माध्यमिक तहसम्मको शिक्षाको जिम्मेवारी स्थानीय तहलाई दिएको छ । गुणस्तरीय शिक्षा प्रत्येक नागरिकको हक भएकाले कुशे गाउँपालिकाले स्थानीय आवश्यकता, दिगो विकासका लक्ष्य, र संघीय तथा प्रदेश सरकारको नीति अनुरूप गाउँपालिकाको शैक्षिक सुधारका लागि संघिय सरकारले तय गरेको १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजनाको मर्म र भावना अनुसार आवधिक गाउँ शिक्षा योजना निर्माण गरेको छ ।

समता र शुसासन सहितको गुणस्तरीय, सीपमूलक, रोजगारमुखी, र व्यावसायिक शिक्षालाई प्रवर्द्धन गर्दै सबै समुदायका बालबालिकालाई शिक्षामा समान अवसर प्रदान गर्नु हाम्रो गाउँपालिकाको प्रमुख लक्ष्य हो। यसर्थ उक्त लक्ष्यलाई आत्मसाथ गर्दै यो गाउँ शिक्षा योजना निर्माण गरिएकाले यसले समाजलाई शिक्षित, आत्मनिर्भर, र समतामूलक बनाउन योगदान दिने कुरामा दुईमत छैन।

आफ्नो स्थानीय तहको शैक्षिक अवस्था र यथार्थताको बारेमा बुझेर यहाँको शैक्षिक सुधारका लागि सही योजना अनुसार अगाडी बढ्नुपर्छ भन्ने मान्यता राख्दै यहाँका जनप्रतिनिधी, कर्मचारी, शिक्षक वर्गहरु, विव्यस र शिअस, अभिभावक तथा सवै सरोकारवालाहरुको प्रभावकारी सहभागितामा निर्माण भएको यो शिक्षा योजनामा योगदान पुर्याउनु हुने सम्पुर्णमा विशेष आभार प्रकट गर्न चाहन्छु ।

यो शिक्षा योजनालाई भावकारी बनाउन स्थानीय सरकार, विद्यालय, शिक्षक, अभिभावक, तथा साझेदार संस्थाहरूको सहकार्य आवश्यक छ। सबैको साथ र सहयोगमा योजनाको सफल कार्यान्वयन गरी शिक्षामा सुधार ल्याउने हाम्रो प्रतिबद्धता छ।

धन्यवाद ।

**श्री हरिचन्द्र बस्नेत**
अध्यक्ष
कुशे गाउँपालिका, जाजरकोट

शुभकामना



शिक्षा समाज रूपान्तरणको मूल आधार हो। शिक्षाको स्तर सुधार गरेर मात्र समृद्ध, सभ्य, र सुसंस्कृत समाजको परिकल्पना गर्न सकिन्छ। शिक्षालाई समावेशी, सीपमूलक, र उत्पादनमुखी बनाउन कुशे गाउँपालिकाले ठोस र दूरदृष्टियुक्त शिक्षा योजना अघि सारेको छ।

यस योजना गाउँपालिकाको भौगोलिक, सामाजिक, आर्थिक तथा शैक्षिक यथार्थलाई मध्यनजर गरी तयार पारिएको छ। शिक्षामा देखिएका समस्याहरूको पहिचान गरी तिनको समाधान खोज्ने, नवीनतम प्रविधिहरूको उपयोग गर्दै शिक्षालाई गुणस्तरीय बनाउने र विद्यार्थीलाई प्रतिस्पर्धी बनाउन आवश्यक नीति तथा कार्यक्रम लागू गरिनेछन्।

विद्यालय शिक्षा क्षेत्र योजनाको मर्म र भावना अनुरूप तयार गरिएको यस गाउँ शिक्षा योजना शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समिति, स्थानीय सरकार, तथा अन्य सरोकारवालाहरूको

सक्रिय सहभागिताबाट कार्यान्वयन गरिनेछ। शिक्षाको मूल उद्देश्य ज्ञानमात्र प्रदान गर्नु होइन, व्यवहारिक सीप विकास गर्दै विद्यार्थीलाई आत्मनिर्भर बनाउन सहयोग गर्नु हो।

स्थानीय सरकारको नेतृत्वमा शिक्षालाई नयाँ उचाइमा पुर्याउने यो योजनाले विद्यार्थीको सर्वांगीण विकास गर्दै समाजलाई समृद्ध बनाउने लक्ष्य लिएको छ। शिक्षाको सुधार एकल प्रयासले सम्भव हुँदैन, त्यसैले यस योजना सफलतापूर्वक कार्यान्वयन गर्न सबै सरोकारवालाहरूको सहयोग, प्रतिबद्धता र सहकार्य अपरिहार्य छ।

यो गाउँ शिक्षा योजनाको निर्माणमा महत्वपुर्ण योगदान पुर्याउने सवैमा धन्यवाद प्रकट गर्दै शिक्षा विकासको यात्रामा सबै शिक्षक, विद्यार्थी, अभिभावक, स्थानीय निकाय, तथा साझेदार संस्थाहरूलाई हार्दिक अनुरोध गर्दै योजना कार्यान्वयनको पूर्ण सफलताको कामना गर्दछु।

**श्री देविका कुमारी सिंह**
उपाध्यक्ष
कुशे गाउँपालिका, जाजरकोट

शुभकामना



शिक्षा हरेक नागरिकको मौलिक हक मात्र नभई समृद्ध राष्ट्र निर्माणको आधार पनि हो। नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय शिक्षा नीति २०७४, कुशे गाउँपालिकाको शिक्षा ऐन तथा नियमावली, र गाउँपालिकाका नीति तथा कार्यक्रमहरूको मार्गदर्शन अनुसार कुशे गाउँपालिकाले प्रभावकारी, आधुनिक, समावेशी, र व्यावसायिक शिक्षा प्रणाली निर्माण गर्ने लक्ष्य सहित यो गाउँ शिक्षा योजना अघि सारेको छ।
शिक्षा योजनाले स्थानीय आवश्यकता, अवसर, र चुनौतीलाई मध्यनजर गर्दै शिक्षामा लगानी वृद्धि गर्ने, नवीनतम प्रविधिहरू आत्मसात् गर्ने, युवालाई सीपयुक्त बनाइ रोजगारी सिर्जना गर्ने, र सामाजिक न्याय प्रवर्द्धन गर्ने उद्देश्य लिएको छ। शिक्षालाई गुणस्तरीय, व्यवहारिक, र उत्पादनमुखी बनाउन कुशे गाउँपालिकाले ठोस नीतिगत व्यवस्था गर्दै आवश्यक स्रोत, साधन, र संरचनाको व्यवस्थापनमा प्राथमिकता दिएको छ।
यस योजनाले विद्यालयहरूको भौतिक तथा शैक्षिक सुधार, बालमैत्री सिकाइ वातावरणको निर्माण, प्रविधिमैत्री शिक्षाको प्रवर्द्धन, पहुँचविहीन तथा विपन्न समुदायका विद्यार्थीहरूका लागि विशेष कार्यक्रमको सञ्चालन, तथा शिक्षक प्रशिक्षणजस्ता बहुआयामिक पक्षलाई समेटेको छ। गुणस्तरीय शिक्षा नै दिगो विकासको आधार भएकाले यस योजनाको प्रभावकारिता अझ बढाउन सबै सरोकारवालाहरूको सहकार्य अपरिहार्य छ।

शिक्षा क्षेत्रमा सुधार एकल प्रयासले सम्भव हुँदैन। शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षा विज्ञ, स्थानीय सरकार, तथा साझेदार संस्थाहरूको सक्रिय सहयोग र समन्वय आवश्यक छ। कुशे गाउँपालिकाले शिक्षालाई शीर्ष प्राथमिकता दिँदै भविष्यका पुस्ताहरूलाई ज्ञान, सीप, र नैतिकताको संगमयुक्त शिक्षा प्रदान गर्न कटिबद्ध छ।

समृद्ध समाज निर्माणका लागि हाम्रा साझा प्रयासहरू अवश्य फलदायी बन्नेछन्। यस महत्त्वपूर्ण अभियानमा सबै सरोकारवालाहरूको योगदान र भुमिकाको लागि आभार प्रकट गर्दै यहाँहरुको निरन्तर सहयोगका लागि समेत अपिल गर्दै कुशे गाउँपालिकाको गाउँ शिक्षा योजनाको सफल कार्यान्वयनको शुभकामना व्यक्त गर्दछु।

श्री खेमराज थापा
प्रमुख प्रशासकीय अधिकृत

कुशे गाउँपालिका, जाजरकोट

Contents

शुभकामना ....................................................................................................... 4

क. भूमिका ....................................................................................................... १२

ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य ............................................ १२

ग) शिक्षा योजना निर्माणका आधारहरु ............................................................... १३

घ) शिक्षा योजना निर्माणको प्रक्रिया ................................................................... १५

परिच्छेद १ : परिचय ........................................................................................ १६

१.१ वर्तमान अवस्था .......................................................................................... १६

क) परिचय तथा भौगोलिक अवस्थिति ................................................................. १६

ख) जनसाङ्ख्यि संरचना ..................................................................................... १७

ग) सामाजिक तथा सांस्कृतिक अवस्था ................................................................. २२

घ) आर्थिक अवस्था ............................................................................................ २३

ङ) शैक्षिक अवस्था ............................................................................................ २३

१.२ मुख्य समस्या तथा चुनौतीहरु ........................................................................ २८

परिच्छेद २ : दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण ..................................... ३३

२.१ शिक्षा योजना निर्माणका आधारहरु ............................................................... ३३

२.८ शिक्षा योजनाका कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण ..................................... ४३

परिच्छेद ३ : शिक्षाका मुख्य उपक्षेत्रहरु ............................................................... ५०

३.१ प्रारम्भिक बालविकास र शिक्षा ...................................................................... ५०

३.१.१ वर्तमान अवस्था ......................................................................................... ५०

३.१.२ उद्देश्य ....................................................................................................... ५२

३.१.३ रणनीति ..................................................................................................... ५२

३.१.४ प्रमुख उपलब्धि तथा नतिजा ........................................................................ ५४

३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य.......................................................५६
३.२ आधारभूत शिक्षा.......................................................................................५९
३.२.१ परिचय.................................................................................................५९
३.२.२ उद्देश्य.................................................................................................६२
३.२.३ रणनीति...............................................................................................६२
३.२.४ प्रमुख उपलब्धि तथा नतिजा..................................................................६४
३=२=५ प्रमख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य.................................................६६
३.३ माध्यमिक शिक्षा........................................................................................७०
३.३.१ वर्तमान अवस्था.....................................................................................७०
३.३.२ उद्देश्यहरु.............................................................................................७२
३.३.३ रणनीति...............................................................................................७३
३.३.४ प्रमुख उपलब्धि तथा नतिजा..................................................................७४
३.३.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य.............................................७५
३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम......................................................७९
३.४.१ वर्तमान अवस्था.....................................................................................७९
३.४.२ उद्देश्य.................................................................................................८१
३.४.३ रणनीतिहरु...........................................................................................८१
३.४.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य........................................८२
३.४.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य..................................................................८३
३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ.........................................................८५
३.५.१ वर्तमान अवस्था.....................................................................................८५
३.५.२ उद्देश्य.................................................................................................८६
३.५.३ रणनीति...............................................................................................८६

३.५.४ प्रमुख उपलब्धि तथा नतिजा ............ ८७

३.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ............ ८८

परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र ............ ८९

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन ............ ८९

४.१.१ वर्तमान अवस्था ............ ८९

४.१.२ उद्देश्य ............ ९२

४.१.३ रणनीति ............ ९२

४.१.४ प्रमुख उपलब्धि तथा नतिजा ............ ९३

४.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ............ ९५

४.२ शिक्षक व्यवस्थापन र विकास ............ ९८

४.२.१. वर्तमान अवस्था ............ ९८

४.२.२ उद्देश्य ............ १००

४.२.४ प्रमुख उपलब्धि तथा नतिजा ............ १०२

४.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ............ १०४

४.३ शैक्षिक समता र समावेशिकरण ............ १०७

४.३.१ वर्तमान अवस्था ............ १०७

४.३.२ उद्देश्य ............ १०९

४.३.३ रणनीति ............ १०९

४.३.४ प्रमुख उपलब्धि तथा नतिजा ............ ११०

४.३.५ प्रमुख क्रियाकलाप र परिमाणत्मक लक्ष्य ............ १११

४.४. विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ............ ११४

४.४.१ वर्तमान अवस्था ............ ११४

४.४.२ उद्धेश्य ............ ११६

४.४.३ रणनीति........................................................................................११६
४.४.४ प्रमुख उपलब्धि तथा नतिजा.......................................................................११७
४.४.५प्रमुख क्रियाकलापहरु र लक्ष्य .......................................................................१२०
४.५ विद्यालय सुरक्षा, विपत् तथा उत्थानशीलता.......................................................१२५
४.५.१. वर्तमान अवस्था .................................................................................१२५
४.५.२ उद्देश्य...............................................................................................१२६
४.५.३ रणनीति .............................................................................................१२६
४.५.४ प्रमुख उपलब्धि तथा नतिजा ....................................................................१२७
४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य......................................................१२९
४.६ विद्यालय भौतिक पूर्वाधार विकास...................................................................१३१
४.६.१ वर्तमान अवस्था ...................................................................................१३१
४.६.२ उद्देश्य...............................................................................................१३३
४.६.३ रणनीति .............................................................................................१३३
४.६.४ प्रमुख उपलब्धि तथा नतिजा ....................................................................१३४
३.४.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य ...................................................................१३६
४.७ विद्यालय सूचना तथा सञ्चार प्रविधि..............................................................१३८
४.७.१ परिचय ..............................................................................................१३८
४.७.२ उद्देश्य...............................................................................................१३९
४.७.३ रणनीति .............................................................................................१४०
४.७.४ प्रमुख उपलब्धि तथा नतिजा ....................................................................१४१
३.४.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य ...................................................................१४३
परिच्छेद ५ अन्य उपक्षेत्र तथा अन्तरसम्बन्धित बिषयहरु..........................................१४५
५.युवा तथा खेलकुद विकास............................................................................१४५
५.१.१ वर्तमान अवस्था ...................................................................................१४५

५.१.२ उद्देश्य......................................................................................................१४६

५.२.३ रणनीतिहरु ....................................................................................................१४६

५.२.४ मुख्य उपलब्धि, र नतिजा ....................................................................................१४७

५.२.५ मुख्य क्रियाकलापहरुः........................................................................................१४७

परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन ..........................................................................१५०

६.१ शिक्षाको ब्यवस्थापन तथा संस्थागत क्षमता विकास.......................................................१५०

६.१.१ वर्तमान अवस्था ...............................................................................................१५०

६.१.२ उद्देश्य......................................................................................................१५१

६.१.३ रणनीतिहरु....................................................................................................१५३

६.१.४ प्रमुख उपलब्धी र नतिजा ....................................................................................१५३

६.१.५ मुख्य क्रियाकलापहरुः........................................................................................१५५

६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ..............................................................१५८

६.२.१ परिचय ........................................................................................................१५८

६.२.२ उद्धेश्य .......................................................................................................१५८

६.२.३ रणनीतिहरू....................................................................................................१५९

६.२.४ उपलब्धि, तथा नतिजा .......................................................................................१५९

६.२.५ प्रमुख क्रियाकलापहरु तथा लक्ष्य ..........................................................................१६०

परिच्छेद ७ : लगानी स्रोत ब्यवस्थापन ...........................................................................१६२

७.१ वर्तमान अवस्था.................................................................................................१६२

७.२ उद्देश्य............................................................................................................१६६

७.३ रणनीतिहरु ......................................................................................................१६६

७.४ प्रमुख क्रियाकलापहरु र वजेट अनुमान तथा स्रोत ......................................................१६७

७.५ योजनाको बार्षिक बजेट तर्जमा प्रक्रिया.......................................................................१६८

७.६ योजना कार्यान्वयनको लागि बार्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन ........१६९

परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन ........................................................................१७०

८.१ वर्तमान अवस्था........................................................................................................१७०

८.२ उद्देश्य ........................................................................................................................१७२

८.३ रणनीतिहरु..................................................................................................................१७२

८.४ उपलब्धि तथा नतिजा ..................................................................................................१७३

८.५ प्रमुख क्रियाकलाप र लक्ष्यः.........................................................................................१७४

विभिन्न क्रियाकलाप र वजेट अनुमान .............................................................................१७६

## क. भूमिका

नेपालको संविधान, २०७२ बमोजिम प्रत्येक नागरिकलाई शिक्षामा समतामुलक पहुँचको सुनिश्चितता गर्न आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निःशुल्क पाउने हकको सुनिश्चितता गरेको छ ।संविधानले नै अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धि अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने र नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने साथै त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हकको ब्यवस्था गरेको छ ।

गुणस्तरीय शिक्षा तथा सबैका लागि जीवनपर्यन्त शिक्षाको समान अवसरले नै दीगो शान्ति, असल संस्कृति, सामाजिक सहिष्णुता तथा साझा मूल्य मान्यताको प्रवर्द्धन हुन्छ । प्रारम्भिक बालविकास शिक्षा, आधारभूत तथा माध्यामिक तहको शिक्षाको जिम्मेबारी र अधिकार समेतलाई ध्यानमा राखेर स्थानीय तहमा समेत शिक्षालाई व्यवहारिक, जीवनोपयोगी, वैज्ञानिक तथा रोजगार उन्मुख गुणस्तरीय तथा समयानकुल एवम् स्थानीय तहको कला, संस्कृति, परम्परागत ज्ञान, सीप, स्थानीय प्रविधि लागायतलाई एकिकृत गरी कुशे गाउँपालिकाको शैक्षिक क्षेत्रको सुधार गर्न कुशे गाउँपालिकाले तय गरेको शिक्षा, स्वास्थ्य, सम्पदा, प्रविधियुक्त कृषि र पुर्वाधार : सामाजिक सद्भाव सम्मानित श्रम कुशे समृद्धिको आधारको सोच पुरा गर्न पनि शिक्षाका लागि "शैक्षिक समुन्नतिको बलियो आधार : समतामुलक, सर्वसुलभ, प्रविधियुक्त, र गुणस्तरीयता सहितको व्यवहारिक, रोजगारमुलक र प्रतिष्पर्धी शैक्षिक पुर्वाधार" भन्ने दिर्घकालिन लक्ष्य हाँसिल गरी व्यवहारिक ज्ञान सहितको दक्ष जनशक्ति उत्पादनमा जोड दिनका लागि गाउँपालिकाले संघिय र प्रदेश सरकारले निर्माण गरेका शिक्षा योजनामा तादम्यता मिलाउने गरी यस गाउँपालिकाको आवश्यकता र अवस्था अनुसार आवधिक शिक्षा योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने आवश्यक्ता महसुस  गरेको छ ।

## ख)  शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

नेपालको सविधान २०७२ ले स्थानीय तहलाई माध्यमिक तह सम्मको शिक्षाको एकल अधिकार प्रदान गरेको अवस्थामा स्थानीय तहहरुले संविधानले प्रदान गरेको अधिकार कार्यान्वयन गरिरहेको सन्दर्भमा शैक्षिक योजना निर्माण र कार्यान्वयन गरि सहि दिशामा शैक्षिक गतिविधिहरु बढाउन नितान्त आवश्यक छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद (३) ले स्थानीय तहलाई शिक्षाका २३ वटा अधिकार क्षेत्रहरु प्रदान गरेको र उक्त अधिकार क्षेत्रहरुको प्रभावकारी कार्यान्वयन मार्फत शिक्षा क्षेत्रमा निर्धारण गरिएका लक्ष्य तथा उद्धेश्यहरु पुरा हुने हुँदा उक्त अधिकार क्षेत्र भित्र रहेर यस गाउँपालिकाले यहाँको अवस्था, श्रोत र आवश्यक्ताका आधारमा शिक्षा योजना निर्माण गरि कार्यान्वयन

गर्ने जमर्को गरेको छ । कुशे गाउँपालिकाको शैक्षिक सुधारको लागि नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, १६ औं राष्ट्रिय योजना तथा कुशे गाउँपालिकको आवधिक योजना तथा नीति र कार्यक्रमहरु लगायतको मार्गदर्शनका आधारमा संघिय सरकारले तथा प्रदेश सरकारले समेत परिकल्पना गरेको लक्ष्य उद्देश्य प्राप्तिमा मद्धत गर्न र गाउँपालिकाको शैक्षिक सुधारका लागि मार्गदर्शनको प्राप्त गर्न शिक्षा योजना निर्माणको आवश्यकता देखिएको हो नेपाल सरकार शिक्षा तथा मानव स्रोत विकास केन्द्रले निर्माण गरी कार्यान्वयनमा रहेको १० वर्षे शिक्षा क्षेत्र योजनालाई स्थानीयकरण गरी स्थानीय आवश्यक्ता र अवस्थाका आधारमा शैक्षिक योजना निर्माण र कार्यान्वयन गर्न नितान्त आवश्यक महशुस गरी कुशे गाउँपालिकाले २०८१ देखि २०९० सम्मको १० वर्षे शिक्षा योजना निर्माण गरेको छ ।

ग) शिक्षा योजना निर्माणका आधारहरु

नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा व्यवस्था गरेको र सोही बमोजिम निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५, बालबालिका सम्बन्धि ऐन, २०७५, राष्ट्रिय शिक्षा नीति, २०७६ ले संवैधानिक मान्यतामा आधारित भई शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन गरेको छ ।यसै मार्गदर्शनका आधारमा पनि कुशे गाउँपालिकाले शिक्षा योजना निर्माण र परिमार्जन गरेको छ ।नेपालमा संघीय स्वरुपको ब्यवस्थामा सबै तहका सरकार बीचको आपसी समन्वय र सहकार्यबाट राज्यले परिलक्षित गरेका उद्धेश्यहरु प्राप्त गर्न सकिने भएकाले सबै तहबाट संविधानले तोकेको अधिकार बमोजिमको जिम्मेबारी निर्वाह गर्नुपर्ने देखिन्छ । राज्यले तय गरेका शिक्षाका लक्ष्य, उद्देश्य प्राप्त गर्नका लागि विभिन्न योजनाहरु कार्यान्वयनमा आएका छन् । राष्ट्रिय दीर्घकालिन सोच, राष्ट्रिय शिक्षा नीति र राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, सामुदायिक विद्यालय सबलीकरण दशक (२०७६–२०८५) का लागि सम्बोधन गर्नुपर्ने विषयहरु, १५ वर्षे दिगो विकास लक्ष्य, पन्ध्रौ आवधिक योजना, शिक्षा क्षेत्रको नयाँ शिक्षा योजना (२०७८–२०८७) लगायत शिक्षा क्षेत्रका विभिन्न योजनाहरुका लक्ष्य, उद्देश्य तथा गन्तव्यलाई मध्यनजर गर्दै संविधानको अनुसूची ८ अनुसार स्थानीय सरकारलाई उपलब्ध भएका अधिकार क्षेत्र भित्र रहेर राष्ट्रिय ध्यय, लक्ष्य, उद्धेश्य, र प्रतिवद्धतालाई आधार मानेर स्थानीय आवश्यक्ता र परिवेश अनुसार शिक्षा क्षेत्रको विकास गर्नु आवश्यक रहेको छ । नेपालको दिर्घकालिन ध्यय अनुसार सन् २०४३ सम्म समृद्ध नेपाल सुखी नेपालीकोको अभिप्राय, दीगो विकास लक्ष्य अनुसार सन २०३० सम्ममा नेपाललाई मध्यम आय भएको देशको रुपमा पुर्याउन सबैका लागि समावेशी तथा समतामुलक तवरले जिवन प्रयन्त सिकाइका अबसरहरु सिर्जना गरि गुणस्तरीय शिक्षा कायम गर्नु लगायतका दीर्घकालिन लक्ष्य हाँसिल गर्न कुशे गाउँपालिकाले आफ्नो भुमिका प्रभावकारी रुपमा निभाउन आवश्यक देखिन्छ ।

घ) शिक्षा योजना निर्माणको प्रक्रिया

कुशे गाउँपलिकाले शिक्षा योजना निर्माणका लागि आवश्यक्ता महसुस गरी शिक्षा योजना निर्माणका लागि नीतिगत ब्यवस्था मार्फत सामाजिक विकास समितिका संयोजक श्री शिवराज गिरीको संयोजकत्वमा शिक्षा योजना निर्माण कार्यदल गठन गरेको साथै लेखनका लागि विभिन्न विज्ञ शिक्षक र सरोकारवालाहरु रहने गरी लेखन उपसमिति पनि निर्माण गरेको हो । लेखन उपसमितिहरुले विभिन्न सरोकारवालाहरु संगको समन्वयमा तथ्याङ्क संकलन, सल्लाह तथा सुझाव संकलन, छलफल गरी प्रारम्भिक लेखन गरियो । प्रारम्भिक लेखन पश्चात योजना लेखन कार्यदलले सबै संकलन गरी योजनाको मस्यौदा निर्माण गरेको र तत पश्चात मस्यौदा माथि सरोकारवालाहरुको सल्लाह सुझाव प्राप्त गरी अन्तिमिकरण गरियो । उक्त योजनामा बाह्य बिज्ञ मार्फत लेखाजोखा गरी थप सल्लाह सुझाव प्राप्त गरी योजनामा समेटेर कुशे गाउँपालिकाको गाउँ कार्यपालिकाले स्वीकृत गरि कार्यान्वयन गर्ने प्रक्रिया पुरा गरेको छ ।

## परिच्छेद १ : परिचय

### १.१ वर्तमान अवस्था

#### क) परिचय तथा भौगोलिक अवस्थिति

कुशे गाउँपालिका जाजरकोट जिल्लाको करिव करिव उत्तरी भागमा रहेको गाउँपालिका हो । नेपालको संघीय शासन प्रणाली अर्न्तगत राज्य पुनरसंरचनामा स्थानीय तहको नयाँ सिमांकन गर्दा यो गाउँपालिका साविकका ४ वटा गाविसहरु टोलगाउँ,अर्छानी, ठिमे र पैक तथा पजारु गाविसका १ र २ नं वार्डहरु रुपान्तरण भई स्थापना भएको हो । यो गाउँपालिका जातिगत तथा सांस्कृतिक रुपमा विशिष्टता र विविधता बोकेको गाउँपालिका हो । यो गाउँपालिकामा मुख्य रुपमा ठकुरी र त्यसपछि क्रमश क्षेत्री, कामी, वाहुन, दमाई,मगर,सार्की,सन्यासी,घर्ती,वादी र गुरुङ जातीको वसोवास रहेको छ । स्थानीय जीवनशैली, परम्परागत संस्कृति, प्राकृतिक स्रोत-साधन, पर्यटनको प्रचुर संभावना, जल तथा जडिबुटीको पर्याप्तता कुशे गाउँपालिकाको प्रमुख विशेषता हो । भौगोलिक हिसावले यो गाउँपालिका जाजरकोट जिल्लाका ७ वटा स्थानीय तह मध्ये तेश्रो सानो गाउँपालिका हो । यो गाउँपलिकाले जिल्लाको कुल क्षेत्रफल २२२३.३५ वर्ग किलोमिटर मध्ये २७३.९७ अर्थात १२% भुभाग ओगटेकोछ । यातायातको हिसावले भर्खर मात्र यो गाउँपालिकामा मौसमी यातायात संचालन हुने गरी वाटो निर्माण कार्य भइ रहेकोछ । पानीको प्रशस्त श्रोत भएपनि उपयोग हुन नसकेर त्यसै खेर गइरहेको छ । संघिय र प्रादेशिक सरकार भन्दा जनताको नजिक रहेर बस्तु तथा सेवा प्रवाह गरिरहेको कुशे गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमि १४ औं शताब्दीतिर अस्तित्वमा आएको जाजरकोट राज्यका संस्थापक महाराज जक्तिसिंह ले शाके १३०० संवत् १४५५ को आसपासमा जाजरकोट राज्यको स्थापना गरेका थिए । जाजरकोटमा स-साना दर्जनौ राज्यहरु थिए भन्ने कुरा समेत केही इतिहासकारहरुले उल्लेख गरेको पाइन्छ । जगतीसिंहका सन्तानहरु बृद्धिहुदै गएपछि अंशवन्डाको स्वरुप राज्यको विभाजन भई त्यसका मातहतमा सरु, वारेकोटे, दार्मकोट, जहारी, साकिया, भिउस र खगेनकोट राज्यहरुको अस्तित्व पछिसम्म कायम रहेको पाइन्छ ।

पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरिसके पनि जाजरकोटलाई हमला नगरी छुट्टै राज्यको रुपमा मान्यता दिएको र राज्य रजौटा ऐन २०१७ अनुसार जाजरकोटी राजाको अस्तित्व कायम रहेको कुरा अभिलेखहरुमा उल्लेख भएको पाइन्छ । जाजरकोटी राजालाई जीवनभर जेष्ठानुक्रमले पुरुष सन्तान दरसन्तान पर्यन्त राजा उपाधि कायम रहने कुरा उल्लेख छ । जाजरकोटका अन्तिम राजा प्रकाश बिक्रम शाहको २०६० सालमा

मृत्यु भएपछि उनका सन्तानहरु बिच आ-आफ्नो पक्षबाट उपाधी दाबी भैरहेको अवस्थामा २०६३ सालपछि लोकतन्त्रको बहालीसँगै यो प्रसंग खारेज भएको छ (जाजरकोट परिचय, २०६९ बाट साभार) ।

कुशे गाउँपालिकाको नामकरण २०६३ सालको जनआन्दोलन पछि देशमा आएको राजनैतिक परिवर्तन तथा देश संघीय लोकतान्त्रीक गणतन्त्रमा गईसकेपछि गरिएको हो । समुन्द्रि सतहवाट १ हजार ७५ मिटर उचाईवाट सुरु भएको कुशे गाउँपालिका अन्तरगत पर्ने कुशेपाटन ४ हजार ३ सय ८८ मिटर उचाईमा रहेको छ । उक्त पाटन यो गाउँपालिकामा पर्ने सरुगार र चैया खोला दुई ठुला जलाधारको उत्तरी भागमा पर्दछ ।महत्वपुर्ण वहुमुल्य प्रजातीका जडीवुटी, वहुमुल्य रत्नपत्थरहरु पाईने कुशे पाटनको फेदीमा बिश्वको दुर्लभ वन्यजन्तु रेडपाण्डा (हाब्रे) को बास स्थान रहेकोछ । जाजरकोट जिल्लाकै सामरिक महत्व राख्ने कुशे पाटनको नामवाट गाउँपालिकाको नाम पनि कुशे गाउँपालिका राखिएको हो ।

कुशे गाउँपालिका जाजरकोट जिल्लाको १२% भु भाग ओगटेको गाउँपालिको हो । यसले यो जिल्लको कुल २२२३.३५ वर्ग किलोमिटर मध्ये २७३.९७ वर्ग किलोमिटर क्षेत्र ओगटेकोछ । यो गाउँपालिका मुख्य रुपमा दक्षिण पुर्वि मोहोडा फर्काएर उत्तर पश्चिम तर्फ फैलिएको छ । यो गाउँपालिकाको पुर्वमा बारेकोट गाउँपालिका र नालगाड नगरपालिका पर्दछ । पश्चिममा जुनिचाँदे गाउँपालिका र छेडागाड नगरपालिका पर्दछ ।त्यस्तै उत्तर तर्फ जुम्ला जिल्लाको गुठीचौर गाउँपालिका पर्दछ र जाजरकोटकै वारेकोट गाउँपालिका पर्दछ भने दक्षिण तर्फ जाजरकोट जिल्लाकै नलगाड, भेरी र छेडागाड नगरपालिका पर्दछन । यो गाउँपालिका जुम्ला जिल्ला र जाजरकोट जिल्लाकै ५ वटा स्थानीय तहसंग जोडिएकोछ ।

ख) जनसाङ्ख्यि संरचना

नेपालको राष्ट्रिय जनगणना २०७८ को जनगणना अनुसार कुशे गाउँपालिकाको जनसंख्या जम्मा २३०५८ रहेको छ जसमा महिलाको जनसंख्या ११५५५ (५०.११%) र पुरुषको जनसंख्या ११५०३ (४९.८९%) रहेको छ । लैङ्गिक समता सुचक १.००५ रहेको छ । यस गाउँपालिकामा जनघनत्व ८४ जना प्रति बर्ग किलोमिटर रहेको छ । कुशे गाउँपालिकामा कूल परिवारहरु ४४०१ र कूल साक्षरता दर ७५.५% रहेको छ । यसमा महिला साक्षरता दर ७०.१% र पुरुष साक्षरता दर-७९ .0% रहेको छ ।

यस गाउँपालिकाको वडागत रुपमा जनसंख्या तथा विस्तृत विवरण निम्नानुसार रहेको छ ।

| वडा नं | घर परिवार संख्या | जनसंख्या | | | औषत परिवार संख्या | महिला पुरुष अनुपात | जनघनत्व | क्षेत्रफल |
|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | | | | |
| १ | ३४५ | ९२४ | ९५७ | १८८१ | ५.४५ | ०.९७ | १२१.९८ | १५.४२ |
| २ | ५३२ | १४६८ | १४५५ | २९२३ | ५.४९ | १.०१ | ११०.३ | २६.५ |
| ३ | ४०३ | १०४५ | १०१० | २०५५ | ५.१ | १.०३ | ६८.०७ | ३०.१९ |
| ४ | ३६९ | ९१६ | ९११ | १८२७ | ४.९५ | १.०१ | १४०.४३ | १३.०१ |
| ५ | ८०३ | १९६७ | २००६ | ३९७३ | ४.९५ | ०.९८ | १०६.४ | ३७.३४ |
| ६ | ४७७ | १२६४ | १२९३ | २५५७ | ५.३६ | ०.९८ | १३०.१३ | १९.६५ |
| ७ | ४५७ | १२३८ | ११८६ | २४२४ | ५.३ | १.०४ | ९५.३२ | २५.४३ |
| ८ | ५७६ | १५५३ | १५१९ | ३०७२ | ५.३३ | १.०२ | ३५.८८ | ८५.६३ |
| ९ | ४३९ | ११८० | ११६६ | २३४६ | ५.३४ | १.०१ | ११२.७९ | २०.८ |
| जम्मा | ४४०१ | ११५५५ | ११५०३ | २३०५८ | ५.२४ | १.००५ | ८४.१६ | २७३.९७ |

श्रोतः राष्ट्रिय जनगणना २०७८

जनसंख्याका आधारमा सवैभन्दा ठुलो वडा नं ५ हो भने सवैभन्दा सानो वाडा नं १ हो तर भूगोलका आधारमा हेर्दा वडा नं ८ सवैभन्दा ठूलो  र वडा नं ४ सवै भन्दा सानो वडा हो ।कुल ९ वटा वडा मध्ये वडा नं १, ५ र ६ मा महिलाको भन्दा पुरुषको जनसंख्या बढी रहेको छ भने वाँकी सवै वडाहरुमा महिलाको जनसंख्या वढी रहेको छ ।

कुशे गाउँपालिकाको उमेरगत विवरण- राष्ट्रिय जनगणना २०७८ अनुसार

| उमेर समुह | पुरुक्ष | महिला | जम्मा |
|---|---|---|---|
| ६५ भन्दा माथि | ४३१ | ४४४ | ८७५ |
| ६०-६४ | २६४ | २६४ | ५२८ |
| ५५-५९ | ३६३ | ३१९ | ६८२ |

| | | | |
|---|---|---|---|
| ५०-५४ | ४७४ | ४३३ | ९०७ |
| ४५-४९ | ४९९ | ४८० | ९७९ |
| ४०-४४ | ५०१ | ५६८ | १०६९ |
| ३५-३९ | ५४० | ६२२ | ११६२ |
| ३०-३४ | ६१३ | ६६० | १२७३ |
| २५-२९ | ७११ | ७१७ | १४२८ |
| २०-२४ | १०९७ | ११५८ | २२५५ |
| १५-१९ | १४३५ | १४८२ | २९१७ |
| १०-१४ | १६७८ | १६३७ | ३३१५ |
| ०५-०९ | १५२५ | १४३४ | २९५९ |
| ००-०४ | १३७२ | १३३७ | २७०९ |
| जम्मा | ११५०३ | ११५५५ | २३०५८ |

**अपाङ्गता भएकाको विवरण**

यस पालिकामा अपाङ्गताको विवरण- २०७८ अनुसार अपाङ्गता भएका जनसंख्याको प्रतिशत- ४.७% जसमा अपाङ्गता भएका महिलाहरुको प्रतिशत- ४.०% र अपाङ्गता भएका पुरुषहरुको प्रतिशत- ५.४ % रहेको छ । शिक्षा शाखाको तथ्याङ्क अनुसार यस गाउँपालिकामा भएका कुल अपाङ्गतामा सबैभन्दा बढी शारिरिक अपाङ्गता ६० प्रतिशत, न्यूनदृष्टि ८.७ प्रतिशत, नेत्रविहिन ५.२ प्रतिशत र बहिरा ५.२ प्रतिशत रहेका छन । समग्र रुपमा हेर्दा यस पालिकामा इमिस २०८० अनुसार जम्मा ५९ जना अपाङ्गता भएका बालबालिकाहरु भर्ना भएका छन । जसमा २५ जना छात्रा र ४४ जना छात्र रहेका छन ।

**अपाङ्गताका आधारमा जनसंख्या विवरण**

| क्रस | विवरण | पुरुष | महिला | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | शारिरिक अपाङ्गता | ३९१ | २६१ | ६५२ | |
| २ | न्युन दृष्टि | ४६ | ४९ | ९५ | |
| ३ | दृष्टि विहिन | २८ | २८ | ५६ | |
| ४ | बहिरोपन | २७ | १४ | ४१ | |
| ५ | मनोसामाजिक अपाङ्गता | १० | ८ | १८ | |
| ६ | न्युन श्रवण शक्ति | ३६ | २६ | ६२ | |
| ७ | बहिरोपन एवम दृष्टि विहिन | ७ | ९ | १६ | |
| ८ | मानसिक मनोसामाजिक | ३६ | २६ | ६२ | |
| ९ | बौद्धिक अपाङ्गता | ८ | ५ | १३ | |
| १० | अनुवंसीय रक्त श्राव (हेमोफेलिया) | ५ | २ | ७ | |
| ११ | अटिजम | १ | २ | ३ | |
| १२ | बहु अपाङ्गता | ३१ | ३१ | ६२ | |
| | जम्मा | ६२६ | ४६१ | १०८७ | |

श्रोतः राष्ट्रिय जनगणना २०७८

## कुशे गाउँपालिकाको उमेरगत जनसंख्या विवरण

| उमेर | २०७८ | | | २०८० | | | २०८१ | | | २०८२ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बर्ष | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला |
| 0 | ४३६ | २१२ | २२४ | ४५१ | २१९ | २३२ | ४५६ | २२२ | २३४ | ४६१ | २२४ | २३७ |
| १ | ५३२ | २८७ | २४५ | ५५० | २९७ | २५३ | ५५७ | ३०० | २५६ | ५६३ | ३०४ | २५९ |
| २ | ५६४ | ३०० | २६४ | ५८३ | ३१० | २७३ | ५९० | ३१४ | २७६ | ५९७ | ३१७ | २७९ |
| ३ | ६१३ | ३०० | ३१३ | ६३४ | ३१० | ३२४ | ६४१ | ३१४ | ३२७ | ६४९ | ३१७ | ३३१ |
| ४ | ५६४ | २७३ | २९१ | ५८३ | २८२ | ३०१ | ५९० | २८६ | ३०४ | ५९७ | २८९ | ३०८ |
| ५ | ६०५ | ३१२ | २९३ | ६२६ | ३२३ | ३०३ | ६३३ | ३२६ | ३०७ | ६४० | ३३० | ३१० |
| ६ | ५४७ | २८५ | २६२ | ५६६ | २९५ | २७१ | ५७२ | २९८ | २७४ | ५७९ | ३०२ | २७७ |
| ७ | ५४३ | २६३ | २८० | ५६२ | २७२ | २९० | ५६८ | २७५ | २९३ | ५७५ | २७८ | २९६ |
| ८ | ६९५ | ३७१ | ३२४ | ७१९ | ३८४ | ३३५ | ७२७ | ३८८ | ३३९ | ७३५ | ३९३ | ३४३ |
| ९ | ५६९ | २९४ | २७५ | ५८९ | ३०४ | २८४ | ५९५ | ३०८ | २८८ | ६०२ | ३११ | २९१ |
| १० | ६७६ | ३३२ | ३४४ | ६९९ | ३४३ | ३५६ | ७०७ | ३४७ | ३६० | ७१५ | ३५१ | ३६४ |
| ११ | ५५० | २५५ | २९५ | ५६९ | २६४ | ३०५ | ५७५ | २६७ | ३०९ | ५८२ | २७० | ३१२ |
| १२ | ७५९ | ४१७ | ३४२ | ७८५ | ४३१ | ३५४ | ७९४ | ४३६ | ३५८ | ८०३ | ४४१ | ३६२ |
| १३ | ६९१ | ३४२ | ३४९ | ७१५ | ३५४ | ३६१ | ७२३ | ३५८ | ३६५ | ७३१ | ३६२ | ३६९ |
| १४ | ६३९ | ३३२ | ३०७ | ६६१ | ३४३ | ३१८ | ६६९ | ३४७ | ३२१ | ६७६ | ३५१ | ३२५ |
| १५ | ६६० | ३३८ | ३२२ | ६८३ | ३५० | ३३३ | ६९० | ३५४ | ३३७ | ६९८ | ३५८ | ३४१ |
| १६ | ६३७ | २९४ | ३४३ | ६५९ | ३०४ | ३५५ | ६६६ | ३०८ | ३५९ | ६७४ | ३११ | ३६३ |
| १७ | ४८९ | २५४ | २३५ | ५०६ | २६३ | २४३ | ५१२ | २६६ | २४६ | ५१७ | २६९ | २४९ |
| १८ | ७१६ | ३४७ | ३६९ | ७४१ | ३५९ | ३८२ | ७४९ | ३६३ | ३८६ | ७५८ | ३६७ | ३९० |

श्रोत राष्ट्रिय जनगणना २०७८ र शिक्षा तथा मानव श्रोत विकास केन्द्र प्रक्षेपण

## जातीय आधारमा  जनसंख्या विवरण

| क्र स | जातजाती | कुशे गाउँपालिकाका वार्डहरु | | | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एक | दुई | तीन | चार | पाँच | छ | सात | आठ | नौ | | |
| १ | ठकुरी | ३३१ | १७८४ | १६९ | ७६६ | १२९९ | ११८४ | ९१६ | ७२८ | २५३ | ७४२९ | ३२.२% |
| २ | क्षेत्री | ९३७ | ० | ३५८ | १६४ | १४१८ | ८७४ | ३९ | १५६७ | ९१० | ६२६७ | २७.२% |
| ३ | कामी | १८९ | ६०९ | १५८ | ३६७ | ६५७ | ३१४ | ६०७ | ४९ | ४०६ | ३३५६ | १४.६% |
| ४ | बाहुन | १४७ | २९९ | ५८३ | ४८८ | १८ | ७ | ११ | ९३ | २१८ | १८६५ | ८.१% |
| ५ | दमाई | ८३ | १४२ | ३२९ | ४३ | ३०७ | ९४ | ११३ | २४३ | १४१ | १४९५ | ६.५% |
| ६ | मगर | ० | ७८ | ४३७ | ० | ६ | ८३ | २८५ | ३६६ | ० | १२५५ | ५.४% |
| ७ | सार्की | १३५ | १२ | २० | ० | १४२ | ० | २६० | ० | १८६ | ७५४ | ३.३% |
| ८ | सन्यासी | ० | ० | ० | ० | ० | ० | ५ | ० | २३३ | २३७ | १.०% |
| ९ | घर्ती | ० | ० | ० | ० | ० | ० | १६४ | २५ | ० | १९० | ०.८% |
| १० | वादी | ५९ | ० | ० | ० | १२६ | ० | ० | ० | ० | १८४ | ०.८% |
| ११ | गुरुङ | ० | ० | ० | ० | ० | ० | २४ | ० | ० | २४ | ०.१% |
| | जम्मा | १८८१ | २९२३ | २०५५ | १८२७ | ३९७३ | २५५७ | २४२४ | ३०७२ | २३४६ | २३०५८ | १००% |

श्रोतः राष्ट्रिय जनगणना २०७८ र वस्तुगत विवरण २०७४

ग) सामाजिक तथा सांस्कृतिक अवस्था

यस गाउँपालिकामा विभिन्न जातजातिहरुको संयुक्त वसोवास रहेकोछ। मुख्यतया  ठकुरी, क्षेत्री, कामी, बाहुन, दमाई, मगर, सार्की, सन्यासी, र घर्ती, वादी, गुरुङ आदि जातिहरु संयुक्त रुपमा मिलेर बसेको पाइन्छ। यस गाउँपालिकामा रहेका बासिन्दाहरुले मान्ने मुख्य धर्म  हिन्दु हो भने केहि रुपमा बौद्ध र क्रिश्चियन धर्मालम्बीहरुको पनि बसोबास रहेकोछ। यहाँका बासिन्दाहरुले मुख्यतया हिन्दु धर्मालम्बीहरुले मान्ने दशैं, तिहार, मेला, जात्रा, पाठपूजा, विवाह, वर्तवन्ध आदिजस्ता चाडपर्वहरु मनाइ, भेटघाट गरी, रमाइलो गर्ने प्रचलन रहेकोछ। आपसमा भातप्रेम सहित यहाँका बासिन्दाहरुले सुख-दुःखमा एकले अर्कोलाई नगद, जिन्सी समान उपहार दिएर सक्दो सहयोग गर्ने विशेषता रहेकोछ। यहाँको रितिथिति भाषाभेष ज्ञान, सिप र प्रविधि आफ्नैखाले, मौलिकखालको रहेकोछ। दशै, तिहार, तीज, रामनवमी, शिवरात्री, माघे संक्रान्ति, कुशेऔंसी, बौद्धपुर्णीमा आदि जस्ता चाडपर्वहरु मनाउने गरिन्छ ।

घ) आर्थिक अवस्था

यस गाउँपालिकाको प्रमुख आर्थिक श्रोत भनेको कृषि हो ।यहाँको कुल जनसंख्याको करिव ४४ प्रतिशत र विद्यार्थी तथा वालवालिका वाहेकको जनसंख्याको करीव ७० प्रतिशत जनसंख्या कृषि पेशमा आवद्ध रहेका छन । यसका अलावा ज्याला मजदुरी,नोकरी,व्यपार व्यवसाय,उद्योग बैदेशिक रोजगारी जस्ता विषयहरुमा समेत यहाका नागरिक हरुको आवद्धता रहेकोछ ।

यहाँका ८ प्रतिशत भन्दा वढी जनसंख्या पूर्ण वेरोजगार रहेको देखिन्छ भने वैदेशिक रोजगारीका कारण युवाहरु गाउँमा नभएपछि उनीहरुका साना वच्चा वच्ची पढाउने जिम्मेवारी वहन गर्न श्रीमतीहरु जिल्ला सदरमुकाम वा अन्य सुगम क्षेत्रहरु सुर्खेत तथा नेपालगञ्ज काठमाडौ तिर डेरा गरिवस्ने देखिएको हुनाले गर्दा ग्रामिण क्षेत्रको वसोवास झन कठिन वन्दै जाने देखिन्छ

ङ) शैक्षिक अवस्था

कुशे गाउँपालिकाको कुल साक्षारता दर ७४.५ प्रतिशत रहेको छ । लौङ्गिक आधारमा हेर्दा यहाँको महिला साक्षरता दर ७०.१% र पुरुष साक्षरता दर ७९% रहेकोछ । हाल यो गाउँपालिकामा कुल ५५ वटा सामुदायिक विद्यालयहरु रहेकाछन भने ६९ वटा सामुदायिक प्रारम्भिक बालविकास र ३ वटा सामुदायिक सिकाइ केन्द्रहरु संचालित रहेकाछन । उल्लिखत विद्यालयहरुको विवरण देहाएको तालिकामा प्रस्तुत गरिएको छ ।

| क.सं. | विवरण | संख्या | सामुदायिक | संस्थागत |
|---|---|---|---|---|
| १ | विद्यालय संख्या | ५५ | ५५ | ० |
| २ | प्रारम्भिक बालविकास र शिक्षा केन्द्र | ६९ | ६९ | ० |
| ३ | कक्षा १–३ सम्मका विद्यालय | ८ | ८ | ० |
| ४ | कक्षा १ –५ सम्मा मात्रका विद्यालय | ३० | ३० | ० |
| ५ | कक्षा १–८ सम्मका मात्र विद्यालय | ४ | ४ | ० |
| ६ | कक्षा १–१० सम्मका मात्र विद्यालय | ६ | ६ | ० |
| ७ | कक्षा १–१२ सम्मका विद्यालय | ५ | ५ | ० |
| ८ | कक्षा ६–१२ सम्मका विद्यालय | २ | २ | ० |
| ९ | प्राविधिक धारका विद्यालय | १ | १ | ० |
| १० | सामुदायिक सिकाइ केन्द्र | ३ | ३ | ० |

**श्रोत EMIS २०८१**

## सामुदायिक विद्यालयमा शिक्षक संख्या

यस पालिकामा बालविकास केन्द्रमा ६९ जना, आधारभूत तह ५ सम्ममा जम्मा १६७ जना, आधारभूत तह ६ देखि ८ सम्ममा जम्मा ६३ जना, मावि तह ९ र १० मा जम्मा २६ जना तथा मावि तह ११ र १२ मा जम्मा १२ जना साथै प्राविधिक धारमा ६जना प्रशिक्षक रहेका छन ।

दरबन्दिको हिसाबमा पालिकामा आधारभूत तह ५ सम्ममा जम्मा ७८ जना, आधारभूत तह ६ देखि ८ सम्ममा जम्मा १८ जना, मावि तह ९ र १० मा जम्मा ६ जना तथा मावि तह ११ र १२ मा जम्मा ४ जना दरबन्दि कायम रहेको र अन्य पालिका अनुदान र शिक्षण सहयोग अनुदानको रुपमा रहेको छ । शिक्षक विवरण निम्नानुसार रहेको छ ।

| तह | जम्मा दरबन्दि | जम्मा शिक्षक | महिला | पुरुष | गाउँपालिका अनुदान | संघिय अनुदान | राहत | स्थायी | करार |
|---|---|---|---|---|---|---|---|---|---|
| प्रारम्भिक बालविकास र शिक्षा | ६९ | ६९ | ६९ | ० | २३ | ० | ० | ० | ४६ |
| आधारभुत तहक कक्षा १ -५ आधारभुत | ७८ | १६७ | | | ३६ | | ५३ | ७३ | ५ |
| तह कक्षा ६ देखि ८ | १८ | ६३ | | | २८ | | १७ | १८ | ० |
| माध्यमिक तह कक्षा ९ र १० | ६ | २६ | | | १० | | १० | ५ | १ |
| माध्यमिक तह कक्षा ११ र १२ | ४ | १२ | | | ० | | ८ | | ४ |
| विद्यालय कर्मचारी | | | | | लेखा | सहयोगी | जम्मा | | |
| लेखा तथा कार्यालय सहयोगी | | | | | १४ | ५८ | | संघिय | |
| अपरेटर | | | | | १३ अपरेटर | १३ | | गाउँपालिका अनुदान | |

श्रोतः शिक्षा युवा तथा खेलकुद शाखा

**विद्यार्थी संख्या**

कुशे गाउँपालिका भित्रका विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको संख्या निम्न बमोजिम रहेको छ।

| क्रसं | विद्यालयको किसिम | विद्यालयमा अध्यनरत विद्यार्थी विवरण | | |
|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा |
| १ | सामुदायिक | ४६०७ | ४६७३ | ९२८० |

तहगत रुपमा यस गाउँपालिकामा शैक्षिक सत्र २०८१ मा विद्यालय भर्ना भएका विद्यार्थी निम्नानुसार रहेका छन । (**श्रोत EMIS २०८१**)

| तह | शैक्षिक सत्र २०८१ इमिस बाट | | |
|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा |
| प्रारम्भिक बालविकास तह | ५६६ | ६०९ | ११७५ |
| आधारभूत तह कक्षा (१ – ५) | १८१८ | १७९९ | ३६१७ |
| आधारभूत तह कक्षा (६ – ८) | ९८१ | १००९ | १९९० |
| माध्यामिक तह (९ – १०) | ७७८ | ७८८ | १५६६ |
| माध्यामिक तह (११ – १२) | ४६४ | ४६८ | ९३२ |
| जम्मा | ४६०७ | ४६७३ | ९२८० |

जातिगत रुपमा विद्यार्थी संख्या

| तह | दलित | | | जनजाती | | |
|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| प्रारम्भिक बालविकास तह | १४७ | १८० | ३२७ | ५९ | ६४ | १२३ |
| कक्षा (१ – ५) | ५६४ | ४८६ | १०५० | १३० | १५२ | २८२ |
| आधारभूत तह कक्षा(६ – ८) | २७१ | ३०१ | ५७२ | ७९ | ८२ | १६१ |
| माध्यामिक तह (९ – १०) | २०६ | २१४ | ४२० | ६१ | ५२ | ११३ |
| माध्यामिक तह (११ – १२) | १०१ | १०४ | २०५ | ५० | ५० | १०० |
| प्राविधिक धार | १२८९ | १२८५ | २५७४ | ३७९ | ४०० | ७७९ |

**श्रोत EMIS २०८१**

बिभिन्न सुचक र अवस्था

| तह | शिक्षक बिधार्थि अनुपात | लैङ्गिक समता सुचक | कुल भर्ना दर | खुद भर्ना दर |
|---|---|---|---|---|
| प्रारम्भिक बालविकास तह | १:१७ | ०.९३ | ८९.४ | ७४.६ |
| आधारभूत तह कक्षा १ – ५) | १:२२ | १.०१ | १३२.६ | ९५.७ |
| आधारभूत तह कक्षा (६ – ८) | १:३२ | ०.९७ | ११७.९ | ९५.६ |
| कक्षा (१ – ८) | १:२४ | ०.९९ | १२७ | ९५.७ |
| माध्यामिक तह (९ – १०) | १:६० | ०.९९ | १२८.३ | ६८.७ |
| माध्यामिक तह (११ – १२) | १:७८ | ०.९९ | १०२.५ | ५३.७ |
| माध्यामिक तह (०९ – १२) | १:६६ | ०.९९ | ११५.१ | ६१ |
| | | | इमिस २०८०।८१ | |

कक्षागत रुपमा विद्यार्थीहरुले प्राप्त गरेको प्राप्त ग्रेड (नतिजा) (इमिस २०८१)

| कक्षा | प्राप्त ग्रेड (नतिजा) २०८० |
|---|---|
| १ | २..२५ |
| २ | २..३१ |
| ३ | २..२२ |
| ४ | २..३४ |
| ५ | २..४३ |
| ६ | १..९३ |
| ७ | २..१२ |
| ८ | २..७६ |
| ९ | १..६९ |
| सबै कक्षाको औषत ग्रेड | २..२३ |

## कक्षा उतिर्ण, कक्षा छोड्ने र दोहोराउने दर

श्रोत : शिक्षा तथा मानव श्रोत विकास केन्द्र २०८०

| तह | कक्षा उतिर्ण प्रतिशत | कक्षा देहेराउने (प्रतिशत) | कक्षा छाड्ने दर (प्रतिशत) |
|---|---|---|---|
| आधारभूत तह कक्षा (१ – ५) | ७३.७ | १५.७ | ५.५ |
| आधारभूत तह कक्षा (६ – ८) | ८४.२ | ४.३ | ४.४ |
| माध्यामिक तह (९ – १०) | ९३.३ | ०.५ | २.५ |
| माध्यामिक तह (११ – १२) | ९३.६ | ०.१ | १.२ |

यस गाउँपालिकाको कक्षा १ मा हुने कुल प्रवेश दर जम्मा ११२.६ र खुद प्रवेश दर ९६.० प्रतिशत रहेको छ । यस गाउँपालिकाको कक्षा ८ सम्मको टिकाउ दर ८८.२ प्रतिशत रहेको छ । समग्रमा कुशे गाउँपालिकाको शेक्षिक अवस्था हाल सुधारोन्मुख देखिएको छ । माध्यामिक तह ९–१२ को पढाइ पुरा गरेपछि धेरै विद्यार्थीले पढाइ छोड्ने गरेका छन् । १२ कक्षाको अध्ययन गरेपछि उच्च शिक्षा पढ्ने विद्यार्थीहरुको दर न्युन रहेको छ । गत शैक्षिक सत्र २०८० को एसइइ परिक्षाको नतिजा समग्रमा औषत भन्दा माथि रहेको छैन । आर्थिक तथा सामाजिक विकासमा पछाडी परेको कर्णाली प्रदेशको पनि दुर्गम जिल्ला जाजरकोटको दुर्गम गाउँपालिका कुशेमा शैक्षिक रुपमा यो अवस्था तुलनात्मक रुपमा राम्रो हो । तथापि पछिल्लो समयमा श्रम गरेर भएपनि आफ्ना वच्चाहरुलाई सहरमा राखेर पढाउने प्रचलनले गर्दा यहाँ पनि विद्यार्थीहरु घट्दै जाने देखिन्छ ।गत शैक्षिक सत्रको एस इ इ को नतिजा निम्नानुसार हेको छ ।

एस इ इ को नतिजा २०८०

| | |
|---|---|
| 3.6- <४ | १५ |
| ३.२ - < ३.६० | १६६ |
| २.८० - < ३.२० | ११८२ |
| २.४० - < २.८० | १०७९ |
| २.२० - < २.४० | ८० |
| १.६० - <२.२० | ७ |
| N.G. | २०४३ |
| उतिर्ण | ४५७२ |
| | २५२९ |

### १.२ मुख्य समस्या तथा चुनौतीहरु

#### क) समस्याहरु तथा चुनौतीहरु

यस कुशे गाउँपालिकामा अरु क्षेत्रहरुमा भएका विविध समस्याहरु झैं शिक्षा क्षेत्रमा पनि विविध समस्या र चुनौतिहरु जकेडी रहेका छन। ती केही मुख्य समस्याहरु तपसिल बमोजिम रहेका छन्।

- गाउँपालिकाको शिक्षा समिति, वडा शिक्षा समिति, शिक्षा शाखा लगायतको क्षमता विकास तथा परिचालनमा उल्लेख्य रुपमा कार्य गर्न पर्ने आवश्यक्ता देखिन्छ ।
- शैक्षिक उपलब्धि न्युन हुनु, विद्यार्थीहरुको सिकाइ निरन्तरता दर र उपस्थिति दरमा कमी हनु साथै कक्षा छोड्ने दर उच्च रहनु।
- शिक्षक दरवन्दी प्रभावकारी नहुनु, विषयगत शिक्षकहरुको कमी हुनु, संगीत, सुचना प्रविधि शिक्षक र खेल शिक्षकको अभाव हुनु।
- भौगोलिक विकटताका कारण विशेष गरी आधारभुत तहको माथिल्लो कक्षा देखि माध्यमिक तह सम्म नै धेरै जसो विद्यार्थीहरुले विद्यालयमा पुग्न धेरै समय हिड्नु पर्ने र कुनै कुनै विद्यालयमा त दिनमा औषत ३ घण्टा यात्रा गर्नु परेको देखिन्छ ।
- विद्यालय नक्सांकनको आधारमा समायोजन गर्न तथा भौगोलिक विकटता र अन्य अवस्थाको मुल्याङ्कन गरेर विद्यालय पुनःसंरचना तथा स्थापना गर्न नसकिएको ।
- अधिकांश विद्यालयमा ICT लगायत भौतिक पूर्वाधार विकास र व्यवस्थापन गर्न नसकिएको ।
- विपद तथा महामारीको समयमा अध्यापनलाई निरन्तरता दिन
- आवासीय विद्यालयहरु संचालन तथा व्यवस्थापन गर्न ।
- प्राविधिक शिक्षा विस्तार र व्यवस्थापन प्रभावकारी हुन नसकेको ।
- बिभिन्न तहमा शिक्षक विद्यार्थी अनुपात औषतमा राम्रो भएता पनि कक्षागत तथा विद्यालयगत रुपमा शिक्षक न्यून हुन ।
- शैक्षिक संस्थाहरुमा शैक्षिक सामग्रीहरु न्यून हुनु तथा कक्षाकोठाको शैक्षिक वातावरण प्रभावकारी बनाउन नसक्नु ।
- सबै विद्यालयहरुमा विज्ञान र अन्य प्रयोगशाला तथा पुस्तकालयको व्यवस्थापन हुन नसक्नु तथा व्यवस्थापन भएका विद्यालयहरुमा पनि प्रभावकारी रुपमा प्रयोग हुन नसक्नु।

- विद्यालयका भौतिक संरचनाहरु बालमैत्री तथा अपांगमैत्री सुविधायुक्त कक्षाकोठा, शौचालयको सुविधा, व्यवस्थित स्वच्छ खानेपानी, सुरक्षित खेलमैदान र व्यवस्थित घेरावारको उचित प्रवन्ध नहुनु तथा जाजरकोट भुकम्प पश्चात संरचनागत क्षति हुनु ।
- सिकाइको पहिलो जग प्रारम्भिक बाल विकास र शिक्षाका लागि संञ्चालनमा रहेका केन्द्रहरुको प्रभावकारी सुधार नहुनु तथा शिक्षक क्षमता विकास तथा सिकाइ सामग्री र मैत्रीपुर्ण न्यूनतम मापदण्डहरु पुरा नभएको ।
- विद्यालयमा समुदाय तथा अभिभावकको संलग्नतामा कमी हुनु तथा शिक्षामा समुदायको सहभागिता र सहयोग न्यून हुनु ।
- विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ लगायतका विभिन्न शैक्षिक संस्थाहरुको क्षमता विकासमा कमी हुनु साथै जवाफदेहिता र जिम्मेबारीपनमा कमी हुनु ।
- वैकल्पिक सिकाइ प्रणालीको विस्तारमा कमी हुनु तथा सामुदायिक सिकाइ केन्द्रहरु उद्देश्य अनुरुप सञ्चालन हुन नसक्नु।
- विद्यालयको शैक्षिक अभिलेख व्यवस्थापन पाटो कमजोर हुनु।
- माध्यमिक तथा उच्च शिक्षा उत्पादनमुखि, अनुसन्धानमूलक र व्यवहारिक हुन नसक्नु तथा व्यवस्थापकिय कौशलतामा कमी हुनु।
- शिक्षक पेशागत सहयोग र क्षमता विकास साथै सिकाइ आदान प्रदानका कार्यक्रमहरु न्यून हुनुका साथै शैक्षिक अनुगमन तथा मुल्याङ्कनका कार्यहरु प्रभावकारी र स्तरीकृत नहुनु।
- विद्यालयहरुमा मापदण्ड बमोजिमको न्यूनतम र सुरक्षित भौतिक संरचनाहरुको विकास समान तवरले हुन नसक्नु र यसको प्रभावकारी ब्यवस्थापन गर्न नसक्नु पनि समस्याको रुपमा देखिन्छ ।
- गाउँपालिकाको विभिन्न शैक्षिक ऐन र नियमहरु, योजनाहरु, कार्यविधीहरुको निर्माण तथा कार्यान्वयन प्रभावकारी रुपमा हुन नसक्नु ।
- विद्यालयमा सुशासनका लागि आवश्यक आर्थिक पारदर्शिता, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, लेखा परीक्षण, विद्यार्थी अभिभाबक भेला जस्ता कार्यहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसक्नु ।

- विद्यालयले निर्माण गर्ने विद्यालय सुधार योजना सहभागितामुलक नहुनु र सोही अनुसार कार्यान्वयन गर्न नसक्नु,
- सुचना प्रविधिको प्रभावकारी उपयोग गर्नुपर्ने अवस्थामा पनि समय सुहाउदो सूचना प्रविधिको व्यवस्थापन र प्रयोग गर्ने गराउने वातावरणको सृजना गर्न नसक्नु,
- पालिकामा र शिक्षामा काम गर्ने आवश्यक्ता अनुसारको जनशक्ति अभाव हुनु ।
- विद्यालयमा अतिरिक्त क्रियाकलापहरु जस्तै खेलकुद मनोरञ्जन तथा सृजनात्मक क्रियाकलापका लागि न्यूनतम सामाग्रीहरु उपलब्ध नहुनु र विद्यालयले पनि यस्ता क्रियाकलापहरु प्रभावकारी रुपमा लागु गर्न नसक्नु,
- नियमित स्वास्थ्य परीक्षणको अभाव, अपाङ्गतामैत्री संरचना नहुनु, पोषण तथा दिवा खाजा व्यवस्थापन प्रभावकारी बनाउन नसक्नु, अभिभावक शिक्षामा कमी , हरित विद्यालय अवधारणा लागु नहुनु जस्ता समस्याहरु रहेका छन ।
- तुलनात्मक रूपमा भौतिक पूर्वाधार भएपनि गुणस्तरीय सिकाइका लागि आवश्यक प्रविधिमैत्री भौतिक पूर्वाधारको अभाव हुनु, विज्ञान प्रयोगशाला नहुनु, बालबालिका मैत्री पूर्वाधार नहुनु,
- प्राविधिक शिक्षालयको अभावका कारण प्राविधिक शिक्षा विकास चुनौतीको रूपमा रहेको छ ।
- पालिका भित्रका विद्यालयमा विद्यालय छाड्ने दरमा अपेक्षित सुधार नहुनु, दलित तथा न्यून आय भएका परिवारका बालबालिकाहरूको भर्नादरमा कम हुनु, विद्यालयहरू आर्थिक रूपले सबल हुन नसक्नु, विषयगत शिक्षक दरबन्दि कम हुनु, शिक्षामा राजनीतिकरण हुनु, शिक्षण पेशाप्रति प्रतिवद्धताको कमी, आधुनिक प्रविधिको प्रयोग नहुनु जस्ता समस्याहरू विद्यमान छन्।
- शिक्षाको गुणस्तर सुधारका लागि विषयगत दरबन्दि मिलान, विद्यालय समायोजन, पाठयोजना सहितको शिक्षणमा जोड, स्थानीय पाठ्यक्रमको निर्माण तथा प्रयोग र प्रविधिमैत्री शिक्षण सिकाइमा जोड दिन नसक्नु,
- शारीरिक, मानसिक तथा संम्वेगात्मक रूपमा समस्यामा परेका बालबालिकाहरूका लागि विद्यालय पहुँच सहज नहुनु, बालमैत्री वातावरणको अभावमा पठनपाठन सञ्चालन हुनु ।
- सार्वजनिक विद्यालयहरूलाई आत्मनिर्भर बनाउन आवश्यक योजना, बजेट, कार्यक्रम र सवल नेतृत्व क्षमताको अभाव हुन तथा प्रोत्साहन र प्रेरणा तथा हौसलाका कार्यक्रमहरु न्यून हुनु ।

ख) अवसरहरु

- स्थानीय तहले संविधानले प्रदान गरेका अधिकार अनुसार आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क हुनु तथा माध्यमिक तहको शिक्षा निःशुल्क हुनु साथै माध्यमिक तह सम्मको शिक्षा स्थानीय सरकारको एकल अधिकार क्षेत्रको रुपमा रहनु र यस गाउँपालिकाले पनि उक्त व्यवस्थाको कार्यान्वयन गरिरहनु अवसरको रुपमा रहेको छ ।
- शिक्षामा पहुँच बढाउन दिवा खाजा, अपाङ्गता भएकाहरुको लागि अपाङ्गता अनुसारको छात्रवृतिको व्यवस्था हुनु, छात्रा छात्रवृति, शहीद परिवार,विपन्न एवम जेहन्दार विद्यार्थीलाई छात्रवृतिको व्यवस्था, लैगिंकमैत्री तथा अपाङ्गतामैत्री शौचालयको व्यवस्था गर्ने जस्ता कार्यक्रमहरु सञ्चालन हुनु पनि अवसरको रुपमा रहेको छ ।
- कार्यरत शिक्षकहरुमा तालिम प्राप्त र शैक्षिक योग्यता पुगेका शिक्षकहरुको संख्या शत प्रतिशत नै रहनु पनि अवसरको रुपमा रहेको छ।
- गाउँपालिकाले गाउँपालिका अनुदान मार्फत शिक्षक व्यवस्थापन तथा प्रारम्भिक बालविकास शिक्षकहरुको संख्या थप गराएको ।
- सबै विद्यालयहरुमा भौतिक पुर्वाधारहरुको व्यवस्थापन भएको साथै शौचालय तथा खानेपानी लगायतका सुविधाको पहुँच करिब शत प्रतिशत विद्यालयमा पुगेको ।
- हाम्रो कुशे हाम्रो खुशी विषयक स्थानीय विषयको पाठ्यक्रम निर्माण गरी २०८० सालबाट कार्यान्वयनमा आएको साथै कक्षा १-५ सम्मको पाठ्यपुस्तकको समेत निर्माण भै कार्यान्वयनमा रहेको ।
- सबै विद्यालयहरुमा बालक्लव, वि.व्य.स. र शि.अ.संघ गठन भएको र उनीहरुको बैठकहरु सञ्चालन भएको।
- सबै विद्यालयहरुमा विद्यालय सुधार योजना निर्माण भैं नियमित रुपमा अद्यावधिक भएको साथै नियमित लेखा परिक्षण र सामाजिक परिक्षणका कार्यहरु भएको।
- बालबालिकाहरुलाई समयअनुसार जुकाको औषधि र किशोरीहरुलाई स्यानटरी प्याड तथा आइरन चक्की वितरण भैरहेको।

- स्थानीय सरकारको अभ्यास गरेसँगै शिक्षाले व्यावहारिक, जीवनउपयोगी, सीपमूलक, प्रतिस्पर्धी र समसामयिक चुनौतीको सामना गर्नसक्ने जनशक्ति उत्पादन गर्नका लागि संवैधानिक अधिकार क्षेत्रभित्र रही विभिन्न नीतिगत र आर्थिक कार्यक्रमको व्यवस्था गर्न सक्ने अधिकार नेपालको संविधान २०७२ ले गरेको छ ।
- गाउँपालिकामा हाल एक वटा कुशे मा. वि.मा कृषि विज्ञान कार्यक्रम सञ्चालन भएको र अन्य विद्यालयहरुमा विस्तारका सम्भावनाहरु भएको ।
- शिक्षकहरुले विभिन्न किसिमका तालिमहरु हाँसिल गरेको ।

# परिच्छेद २ : दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ शिक्षा योजना निर्माणका आधारहरु

नेपालको संविधान, २०७२ ले स्थानीय तहलाई माध्यमिक तह सम्मको शिक्षाको एकल अधिकार प्रदान गरेको छ । नेपालको संविधान, २०७२ को धारा ३१ बमोजिम प्रत्येक नेपाली नागरिकलाई आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्न आधारभूत तहसम्मको शिक्षामा अनिवार्य तथा निःशूल्क र माध्यमिक तहको शिक्षा निःशुल्क पाउने हकको व्यवस्था गरेको छ। यसका साथै अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निःशूल्क उच्च शिक्षा पाउने हक र दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धि अपाङ्ता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानून बमोजिम निशुल्क शिक्षा पाउने साथै नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र संचालन गर्ने समेतको हकको ब्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले पनि प्रारम्भिक वाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुल्ला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धि नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने अधिकार प्रदान गरेको छ । सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन र नियमन, मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन र नियमन, गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन, स्थानीय तहका शिक्षा समिति गठन र व्यवस्थापन, विद्यालय व्यवस्थापन समिति गठन तथा विद्यालयको नामाकरण, सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन, विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण जस्ता विभिन्न शैक्षिक अधिकारहरु प्रदान गरेको छ । यसर्थ स्थानीय तहलाई प्राप्त अधिकार तथा राष्ट्रिय शिक्षा नीति २०७६, अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७, दिगो विकास लक्ष्य, १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना, कुशे गाउँपालिकाको ५ वर्षे आवधिक योजना, कुशे गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रमहरु तथा विगतका शैक्षिक प्रयास र अनुभव लगायतका आधारमा कुशे गाउँपालिकाले आवधिक गाउँ शिक्षा योजना निर्माण गरी कार्यान्वयन गर्ने प्रयास गरेको छ ।

## २.२ दूरदृष्टि

"प्रतिष्पर्धि र सक्षम जनशक्ति निर्माण तथा प्रविधियुक्त शैक्षिक पूर्वाधार, जिवनोपयोगि शिक्षा समृद्ध कुशेको आधार"

## २.३ लक्ष्य

समतामुलक पहुँच सहितको जीवनोपयोगि गुणस्तरिय शैक्षिक पूर्वाधार तथा प्रविधिमैत्री शिक्षाको माध्यमले सक्षम र प्रतिष्पर्धी जनशक्ति निमार्ण गरी गाउँपालिकाको शैक्षिक समृद्धिको सुनिश्चतता गर्ने ।

## २.४ उद्देश्य

शैक्षिक योजनाको प्रभावकारी कार्यान्वयनको माध्यमबाट समता सहितको जीवनोपयोगि र प्रविधिमैत्री गुणस्तरिय शिक्षा सुनिश्चित गरी प्रतिष्पर्धि र सक्षम जनशक्ति निर्माण गर्नु यस शिक्षा योजनाको प्रमुख उद्धेश्य रहेको छ भने अन्य उद्धेश्यहरु निम्नानुसार रहेका छन ।

क) कुशे गाउँपालिकामा भएका सबै बालबालिकालाई विद्यालय शिक्षामा गुणस्तरिय सर्वसुलभ र समतामुलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।

ख) सबै बालबालिकाहरूलाई गुणस्तरिय प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत तथा माध्यमिक शिक्षामा सान्दर्भिकता र गुणस्तरमा सुधार गर्दै विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, अपाङ्तामैत्री, समावेशी र सुरक्षित बनाउनु ।

ग) प्राविधिक तथा व्यावसायिक शिक्षा मार्फत सिप विकासमा पहुँच अभिवृद्धि गरी स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसर सृजना गर्न संयन्त्र विकास गर्ने र प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसरहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरिय बनाउनु ।

घ) पाठ्यक्रम र पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरुको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा जीवनोपयोगी तथा व्यवहारिक ज्ञान, सिप र अभिबृत्तिको विकास गरी सक्षम, सृजनशील र प्रतिस्पर्धी नागरिक तयार बनाउनु ।

ङ) गुणस्तरिय शिक्षाका लागि योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकको व्यवस्था सुनिश्चित गर्नु ।

च) सूचना तथा सञ्चार प्रविधिको उच्चतम प्रयोग मार्फत विद्यार्थीको सिकाइ सुधार तथा शिक्षा व्यवस्थापनमा सुधार गरी गुणस्तरिय शिक्षाको प्रबर्द्धन गर्नु यसको लागि प्रविधिमैत्री पुस्तकालयको स्थापना र व्यवस्थापन, कम्प्यूटर ल्यावको स्थापना र व्यवस्थापन गर्नु ।

छ) विपद्को अवस्थामा बालबालिकाको शिक्षालाई निरन्तरता दिई उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासमा सहयोग पुर्याउनु ।

ज) विद्यालय स्वास्थ्य, सरसफाइ, स्वच्छ र सुरक्षित वातावरणका लागि अत्यावश्यक न्यूनतम पूर्वाधार विकास गरी सुरक्षित वातावरण निर्माण गर्नु तथा स्थानीय कृषि उत्पादनमा आधारित स्वस्थकर तथा पौष्टिक दिवा खाजाको व्यवस्था सुनिश्चित गर्नु ।

झ) शिक्षालाई समावेशी, जीवनोपयोगी, व्यावहारिक, प्रविधिमैत्री र गुणस्तरिय बनाइ बालबालिकाको सिकाइलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिष्पर्धी बनाउनु,

शैक्षिक पूर्वाधारहरू आधुनिक, समावेशी, पर्यावरण अनुकुल, सुरक्षित र प्रविधिमैत्री बनाउनु र गुणस्तरिय शिक्षाका लागि योग्य, दक्ष र विषयगत शिक्षकको व्यवस्थापन गर्नु ।

ट) नविनतम प्रविधिको प्रयोग गरि शिक्षण सिकाइलाई जिवनपयोगी बनाउनु र व्यवहारिक र प्रयेगात्मक शिक्षाको प्रवन्ध मिलाउनु ।

ठ) शिक्षक पेशागत सहयोग प्रर्णालीको विकास तथा प्रभावकारी कार्यान्वयन गरी दक्ष र क्षमतावान विषयगत रुपमा नै तालिम प्राप्त शिक्षकको व्यवस्था गर्नु तथा सिकाइ आदानप्रदानको ब्यवस्थापन गर्नु र शिक्षक प्रोत्साहन र उत्प्रेरणाका कार्यहरु गर्नु।

ड) गाउँपालिकाको शैक्षिक गुणस्तर अभिवृद्धि गर्दै श्रम र सीप सहितको दक्ष शैक्षिक जनशक्ति उत्पादन गर्नु,

ढ) शैक्षिक संस्थाको संस्थागत क्षमता विकास र पैरवी तथा परिचालन गरी शैक्षिक ब्यवस्थापनमा सुशासन, जवाफदेहिता र उत्तरदायित्वमा सुधार गर्नु ।

ण) सामुदायिक सिकाइ केन्द्रहरुको क्षमता विकास र व्यवस्थापन तथा परिचालन गरी अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसरहरुलाई प्रभावकारी रुपमा विस्तार गर्नु ।

त) प्रारम्भिक बालविकास शिक्षा देखि माध्यमिक तह सम्ममा नै सिकाइ क्रियाकलाप सञ्चालनको लागि न्युनतम मापदण्डहरु पुरा गरी सहज बालमैत्री, अपाङ्गतामैत्री, नविनतम प्रविधिमैत्री र हरेक तरह ले मैत्रीपुर्ण सिकाइ वातावरणको स्थापनामा गर्नु ।

थ) शिक्षामा परिवार तथा समुदायको सहभागिता अभिबृद्धि गर्न तथा अभिभावक शिक्षा तथा सचेतना अभिवृद्धि जस्ता क्रियाकलाप मार्फत अभिभावकको क्षमता विकास गर्नु ।

द) विद्यालय अनुगमन तथा सुपरिवेक्षणको क्षेत्रलाई प्रभावकारी बनाई निरन्तर अनुगमन, सकरात्मक पृष्ठपोषण तथा मुल्याङ्कनमा जोड दिनु ।

ध) तहगत रुपमा एक वडा एक नमुना विद्यालयको अवधारणा ल्याई कार्यान्वयन गर्नु।

न) शिक्षकहरुलाई पेशाप्रति जवाफदेहि र उत्तरदायी बनाउन विभिन्न नीति बनाउने, शिक्षहरुको कार्यसम्पादन मुल्यांकन गरी उत्कृष्ट कार्य सम्पादन गर्न राम्रोलाई पुरस्कृत र दण्ड नीति अवलम्बन गर्नु साथै शिक्षक ब्यवस्थापन, परिचालन तथा उत्प्रेरित गर्नु ।

प) विद्यालय खेलकुद विकासका लागि खेल प्रशिक्षक र खेलकुद सामग्री लगायतको सहायता मार्फत विद्यालयमा खेल संस्कृतिको प्रवर्द्धन गर्नु ।

## २.५ रणनीतिहरु

कुशे गाउँपालिकाले शिक्षा योजना कार्यान्वयका लागि तय गरिएका उद्धेश्यहरु हाँसिल गर्न तथा शिक्षा योजनाको कार्यान्वयनका लागि तपसिलका रणनीतिहरु अवलम्बन गरिएको छ ।

(क) सबै बालबालिकाको प्रारम्भिक बालविकास र शिक्षामा समतामुलक पहुँच अभिबृद्धिका लागि न्यूनतम मापदण्ड, नर्म्स र ढाँचा अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन कार्यक्रम कार्यान्वयन गर्ने ।

(ख) प्रारम्भिक बालविकास र शिक्षाको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गर्ने साथै विभिन्न कारणले प्रारम्भिक बालविकास र शिक्षाको पहुँच भन्दा बाहिर रहेका बालबालिकाको पहुँच सुनिश्चित गर्ने ।

(ग) कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैह्र सरकारी सङ्घ संस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने

(घ) विद्यालय नक्साङ्कन गर्ने तथा विद्यालयहरूको पुनर्वितरण तथा समायोजन गर्ने साथै आधारभुत तहको शिक्षामा उमेर पुगेका सबै बालबालिकाको समतामुलक पहुँच सुनिश्चित गर्ने ।

(ङ) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निशुल्क माध्यमिक शिक्षाका लागि कानुन तर्जुमा गर्ने र आवश्यक स्रोतको व्यवस्था गर्ने साथै प्रारम्भिक कक्षा पढाइ सम्बन्धि क्रियाकलापहरूको लागि स्रोत व्यवस्थापन र कार्यान्वयन गर्ने ।

(च) प्राविधिक तथा व्यावसायिक शिक्षा र व्यवसायिक सिपमुलक तालिमको मार्फत सक्षम र काम गरी खान सक्ने जनशक्ति तयार गर्ने र यसका लागि व्यापार तथा उद्योग क्षेत्रको सहभागिता बढाउन प्रोत्साहन गर्ने ।

(छ) पिछडिएका भौगोलिक क्षेत्रका महिला, आदिबासी/जनजाती, दलित, अपाङ्गता भएका नागरिक एवम् आर्थिक रूपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गर्ने ।

(ज) स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप प्रदायक संस्थाहरूको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराउने ।

(झ) आधारभुत तहका आधार कक्षाहरुमा मातृभाषामा पठन पाठन गराउन सम्भाव्यता अध्ययन गर्ने साथै विद्यालय समायोजन तथा ग्रेड थप र घटाउने जस्ता कार्य प्रभावकारी गर्ने ।

(ञ) दलित तथा पिछडा वर्गका किशोर किशोरीहरू मध्ये जेहेन्दारहरूको छनौट गरी उच्च शिक्षाका लागि सहयोग गर्ने साथै अपाङ्गता भएका युवा युवति मध्ये जेहेन्दारहरूको छनौट गरी उच्च शिक्षाका लागि भर्ना शुल्कमा अनुदान दिइने साथै अति विपन्न तथा सहयोग आवश्यक भएका बालबालिकाको लागि पेशाक, झोला लगायतका शैक्षिक सामग्री तथा अन्य साधनहरु उपलब्ध गर्ने ।

(ट) विद्यालयको भौतिक, आर्थिक, शैक्षिक तथा मानवीय पक्षको प्रभावकारी ब्यवस्थापन र विकास गर्दै आधारभूत तथा माध्यमिक तहको शिक्षाको गुणस्तर सुधार गर्ने ।

(ठ) गाउँपालिका भित्रका विद्यालयहरुको भौतिक पूर्वाधारको विकासका लागि संघ, प्रदेश सरकारसंग पहल एवंम समन्वय र साझेदारी गर्ने ।

(ड) युवा तथा खेलकुदका कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गर्ने र विद्यालयमा खेल संस्कृतिको विकास र प्रवर्द्धन गर्ने।

(ढ) प्रत्येक वडाहरुमा तहगत रुपमा नमुना विद्यालयको विकास गर्ने ।

(ण) माध्यमिक तहमा आवासिय विद्यालयको ब्यवस्थापन गर्ने।

(त) सामुदायिक सिकाइ केन्द्र मार्फत तथा गाउँपालिका मार्फत सामुदायिक पुस्तकालयको स्थापना गरी पठन संस्कृतिको विकास गर्ने ।

(थ) विद्यालयमा बालबालिकाको सरसफाई तथा पोषणको अवस्था तथा स्वास्थमा सहयोग पुग्नेगरी स्थानीय रुपमा उत्पादित दिवा खाजाको प्रवन्ध गर्नुका साथै स्थानीय स्वास्थ तथा अन्य सम्बन्धित सरकारी तथा गै.स.सहरु सँग सहकार्य गर्दै सरसफाई तथा स्वच्छता शिक्षा विद्यालय मार्फत प्रदान गरिने ।

(द) विद्यालमा स्वस्थकर तथा पोषण र दिवा खाजा कार्यक्रमलाई थप प्रभावकारी बनाउन प्रदेश सरकार, विकास साझेदारहरुसंग सहकार्य गरिनेछ ।

(ध) गाँउपालिका भित्र कार्यरत कर्मचारी तथा विद्यालयका शिक्षकहरूको विद्यालय स्वास्थ्य, पोषण, तथा दिवा खाजा कार्यक्रमलाई सिकारूको सिकाइ उपलब्धिमा आबद्ध गर्न आवश्यक क्षमता विकास गरिनेछ ।

(न) दिवा खाजा तथा पोषण युक्त खानाका सम्बन्धमा अभिभावक सचेतीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

(ऩ) बालबालिका तथा समुदायको खाद्य र स्वास्थ्य तथा पोषण अवस्था र व्यवहार परिवर्तनका लागि पोषण शिक्षा, कक्षा कोठामा आधारित पोषण मैत्री शिक्षण सिकाइका लागि स्थानीय पाठ्यक्रम निर्माण/परिमार्जन लगायतका विषयमा स्थानीय तहको क्षमता विकास गरिनेछ ।

(प) अपाङ्गता भएका तथा सुविधा विहिन बालबालिकाहरुलाई विद्यालयमा भर्ना हुन निरन्तरता दिन र सिकाईमा सहभागी गराई उपलब्धी सुधार गर्ने यसका लागि अपाङ्गता भएका वालवालिका लागि सहजिकरण गर्न तालिम प्राप्त शिक्षकको ब्यवस्थापन, शैक्षिक सामग्री तथा सहायता सामग्रीको व्यवस्थापन गर्ने।

(फ) शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास र परिचालन गर्ने ।

(ब) विद्यालयमा विषयगत शिक्षकको शुनिश्चतताका प्रयत्नहरु गर्नुका साथै शिक्षकको पेशागत विकासमा टेवा पुर्याउने तथा दरवन्दि पुरा गर्ने।

(भ) अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने, विद्यालय शिक्षा छोडेका बेरोजगार युवायुवतिहरूलाई सीपमूलक, जीवनोपयोगि र बजारको माग अनुसारका शैक्षिक कार्यक्रम संचालन गर्ने ।

(म) निरक्षर जनसंख्याको पहिचान गरी सघन साक्षरता कार्यक्रम सञ्चालन गर्न प्रत्येक बस्तीमा आमा समूह, महिला समूह तथा यूवा क्लवलाई परिचालन गरी साक्षरता अभियान सञ्चालन गर्ने ।

(य) विद्यालयको सुचना तथा सञ्चार प्रविधि र प्रणालीमा सुधार गर्दै प्रत्येक विद्यालयमा विधुत सहितको ईन्टरनेटको पहुँच प्रभावकारी बनाउने र उच्चतम प्रयोग गर्ने ।

(र) शैक्षिक संस्थाको गुणस्तर अभिबृद्धिका लागि प्रभावकारी अनुगमन, निरिक्षण मुल्याकन गरी शिक्षकको पेशागत विकास पद्धतिमा सुधार गर्ने ।

(ऱ) कार्यसम्पादनका आधारमा विद्यालयहरुको वर्गीकरण गरी राम्रो अभ्यास गर्ने विद्यालय र शिक्षकलाई प्रोत्साहान र कार्यसम्पादन कमजोर भएका संस्थालाई मुल्यांकन गरी दण्डको नीति अबलम्बन गर्ने ।

(ल) स्थानीय पाठ्यसामग्रीको प्रभावकारी कार्यान्वयन गरी स्थानीय पाठ्यक्रमका आधारमा पाठ्यपुस्तक र सन्दर्भ सामग्रीको विकास र प्रयोग गर्ने साथै परिमार्जन गर्ने ।

( ) शिक्षा युवा तथा खेलकूद शाखाको सवलीकरण र सुदृढिकरण गरी शिक्षासंग सम्बन्धित संरचनालाई दक्षतापूर्ण प्रभावकारी र नतिजामूलक बनाउने ।

( ) संघ र प्रदेशले बनाएका शिक्षाका नीतिसंग नबाझिने गरी पालिकाले शिक्षा सम्बन्धि आवश्यक नीति तथा कानुन निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

(व) विपत् शिक्षाका लागि रणनीति र उपायहरुको अबलम्बन गर्ने ।

(श) विद्यालय खेलकुदका लागि संरचना निर्माण र परिचालन गर्ने तथा स्रोत पहिचान गर्ने ।

२.६ कार्यनीति

(क) विद्यालय तहका सबै बालबालिकाहरुको पुहँचमा सुधारको लागि विद्यालय भर्ना अभियानलाई शैक्षिक सत्रको शुरुमा सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा अध्यक्षले तोकेको वडा सदस्यको संयोजकत्वमा समिति तयार गरी भर्ना अभियानलाई घरदैलो अभियान सहित सञ्चालन गरिनेछ ।

(ख) विद्यालय जान नसक्ने बालबालिकाहरुको भर्ना अभियानबाट पहिचान गरी जोखिममा परेका बालबालिकाको शैक्षिक सहयोगका लागि बालबालिकासँग शैक्षिक सहायता कार्यक्रम लागु गर्ने।

(ग) हरेक वडा सहित पालिकामा विद्यालय बाहिर बालबालिका नभएको घोषणा गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

(घ) प्रारम्भिक बालविकास केन्द्रको सिकाइ सुधारको लागि प्रारम्भिक बाल विकास केन्द्रको पाठ्यक्रम २०७७ लाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ साथै न्यूनतम मापदण्डको प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

(ङ) प्रधानाध्यापकहरु तथा शिक्षकलाई प्रोत्सहानको ब्यवस्था तथा प्रोत्सहान भत्ताको व्यवस्था गरिनेछ साथै उत्कृष्ट कार्य गर्न तहगत शिक्षकलाई पुरस्कृत गरिनेछ ।

(च) प्रारम्भिक कक्षाको सिकाइ सुधारको लागि पढ्नका लागि सिक्ने र सिक्नको लागि पढ्ने धारणालाई थप निरन्तरता दिइनेछ ।

(छ) माध्यमिक तहका विद्यालयका विद्यार्थीहरुलाई एक कार्यविधि तयार गरी निरन्तर सिकाइको लागि परिचालन गरिनेछ र उत्कृष्ठलाई प्रोत्साहन गर्ने ब्यवस्था मिलाईनेछ ।

(ज) विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेशागत सहयोगको लागि पालिका तहमा निश्चित कार्यविधि बनाई लागु गरिनेछ ।

(झ) विद्यालय तहको शिक्षण सिकाइमा सुधारको लागि शैक्षिक सामग्री सहितको शिक्षण, शिक्षकको पेशागत विकास र सहयोगमा प्राथमिकता दिदै सिकाइको लागि मुल्यांकनका साथै पालिका स्तरीय स्तरीकृत परीक्षा तथा परीक्षण लागु गरिनेछ ।

(ञ) सबै विद्यालयमा प्रविधिमैत्रि शिक्षणको लागि चाहिने न्युनत्तम सामग्रीको सहयोग गर्दै प्रविधिमैत्री शिक्षण लागु गरिनेछ ।

(ट) आधारभुत तहमा स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरिनेछ र पाठ्यपुस्तक निर्माण र प्रयोग गरिनेछ ।

(ठ) विद्यालयमा समुदाय तथा परिवारको संलग्नता बढाउनका लागि समुदाय परिचालन र सचेतीकरण कार्यक्रमहरु लागु गरिनेछ ।

(ड) स्थानीय पोषणयुक्त खाजाको लागि क्षमता विकास, अभिभावक सचेतीकरण, स्थानीय उत्पादनमा प्रोत्साहन र प्रवर्द्धन गरिनेछ ।

(ढ) विद्यालय खेलकुदका कार्यक्रम प्रभावकारी गर्न पालिकामा खेल शिक्षकको ब्वस्था साथै सुचना प्रविधिका लागि पनि प्रशिक्षकको व्यवस्था गरिनेछ ।

(ण) विद्यालयको शिक्षण सिकाइ क्रियाकलापहरु सञ्चालनको लागि न्युनतम सिकाइ वातावरणको सुनिश्चत गर्न प्रस्तावनामा आधारित शैक्षिक सुधार कार्यक्रम लागु गरिनेछ ।

(त) निरन्तर सिकाइको लागि सामुदायिक सिकाइ केन्द्रको थप सुदृढिकरण गरी निरन्तर सिकाइ कार्यक्रम सामुदायिक सिकाइ केन्द्रबाट गरिनेछ र सामुदायिक सिकाई केन्द्रलाई समुदाय तहमा जीवनोपयोगि सिप सिकाइका लागि परिचालन गरिनेछ।

(थ) विद्यालय प्रधानाध्यापकको छनोट र नियुक्ति प्रक्रियालाई पारदर्शी, विश्वसनीय बनाइने साथै प्रधानाध्यापकहरुका लागि समयसापेक्ष रुपमा भत्ताको व्यवस्था गरिनेछ ।

(द) विद्यालयको सुशासन, जवाफदेहिता तथा ब्यवस्थापनमा प्रभावकारिता ल्याउन विभिन्न रणनीतिहरु कार्यान्वयनमा ल्याइनेछ । त्यस्ता रणनीतिहरुमा विद्यालयको नेतृत्वको क्षमता विकास कार्यक्रम, विद्यालय आचारसिंहता निर्माण र कार्यान्वयन, कार्यसम्पादन करार सम्झौता गरी पुरस्कार र दण्डको नीति अबलम्बन गरिनेछ ।

(ध) प्रभावकारी रुपमा स्थानीय पोषणयुक्त दिवा खाजाको प्रवन्धका लागि अभिभावक र सरोकारवालाको क्षमता विकास गर्ने, भान्छाका सामग्रीह सहयोग गर्ने, मापदण्डहरु निर्माण र कार्यान्वयन गर्ने तथा सवै सरोकारवालाहरुको संयुक्त अनुगमन र सहायता लिने ।

(न) बाह्य परीक्षकबाट हरेक बर्ष विद्यालयको कार्यसम्पादन मुल्यांकन, सामाजिक परीक्षण, लेखापरीक्षण र कार्यसम्पादन मुल्यांकनको आधारमा विद्यालयमा जाने कार्यक्रम तथा निकासालाई जोड्दै अनिवार्य र प्रभावकारी बनाइने तथा विद्यालयको नियमित मासिक शैक्षिक गतिविधिहरुको जानकारीको प्रतिवेदन मासिक रुपमा सुचना प्रविधि मार्फत लिने प्रबन्ध मिलाइने छ ।

(न) संकटको बेलामा पनि शिक्षणसिकाइ सञ्चालन गर्न पालिका स्तरमा वैकल्पिक सिकाइ सहजीकरणको कार्यक्रम लागि भर्चुअल तथा अडियो भिजुअल तथा अन्य छपाईका मार्फत सिकाइ सहजीकरणको ब्यवस्था मिलाइनेछ ।

(प) अभिभावक तथा समुदाय सचेतिकरणको लागि विद्यालय परिवार तथा माध्यमिक तहका विद्यार्थीहरुलाई परिचालन गरिनेछ ।

(फ) भौतिक पुर्वाधार (भवन, खेलमैदान, घेराबार, स्वच्छ पिउने पानी, शौचालय, फर्निचर आदि) विकास गरिनेछ ।

(ब) बिज्ञ रोष्टर शिक्षकको व्यवस्थापन गरी शिक्षकका पेशागत सहयोगका लागि प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

(भ) विद्यालय नक्साङ्कनका आधारमा विद्यालय स्थापना, समायोजन तथा विस्तार गरिनेछ ।

(म) विद्यालय शिक्षामा पहुँच वृद्धि गर्नका लागि विद्यालय भर्ना तथा स्वागत कार्यक्रम, निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजा, विद्यालय पोसाक, शैक्षिक सामग्री वितरण, अभिभावक शिक्षा आदि जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

(य) प्राविधिक शिक्षालयको विस्तार र स्थापनका लागि अध्ययन अनुसन्धान गरीनेछ । साथै शिक्षा संग सरोकार राख्ने सरोकारवालाहरु संगको समन्वय तथा सहकार्य प्रभावकारी रुपमा बढाईनेछ ।

(र) अनुगमन तथा मुल्याङ्कन प्रणाली चुस्त दुरुस्त बनाइनेछ तथा परिक्षा प्रणालीमा पनि स्तरीकृत गर्दै लगिनेछ ।

२.७ अपेक्षित उपलब्धिहरु

(क) सबै तहका औपचारिक (प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत तथा माध्यमिक तह) र अनौपचारिक शिक्षामा सबै बालबालिकाहरुको समतामुलक पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुनेछ ।

(ख) सबै तहका विद्यालयहरु, प्राविधिक तथा व्यावसायिक शिक्षा लगायतका संस्थाहरूमा पेसागत रूपमा सबै जनशक्ति सक्षम र जिम्मेबार भै कार्यरत रहेको हुने हुनेछन ।

(ग) पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार भएको हुनेछ ।

(घ) सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको हुनेछ र शिक्षक पेशागत सहायता प्रणालीको प्रभावकारी रुपमा सञ्चालन भएको हुनेछ।

(ङ) सबै विद्यालयहरू गुणस्तरी शिक्षा प्रदान गर्न सक्षम भएका हुनेछन र वालवालिकाको न्यूनतम सिकाइ उपलब्धी हाँसिल भएको हुनेछ।

(च) विद्यालय तहको शिक्षामा सबैका लागि समतामूलक पहुँच र समावेशी सहभागिता सहित गुणस्तरिय शिक्षा सुनिश्चित भएको हुनेछ ।

(छ) सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरिय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रबर्द्धन भएको हुनेछ ।

(ज) प्रभावकारी अनुगमन र सुपरिवेक्षणको माध्यमबाट शिक्षा योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त भएको हुनेछ ।

(झ) सबै तहमा विद्यार्थी टिकाउ दर बढेको साथै कक्षा दोहोराउने दर कम भएको हुनेछ । कक्षा उतिर्ण दर पनि बढेको हुनेछ ।

(ञ) सबै तहका विद्यालयले आधारभूत रुपमा न्यूनतम मापदण्ड पुरा गरेर सिकाइ वातावरणमा सुधार गरेका हुनेछन ।

(ट) प्राविधिक शिक्षालयको प्रभावकारी व्यवस्थापन तथा नयाँ स्थापना भै विद्यार्थीहरुले विभिन्न क्षेत्रको व्यवहारिक सीप हाँसिल गरेका हुनेछन । पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता, उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग, र उचित सिकाइ वातावरणको निर्माण भएको हुनेछ ।

(ठ) विद्यालयहरूमा प्रकोप, संकट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील भएको हुनेछ र सिकाइ निर्नतरता भएको हुनेछ।

(ड) बालबालिकाको पोषण, स्वास्थ्य, सुरक्षित खानेपानी, सरसफाइ, तथा अतिरिक्त क्रियाकलाप, खेलकुद जस्ता क्षेत्रमा उल्लेख्य रुपमा सुधार भएको हुनेछ ।

(ढ) विद्यालयका समग्र भौतिक पक्षमहरुमा सुधार भएको तथा सबै पक्षमत सुरक्षित सिकाइ वातावरण सुनिश्चित भएको हुनेछ ।

(ण) शिक्षा योजना कार्यान्वयनमा प्रभावकारी समन्वय, सहकार्य, सहभागिता कायम भै योजनाको प्रभावकारी कार्यान्वयन भएको हुनेछ ।

२.८ शिक्षा योजनाका कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर | स्थानीय | ८९.४ | ९५ | १०० | १०२ |
| | | प्रदेश | ८६.८५ | | | |
| | | राष्ट्रिय | ८६.२ | ८९.५ | ९४.० | ९९.० |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका | स्थानीय | ८५ | ९० | ९५ | १०० |
| | | प्रदेश | ८१.९१ | | | |
| | | राष्ट्रिय | ६८.६ | ७३.० | ८५.० | ९५.0 |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर | स्थानीय | ९६ | ९७ | ९८ | १०० |
| | | प्रदेश | ९५.९५ | | | |
| | | राष्ट्रिय | ९६.९ | ९७.५ | ९९.० | १०० |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर | स्थानीय | ११२.६ | १०८ | १०२ | १०० |
| | | प्रदेश | १२०.९९ | | | |
| | | राष्ट्रिय | १२१.९ | ११५.० | १०७.० | १०५.० |
| २.३ | आधारभूत तह प्राथमिक कक्षा १-५ मा खुद भर्ना दर | स्थानीय | ९५.७ | ९६ | ९७.२ | १०० |
| | | प्रदेश | ९५.८५ | | | |
| | | राष्ट्रिय | ९७.१ | ९९.० | ९९.५ | १०० |
| २.४ | आधारभूत तह प्राथमिक कक्षा १-५ मा कूल भर्ना दर | स्थानीय | १३२.६ | ११५ | १०५ | १०० |
| | | प्रदेश | १२६.३९ | | | |
| | | राष्ट्रिय | ११९.२ | ११५.० | | |
| २.५ | आधारभूत तहको कक्षा १-५ को कक्षा छाड्ने दर | स्थानीय | ५.५ | ३.५ | २ | ० |
| | | प्रदेश | ४ | | | |
| | | राष्ट्रिय | ३.२४ | | | |
| २.६ | आधारभूत तहको कक्षा १-५ को कक्षा दोहोराउने दर दर | स्थानीय | १५.७ | ८ | ३ | ० |
| | | प्रदेश | १२.२५ | | | |
| | | राष्ट्रिय | ८.४९ | | | |
| २.७ | | स्थानीय | ७३.७ | ८१ | ९० | ९५ |
| | | प्रदेश | ७९.१५ | | | |

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|
| | आधारभूत तहको कक्षा १-५ को कक्षा उतिर्ण दर | राष्ट्रिय | ८३.८३ | | | |
| २.८ | आधारभूत तह प्राथमिक कक्षा ५ पूरा गर्ने दर | स्थानीय | | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ |
| २.९ | आधारभूत तहमा प्राथमिक कक्षा १-५ मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका | स्थानीय | | | | २ |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | २२.२ | २०.० | १५.० | १०.० |
| २.१० | आधारभूत तह प्राथमिक कक्षा १-५ कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | स्थानीय | १.०१ | १.० | १.० | १.० |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | १.०६ | | | १.०१ |
| २.११ | आधारभूत तह कक्षा १-८ मा खुद भर्ना दर | स्थानीय | ९५.७ | ९६.८ | ९८ | १०० |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ९३.४ | ९९.० | | १०० |
| २.१२ | आधारभूत तह कक्षा १-८ मा कूल भर्ना दर | स्थानीय | १२७ | ११५ | १०५ | १०० |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ११०.४ | | | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर | स्थानीय | ८८.२ | ९० | ९५ | १०० |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ७९.३ | | | ९५.० |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर | स्थानीय | | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | | | | ९५.० |

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|
| २.१५ | आधारभूत तह कक्षा १–८ कूल भर्ना दरमा लैङ्गिक समता सूचक | स्थानीय | ०.९९ | १.० | १.० | १.० |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | | | | |
| २.१६ | कक्षा १ मा प्राप्त ग्रेड | स्थानीय | २.२५ | २.४५ | २.८५ | ३.१ |
| | कक्षा २ मा प्राप्त ग्रेड | स्थानीय | २.३१ | २.४५ | २.८५ | ३.१ |
| | कक्षा ३ मा प्राप्त ग्रेड | स्थानीय | २.२२ | २.४५ | २.८५ | ३.१ |
| २.१७ | कक्षा ४ मा प्राप्त ग्रेड | स्थानीय | २.३४ | २.४५ | २.८५ | ३.२ |
| | कक्षा ५ मा प्राप्त ग्रेड | स्थानीय | २.४३ | २.५५ | २.९० | ३.२ |
| २.१८ | कक्षा ६ मा प्राप्त ग्रेड | स्थानीय | १.९३ | २.२० | २.६० | ३.२ |
| | कक्षा ७ मा प्राप्त ग्रेड | स्थानीय | २.१२ | २.२० | २.६० | ३.२ |
| | कक्षा ८ मा प्राप्त ग्रेड | स्थानीय | २.७६ | २.९० | ३.१० | ३.३ |
| २.१९ | विद्यालय वाहिर रहेका बालबालिका — आधारभूत (कक्षा १-५) | स्थानीय | | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | २.९ | १.० | ०.५ | ० |
| | विद्यालय वाहिर रहेका बालबालिका — आधारभूत (कक्षा १-८) | स्थानीय | | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ६.६ | | १.० | ० |
| २.२० | आधारभूत तह कक्षा १—८ अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको प्रतिशत | स्थानीय | | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ४७ | ४५.० | ५०.० | ५०.० |
| २.२१ | आधारभूत तह कक्षा ६—८ मा कक्षा छोड्ने दर | स्थानीय | ४.४ | ३.५ | २ | ० |
| | | प्रदेश | ३.०३ | | | |
| | | राष्ट्रिय | २.८ | | | |
| २.२२ | | स्थानीय | ४.३ | ३.२ | २ | ० |
| | | प्रदेश | ६.५६ | | | |

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|
| | आधारभूत तह कक्षा ६—८ मा कक्षा दोहोराउने दर | राष्ट्रिय | ५.१९ | | | |
| २.२३ | आधारभूत तह कक्षा ६—८ मा कक्षा उतिण दर | स्थानीय | ८४.२ | ९० | ९५ | ९७ |
| | | प्रदेश | ८५.८१ | ९० | ९५ | ९८ |
| | | राष्ट्रिय | ८८.२ | | | |
| ३.१ | माध्यमिक तह कक्षा ९—१२ मा कुल भर्ना दर | स्थानीय | ११५.१ | १०८ | १०४ | १०० |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ४७.६ | | ६५.० | |
| ३.२ | माध्यमिक तह कक्षा (९—१२) मा खुद भर्ना दर | स्थानीय | ६१ | ७० | ८० | ९० |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ७१.४ | | | ९९.० |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक कक्षा ९—१२ | स्थानीय | ०.९९ | १.० | १.० | १.० |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | १.०२ | १.०० | १.०० | १.०० |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर | स्थानीय | | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ९७.५ | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर | स्थानीय | | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ६०.३ | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर | स्थानीय | | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | २४.० | | | |
| ३.७ | | स्थानीय | | | | |
| | | प्रदेश | | | | |

| क्र.सं. | सूचक | सूचकहरुको तहको | | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|---|
| | माध्यमिक तह कक्षा ९ —१२ मा कार्यरत महिला शिक्षक प्रतिशत | राष्ट्रिय | | २०.६ | २२.० | २७.० | ३३.० |
| ३.८ | माध्यमिक तह कक्षा ९ —१२ मा अध्ययनरत विद्यार्थी मध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी प्रतिशत | स्थानीय | विज्ञान | | | | |
| | | | प्रा।व्या। | | | | |
| | | प्रदेश | विज्ञान | | | | |
| | | | प्रा।व्या। | | | | |
| | | राष्ट्रिय | विज्ञान | | | १५.० | |
| | | | प्रा।व्या। | १०.० | १७.० | ३०.० | |
| ३.९ | कक्षा ९ मा प्राप्त ग्रेड | स्थानीय | | १.६९ | १.९० | २.३ | २.८ |
| ३.१० | माध्यामिक तह कक्षा ९ —१० मा कक्षा छोड्ने दर | स्थानीय | | २.५ | २ | १ | ० |
| | | प्रदेश | | २.३५ | | | |
| | | राष्ट्रिय | | १.९४ | | | |
| ३.११ | माध्यामिक तह कक्षा ९ —१० मा कक्षा दोहोराउने दर | स्थानीय | | ०.५ | ०.४ | ०.२ | ०.० |
| | | प्रदेश | | २.४७ | | | |
| | | राष्ट्रिय | | २.१८ | | | |
| ३.१२ | माध्यामिक तह कक्षा ९ —१० मा कक्षा उतिण दर | स्थानीय | | ९३.३ | ९५ | ९७ | ९८ |
| | | प्रदेश | | ९१.५२ | | | |
| | | राष्ट्रिय | | ९३.४२ | | | |
| | माध्यामिक तह कक्षा ११ —१२ मा कक्षा छोड्ने दर | स्थानीय | | १.२ | ०.५ | ०.० | ०.० |
| | | प्रदेश | | १.११ | | | |
| | | राष्ट्रिय | | ०.८९ | | | |
| ३.१३ | माध्यामिक तह कक्षा ११ —१२ मा कक्षा दोहोराउने दर | स्थानीय | | ०.१ | ०.० | ०.० | ०.० |
| | | प्रदेश | | २.८ | | | |
| | | राष्ट्रिय | | ०.७८ | | | |
| ३.१४ | | स्थानीय | | ९३.६ | ९५ | ९७ | ९८ |

| क्र.सं. | सूचक | सूचकहरुको तहको | | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|---|
| | माध्यामिक तह कक्षा ११ –१२ मा कक्षा उतिण दर | प्रदेश | | ९१.११ | | | |
| | | राष्ट्रिय | | ९१.२७ | | | |
| ४.१ | साक्षरता दर कुल | स्थानीय | | ७४.५ | ७८ | ८५ | ९५ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ५८.० | | ९५.० | |
| ४.२ | महिला साक्षरता | स्थानीय | | ७०.१ | ७५ | ८० | ९० |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ०.६५ | | | ०.८० |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सीप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय जनशक्ति | स्थानीय | | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ३१.० | ४०.० | ५०.० | ७५.० |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा कक्षा ९ –१२ वा डिप्लोमा वा प्रि(डिप्लोमा वा सो सरह उत्तीर्ण जनशक्ति वार्षिक सङ्ख्या | स्थानीय | छात्रा | | | | |
| | | | छात्र | | | | |
| | | प्रदेश | छात्रा | | | | |
| | | | छात्र | | | | |
| | | राष्ट्रिय | छात्रा | | | | |
| | | | छात्र | | | | |
| ६.१ | आधारभूत तह कक्षा १ –५ मा विद्यार्थीःशिक्षक अनुपात सामुदायिक विद्यालय | स्थानीय | | २२:१ | २२:१ | २४:१ | २६:१ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | २४:१ | | ३०:१ | ३०:१ |
| ६.२ | | स्थानीय | | ३२:१ | | | |

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|
| | आधारभूत तह कक्षा ६—८ मा विद्यार्थी:शिक्षक अनुपात सामुदायिक विद्यालय | प्रदेश | | | | |
| | | राष्ट्रिय | ३०:१ | | ३०:१ | ३०:१ |
| ६.३ | आधारभूत तह कक्षा १—८ मा विद्यार्थी:शिक्षक अनुपात सामुदायिक विद्यालय | स्थानीय | २४:१ | २४:१ | २५:१ | २६:१ |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ३३:१ | ३१:१ | ३०:१ | ३०:१ |
| ६.४ | माध्यमिक तह कक्षा ९—१० मा विद्यार्थी:शिक्षक अनुपात सामुदायिक विद्यालय | स्थानीय | ६०.:१ | ४५:१ | ४०:१ | ३०:१ |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ४:१ | | ३०:१ | ३०:१ |
| ६.५ | माध्यमिक तह कक्षा ९–१२ मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | ६६.:१ | ४५:१ | ४०:१ | ३५:१ |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ४१:१ | ३५:१ | ३०:१ | ३०:१ |
| ७.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट रू हजारमा | स्थानीय | | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | १०.६८ | १५.० | १७.० | २०.० |
| ७.२ | आधारभूत तह कक्षा १–८ मा प्रति विद्यार्थी सरकारी खर्च रू हजारमा | स्थानीय | | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | १८ | २१ | २४ | |
| ७.३ | माध्यमिक तह कक्षा ९–१२ मा प्रति विद्यार्थी सरकारी खर्च रू हजारमा | स्थानीय | | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ११ | १५ | १७ | |

## परिच्छेद ३ : शिक्षाका मुख्य उपक्षेत्रहरु

### ३.१ प्रारम्भिक बालविकास र शिक्षा

#### ३.१.१ वर्तमान अवस्था

राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ अनुसार ४ वर्षको उमेर समुहका भित्रका बालबाललिकालाई एक बर्षको विविध किसिमको बालबालिका लागि मैत्रीपूर्ण मनोरञ्जनात्मक सिकाइ सहजीकरण क्रियाकलापका माध्यमद्वारा बालबालिकाहरूको सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउनुको साथै १ कक्षा प्रवेशका लागि पूर्ण रुपमा तयार पार्नु प्रारम्भिक बालविकास र शिक्षाको प्रमुख उद्देश्य हो प्रारम्भिक बालविकास र शिक्षा तहमा बालबालिकाहरुलाई सिकाइप्रति प्रेरित गर्न र उनीहरुको सर्वाङ्गीण विकास गर्नको लागि शैक्षिक कार्यक्रमहरु कार्यान्वयन गरिएको हुन्छ ।प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रमले बालबालिकाहरुको शारिरीक, मानसिक, संवेगात्मक, सामाजिक र सांस्कृतिक विकासमा सहयोग पुऱ्याउनुका साथै बालबालिकाहरुलाई कक्षा १ मा भर्ना हुनु पूर्व आवश्यक आधारभूत सीप सिकाइका क्षेत्रहरु र विषयगत सीप सिकाइका क्षेत्रहरुको माध्यमबाट विभिन्न ज्ञान, सीप, धारणा र अभिवृत्ति प्राप्त गर्न सहयोग गर्छ । नेपालको अनिवार्य तथा निःशूल्क शिक्षा ऐन २०७५, अनिवार्य तथा निःशूल्क शिक्षा नियमावली २०७७, राष्ट्रिय शिक्षा नीति २०७६ र राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ मा व्यवस्था भए अनुसार प्रारम्भिक बालविकास र शिक्षाका लागि उमेर पुगेका सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास र शिक्षामा पहुँच सुनिश्चित हुनु पर्दछ । प्रारम्भिक बालविकास र शिक्षामा सबै बालबालिकाहरुको पहुँच र गुणस्तर सुनिश्चित गर्नको लागि कुशे गाउँपालिकाको शिक्षा योजनामा प्रारम्भिक बालविकास र शिक्षालाई प्राथमिकताका साथ समावेश गरिएको छ ।

प्रारम्भिक बालविकास र शिक्षाका कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि यस कुशे गाँउपालिकामा जम्मा ६९ ओटा प्रारम्भिक बालविकास र शिक्षा केन्द्रहरु सञ्चालनमा रहेका छन् । प्रारम्भिक बालविकास र शिक्षा केन्द्रहरुमा ५६ वटा विद्यालयमा आधारित र १३ वटा समुदायमा आधारित बालविकास केन्द्रहरु रहेका छन । प्रारम्भिक बालविकास र शिक्षाका केन्द्रहरुमा २३ वटा गाउँपालिका अनुदानमा सञ्चालनमा रहेका छन भने अन्य संघिय अनुदानमा रहेका छन । प्रारम्भिक बालविकास र शिक्षा तहमा कुल ११७५ जना विद्यार्थीहरु भर्ना भएका छन जसमा छात्रा ५६६ जना र छात्र ६०९ जना रहेका छन ।

यस गाउँपालिको सेवा क्षेत्र भित्रका बालवालिकालाई प्रारम्भिक बालविकास र शिक्षाको पहुँचमा पुऱ्याउनको लागि गाउँपालिकाले आफ्नै स्रोतबाट २३ वटा प्रारम्भिक बालविकास केन्द्रको ब्यवस्था

गरेको छ। प्रारम्भिक बालविकास र शिक्षा केन्द्रमा जम्मा ६९ जना प्रारम्भिक बालविकास शिक्षकहरु कार्यरत रहेका छन् । जस मध्ये संघिय अनुदान ४६ जना गाउँपालिका अनुदान २३ जना प्रारम्भिक वालिकास शिक्षक रहेका छन।प्रारम्भिक बालविकास शिक्षकहरु सबैले न्युनतम योग्यता हाँसिल गरेका छन भने विभिन्न् किसिमका तालिम तथा क्षमता विकासका कार्यक्रमहरु प्राप्त गरेका छन । प्रारम्भिक बालविकास र शिक्षाका लागि आवश्यक न्यूनतम आधारभूत तालिम भने सबै शिक्षकहरुले प्राप्त गरेका छैनन्। न्यूनतम आधारभुत तालिम तथा क्षमता विकासको प्याकेजको प्रवन्ध गरी सहजीकरण प्रक्रिया प्रभावकारी बनाउन आवश्यक देखिन्छ ।

प्रारम्भिक बालविकास र शिक्षामा आधार बर्ष २०८१ को तथ्याङ्क हेर्दा कुल भर्नादर ८९.४ प्रतिशत र खुद भर्नादर ७४.६ प्रतिशत मात्र रहेको छ । शिक्षक विद्यार्थी अनुपान १७ः १ रहेको छ भने लैङ्गिक समता सुचक ०.९३ रहेको छ । कुशे गाउँपालिकामा केही प्रारम्भिक बालविकास र शिक्षा केन्द्र बाहेक प्रायजसो प्रारम्भिक बालविकास र शिक्षा केन्द्रहरुले न्यूनतम मापदण्ड पुर गरेको देखिदैन । प्रारम्भिक बालविकास र शिक्षा केन्द्रले पाठ्यक्रमको प्रयोग, सन्दर्भ सामग्रीहरुको प्रयोग तथा पाठ्यक्रम अनुसारको प्रभावकारी सहजिकरण प्रकिया प्रभावकारी रुपमा प्रयोग गरेको देखिदैन ।प्रारम्भिक बालविकास र शिक्षा केन्द्रमा भने अझैपनि कम उमेर समुहका बालबालिकाहरुको भर्ना भएको पाईन्छ ।यसले खूद भर्नादर र कूल भर्नादरलाई प्रत्यक्ष रुपमा असर पारिरहेको छ । अझैं पनि कतिपय स्थानहरुमा प्रारम्भिक बालविकासको लागि भवन, कक्षा कोठा, सिकाइ सामाग्रीहरु, अपाङ्गमैत्री भौतिक संरचना, पहुँचमार्ग, पोषणयूक्त दिवा खाजाको प्रर्याप्ततामा समस्या परिरहेको देखिन्छ ।प्रारम्भिक बालविकासमा कार्यरत सहजकर्ताहरुको समयसापेक्ष पारिश्रमिक र पेसागत सीप विकासका अवसरहरुमा कमि भएको देखिन्छ। सबै विद्यालयलाई प्रति विद्यार्थी रु ५०० को दरले बार्षिक अनुदान दिने प्रदान गरेको छ र यसबाट बालबालिको लागि आवश्यक शैक्षिक सामग्री र सिकाइ सामग्रीको व्यवस्थापन गर्न पर्ने भएता पनि प्रभावकारी कार्य भने भएको छैन। गाउँपालिकाले प्रारम्भिक बालविकास र शिक्षाका शिक्षकहरुलाई संघिय सरकारले थप सुविधा स्थानिय तहले व्यवस्था गर्ने प्रावधान राखेता पनि कार्यान्वयन भने गरेको छैन ।बालबालिकाको सिकाइको जग नै प्रारम्भिक बालविकास र शिक्षा भएकाले प्रारम्भिक बालविकास र शिक्षाका शिक्षकहरुलाई गरिने क्षमता विकास र प्रोत्साहन र हौसलाले नै सिकाइका क्रियाकलाप प्रभावकारी हुने भएकाले गाउँपालिकाले यस विषयमा ध्यान पुर्याउन आवश्यक देखिन्छ । प्रारम्भिक बालबालिकास र शिक्षा केन्द्रलाई हरेक हिसाबमा मैत्रीपुर्ण बनाउन तथा बालबालिकाको सुरक्षित वातावरणमा सिक्ने अवसर प्रदान गर्नका लागि अहम भुमिका निर्वाह गर्नुपर्ने देखिन्छ । बालबालिकाको लागि बालमैत्री खेलकुद र सिकाइ अवसरहरु प्रदान गर्ने र सहजिकारणका

लागि शिक्षक क्षमता विकास र पेशागत सहयोगका अवसरहरु प्रदान गर्ने कार्य प्रभावकारी रुपमा अगाडी बढाउन आवश्यक देखिन्छ । प्रारम्भिक बालविकास र शिक्षाको प्रभावकारी कार्यान्वयनका लागि संस्थागत क्षमता विकास, समुदाय परिचालन, शिक्षक पेशागत सहयोग, प्रविधिमैत्री र सुरक्षित सिकाइ वातावरण निर्माणको क्षेत्रमा कार्य गरी शिक्षक प्रोत्सहान तथा परिचालन लगायतमा ध्यान दिन आवश्यक छ । यसका अलवा बालबालिको स्वास्थ्य चेकजाँच र उनीहरुको शारिरिक मानसिक विकासमा र सरसफाइमा पनि पुर्ण रुपमा ध्यान पुर्याउनका लागि संघ, प्रदेश, स्थानिय सरकार लगाएत सबै सरोकारवालाहरुको सहयोग हुनुपर्ने देखिन्छ । प्रारम्भिक बालविकास र शिक्षाका सबै क्षेत्रको सुधार पश्चात बालविकास केन्द्रहरु नमुना योग्य बनाउनका लागि हरेक वडामा कम्तिमा एक प्रारम्भिक बालविकास र शिक्षा केन्द्र नमुना बनाएर सिकाइ अन्य क्षेत्रमा आदान प्रदान गर्न सकिन्छ ।

### ३.१.२ उद्देश्य

प्रारम्भिक बालविकास र शिक्षा लक्षित सबै बालबालिकाहरुलाई एकिकृत गुणस्तरिय प्रारम्भिक बालविकास र शिक्षाको समतामुलक पहुँच सुनिश्चित गर्न देहाय बमेजिमका उद्धेश्यहरु तय गरिएको छ ।

क) प्रारम्भिक बालविकास र शिक्षाका लागि लक्षित सबै बालबालिकाहरुको समतामुलक र सहभागितामुलक पहुँच गरी सुनिश्चित प्रारम्भिक बालविकास र शिक्षाको अनुभव प्रदान गरी कक्षा १ मा प्रवेशको लागि तयार गर्नु

ख) कुशे गाउँपालिकामा रहेका सबै प्रारम्भिक बालविकास र शिक्षा केन्द्रको न्यूनतम मापदण्ड पुरा गरी सुरक्षित र प्रविधिमैत्री सिकाइ वातावरण निर्माण गर्नु तथा प्रारम्भिक बालविकास र शिक्षा तहको गुणस्तरमा सुधार ल्याउनु।

ग) प्रारम्भिक बालविकास र शिक्षाका लागि प्रारम्भिक बाल विकास शिक्षकहरुको क्षमता विकास, पेशागत सहयोग र प्रोत्साहनमा अभिबृद्धि गर्नु ।

### ३.१.३ रणनीति

प्रारम्भिक बालविकास र शिक्षामा माथि उल्लेखित उद्देश्यहरु पूरा गर्नको लागि कुशे गाउँपालिकाले तपसिल बमोजिमका रणनीतिहरु अवलम्बन गरेको छ।

क) कुशे गाउँपालिका भित्र रहेको भौगोलिक जटिलता र लक्षित समुदायका बालबालिकाहरुका लागि आवश्यक्ताका आधारमा सिकाइ केन्द्र थप गर्ने तथा पुनर्वितरण तथा आवश्यक्ता अनुसार समायोजन गर्ने।

ख) प्रारम्भिक बालविकास र शिक्षामा सबै बालबालिकाहरुको समतामुलक र सहभिगतामुलक सहभागिता सुनिश्चित गर्नको लागि प्रारम्भिक वालविकास केन्द्रहरुको न्यूनतम मापदण्ड पुरा गरी प्रारम्भिक बालविकास शिक्षा सञ्चालन गर्ने । यसका लागि कक्षाकोठाको वातावरण सुधार, शिक्षण सामग्रीको व्यवस्थापन, सुचना प्रविधि तथा खेल सामग्रीहरु उपलब्धता गर्ने ।

ग) प्राम्भिक वालविकास र शिक्षाको शैक्षिक गुणस्तर सुनिश्चित गर्नका लागि कार्यरत शिक्षकको क्षमता विकास, प्रोत्साहन, पाठ्यक्रम प्रवोधिकरण, अभिभावक सचेतिकरण जस्ता विविध कार्यक्रमहरु सञ्चालन तथा कार्यान्वयन गर्ने ।

घ) प्रारम्भिक बालविकास र शिक्षाका शिक्षकहरुको पेशागत दक्षता अभिवृद्धि गर्नका लागी बिभिन्न तालिम तथा गोष्ठी सञ्चालन गर्नुका साथै समय सापेक्ष सेवा सुविधा तथा पारिश्रमिक र प्रोत्साहन बढाउन आवश्यक स्रोतको व्यवस्थापन गर्ने।

ङ) राष्ट्रिय पाठ्यक्रम प्रारुप तथा बालविकास पाठ्यक्रममा आधारित भई प्रारम्भिक बालविकास शिक्षाका लागि न्यूनतम कार्यक्रमहरु सञ्चालन गर्ने ।

च) प्रत्येक बालवालिकालाई प्रारम्भिक बालविकासको अनुभव लिने बातावारण सृजना गर्ने र प्रारम्भिक बालविकासको अनुभव लिएका बालबालिकाई मात्र कक्षा १ मा भर्ना गराउने नीति अवलम्बन गर्ने ।

छ) प्रारम्भिक बालविकास र शिक्षाको प्रभावकारीता वृद्धिको लागि प्रारम्भिक बालविकास र शिक्षामा सहयोग गर्ने सरोकारवाला संघ संस्थाहरु संग प्रभावकारी समन्वय तथा सहकार्य गर्ने ।

ज) प्रारम्भिक बालविकास र शिक्षाका सेवाहरु प्रदान गर्दा प्रविधिमैत्री र सुरक्षित वातावरण तथा हरित विद्यालय वातावरणको अबधारणा अबलम्बन गर्ने । साथै प्रारम्भिक बालविकास र शिक्षामा आबद्ध बालबालिकाको लागि सुरक्षित खेल मैदानको व्यवस्थापन गर्ने ।

झ) एक विद्यालय एक प्रारम्भिक बालविकास अनिवार्य गर्ने र नमुना प्रारम्भिक बालविकास र शिक्षाको अबधारणालाई प्रत्येक बालविकास केन्द्रहरुमा विस्तार गरिनेछ ।

ञ) बालबालिकको सिकाइ र विकासको मुल्याङ्कन पद्धति प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

ट) प्रारम्भिक बालविकास र शिक्षा तहका सबै केन्द्रहरुमा न्यूनतम मापदण्ड पुरा हुने गरी आवश्यक पुर्वाधारहरु निर्माण र सहायता गरी प्रभावकारी व्यवस्थापन गर्ने ।

३.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**प्रमुख उपलब्धिः**

क) ४ बर्ष उमेर पुगेका सबै बालबालिकाहरुलाई समतामुलक, सुरक्षित तथा गुणस्तरिय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ र साथै कक्षा १ मा प्रवेश हुने शत प्रतिशत बालबालिकाहरुले प्रारम्भिक बालविकासको अनुभव प्राप्त गरेका हुनेछन ।

ख) प्रारम्भिक बालविकास र शिक्षाबाट बञ्चित भएका सबै बालबालिकाहरुलाई समावेश गराई उनीहरुको सिकाइ सुनिश्चित भएको हुनेछ ।

ग) गाउँपलिकामा भएका तथा स्थापना हुने शत प्रतिशत प्रारम्भिक बालविकास केन्द्रले न्युनतम मापदण्ड पुरा गरी सुरक्षित सिकाइ वातावरण निर्माण गरेको हुनेछन र सिकाइ वातावरण सुरक्षित र सबै तवरले मैत्रीपुर्ण भएको हुनेछन ।

घ) प्रारम्भिक बालविकास र शिक्षामा प्रविधिमैत्री सिकाइ वातावरण तय भएको हुने र उनीहरुको नियमित मुल्याङ्कन र वृद्धि विकास लगायतको अभिलेख तथा अनुगमन भएको हुनेछ ।

ङ) प्रत्येक वडामा कम्तिमा एक वटा नमुना प्रारम्भिक बालविकास र शिक्षा केन्द्रको व्यवस्थापन भएको हुने ।

**नतिजा तथा परिमाणत्मक लक्ष्य**

| क्र.स. | सूचक | आधार वर्ष २०८१ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकासमा कूल भर्ना संख्या | ११७५ | १२०० | १२२० | १२४० | १२६० | १२८० | १३२० |
| २ | न्युनतम् मापदण्ड पूरा भएक बालविकास केन्द्रको संख्या | ० | ० | ५ | १५ | ३० | ४५ | ६९ |
| ३ | प्रारम्भिक बालविकासमा खुद भर्नादर | ७४.६ | ७५ | ७८ | ८२ | ८५ | ८८ | ९९ |
| ४ | प्रारम्भिक बालविकासमा कुल भर्नादर | ८९.४ | ९० | ९२ | ९५ | ९८ | १०० | १०२ |
| ५. | शिक्षक विद्यार्थी अनुपात | १:१७ | १:१७ | १:१७ | १:१८ | १:१८ | १:१८ | १:१९ |
| ६ | लैङ्गिक समता सुचक | ०.९३ | ०.९४ | ०.९५ | ०.९६ | ०.९७ | ०.९८ | १.०० |

३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकी अवधी | कसले गर्ने ? कहाँ गर्ने ? |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | टिपीडि र वालविकास शिक्षकको क्षमता विकास तालिम आधारभुत तालिम | पटक | | १ | १ | १ | १ | ५ | गाउँपालिकाले पालिका स्तरीय |
| २ | बालबालिकाको स्वास्थ्य परीक्षण र खोप तथा बृद्धि विकास अभिलेखिकरण | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | विद्यालय तथा स्वास्थ्य शाखामार्फ विद्यालयमा |
| ३ | स्थानीय स्तरमा उपलब्ध शैक्षिक तथा खेल सामग्री निर्माणका लागि तालिम तथा प्रयोगात्मक अभ्यास | पटक | | १ | १ | १ | १ | ५ | विद्यालय र पालिका |
| ४ | पाठ्यक्रम प्रवोधिकरण तथा पुनताजकी | पटक | | १ | | १ | | ३ | गाउँपालिकाले पालिका स्तरीय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५. | वालविकास केन्द्रको नक्साङ्कन तथा पुनः वितरण | पटक | | १ | | | १ | १ | गाउँपालिकाले पालिका स्तरीय |
| ६ | अभिभावक शिक्षा र सचेतिकरणकार्यक्रम | पटक | | १ | १ | १ | १ | ५ | गाउँपालिका |
| ७ | बालविकास शिक्षकको उत्प्रेरणा गर्ने तथा पुरस्कृत गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | गाउँपालिकाले |
| ८ | बालविकास केन्द्रहरुमा खेल तथा शैक्षिक सामग्री ब्यवस्थापन | केन्द्र | | ६९ | ६९ | ६९ | ६९ | ६९ | गाउँपालिकाले |
| ९ | बालविकास र केन्द्रहरुमा ६ सिकाइ कर्नरको ब्यवस्थापन | केन्द्र | ० | १० | १० | १० | १० | २९ | गाउँपालिकाले |
| १० | बालविकासका बालबालिलकालाई स्थानीय उत्पादनमा | जना | ११७५ | १२०० | १२२० | १२४० | १२६० | ६५०० | गाउँपालिकाले |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | आधारित खाजाको यबस्थापन | | | | | | | | |
| ११ | बालविकासका शिक्षकहरुलाई प्रोत्साहन | जना | ६९ | ६९ | ६९ | ६९ | ६९ | ६९ | गाउँपालिकाले |
| १२ | सिकाइमैत्री स्मार्ट कक्षाकोठा ब्यवस्थापन | केन्द्र | | १० | १० | १० | १० | २९० | गाउँपालिलकाले |
| १३ | प्रारम्भिक वालविकास का संस्थागत क्षमता विकास | केन्द्र | | ६९ | ६९ | ६९ | ६९ | ६९ | गाउँपालिकाले |
| १४ | नमुना वालविकास केन्द्रको व्यवस्थापन | केन्द्र | | १ | २ | २ | २ | २ | गाउँपालिका |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

नेपालको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६, अनुसार कक्षा १-८ शिक्षालाई आधारभूत तहको शिक्षाको रुपमा परिभाषित गरिएको छ । आधारभुत तह विद्यालय शिक्षाको आधार तह भएको र यस तहको शिक्षा विद्यालय शिक्षाको मुख्य जगको रुपमा रहेको छ । आधारभुत तहमा कक्षा १-३ को शिक्षालाई प्रारम्भिक कक्षाको रुपमा चिनिने र यस तहमा बालबालिकाले पढ्नका लागि सिक्ने तथा सिक्नका लागि पढ्ने सिद्धान्तलाई व्यवहारिक रुपमा कार्यान्वयन गरी माथिल्लो कक्षाको लागि बलियो आधार निर्माणका लागि कार्य गरिन्छ। आधारभुत तहको शिक्षाले बालवालिकाहरुको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन र सामाजिकीकरणको बलियो आधार तय गर्न सहयोग गर्नका साथ साथै बालबालिकाको विभिन्न आधारभुत सीपहरु हाँसिल गर्न मद्धत पुर्याउदछ ।आधारभुत तहको शिक्षा प्रणालीले बालवालिकाहरुको जीवनपर्यन्त सिकाइमा मार्ग प्रशस्त गरी माध्यमिक तह र उच्च शिक्षाका लागि बलियो शैक्षिक जग तयार पार्न मद्धत गर्दछ।

नेपालको संविधान २०७२ तथा अनिवार्य तथा निःशूल्क शिक्षा ऐन २०७५ र अनिवार्य तथा निःशूल्क शिक्षा नियमावली २०७७ मा व्यवस्था भए बमोजिम आधारभुत तह उमेर समूहका सवै बालवालिकहरुलाई अनिवार्य र निशुल्क शिक्षाको पहुँचको हक सुनिश्चित गर्नका लागि स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्र रहेर आधारभुत तहका लागि लक्षित योग्य सबै बालबालिकाहरुको समतामूलक पहुँच र गुणस्तर कायम गर्न कुशे गाउँपालिकाले आधारभुत तहको शैक्षिक सुधारका लागि विभिन्न कार्यक्रमहरु कार्यान्वयन गरेको छ ।

आधारभुत शिक्षाको वर्तमान अवस्था हेर्दा कुशे गाउँपालिकामा रहेका जम्मा **५५** वटा विद्यालयमा आधारभुत तहको शिक्षा सञ्चालनमा रहेको छ ।यस गाउँपालिकामा सबै विद्यालयहरु सामुदयिक मात्र रहेको र अन्य किसिमका विद्यालय नरहेको अवस्थामा गाउँपलिकामा कक्षा कक्षा ३ सम्म मात्र सञ्चालनमा रहेको विद्यालय ८ वटा, कक्षा ५ सम्म मात्र चलेका विद्यालय ३० वटा रहेका छन, कक्षा ८ सम्म सञ्चालनमा रहेका ४ वटा, कक्षा १० सम्म सञ्चालनमा रहेको ६ वटा र कक्षा १२ सम्म सञ्चालनमा रहेको ७ वटा गरी सामुदायिक तर्फ ५५ वटा विद्यालयमा आधारभुत तहको शिक्षा सञ्चालनमा रहेको छ । यस कुशे गाउँपालिकाको इमिस वि.स.२०८१ को तथ्याङ्क अनुसार आधारभूत तहमा अध्ययन गर्ने विद्यार्थीको विवरण निम्नानुसार रहेको छ ।

| आधारभूत तह कक्षा (१ – ५) | | | आधारभूत तह कक्षा (६ – ८) | | |
|---|---|---|---|---|---|
| छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १८१८ | १७९९ | ३६१७ | ९८१ | १००९ | १९९० |

माथिको तथ्याङ्क अनुसार आधारभुत तहमा जम्मा विद्यार्थी संख्या ५६०७ जना रहेका छन यसमा छात्रा जम्मा २७९९ र छात्र २८०८ जना रहेका छन । समग्रम लैङ्गिक समता सुचक ०.९९ रहेको छ । यस तहको कक्षा १ मा कुल प्रवेश दर ११२.६ र खुद प्रबेश दर ९६.० प्रतिशत रहेको छ । समग्रमा यस गाउँपलिकाको आधारभुत तहका बिभिन्न सुचकहरु निम्न बमोजिम रहेका छन ।

| तह | शिक्षक बिधार्थि अनुपात सामुदायिक | लैङ्गिक समता सुचक सामुदायिक | कुल भर्ना दर CEHRD 2080 | खुद भर्ना दर CEHRD 2080 |
|---|---|---|---|---|
| आधारभूत तह कक्षा (१ – ५) | २२:१ | १.०१ | १३२.६ | ९५.७ |
| आधारभूत तह कक्षा (६ – ८) | ३२:१ | ०.९७ | ११७.९ | ९५.६ |
| कक्षा (१– ८) | २४:१ | ०.९९ | १२७ | ९५.७ |

| शैक्षिक तह | कक्षा उतिर्ण प्रतिशत | कक्षा देहेराउने (प्रतिशत) | कक्षा छाड्ने दर (प्रतिशत) |
|---|---|---|---|
| आधारभूत तह कक्षा (१ – ५) | ७३.७ | १५.७ | ५.५ |
| आधारभूत तह कक्षा (६ – ८) | ८४.२ | ४.३ | ४.४ |

आधारभुत तह कक्षा ८ को खुद टिकाउ दर ८८.२ रहेको छ । । यस कुशे गाउँपालिकामा आधारभूत तहको विद्यालय संख्या र विद्यार्थी संख्या बिचको अनुपात १:१०२ रहेको छ ।यस गाउँपालिकामा आधारभुत तहमा जम्मा २३० जना शिक्षकहरु रहेका छन । आधारभुत तह कक्षा १-५ मा जम्मा १६७ जना र कक्षा ६-८ मा जम्मा ६३ जना शिक्षक रहेका छन । यस गाउँपालिकामा

आधारभूत तहमा जम्मा कक्षा १-५ मा ३६ र कक्षा ६-८ मा २८ गरेर ६४ जना शिक्षकहरु गाउँपालिका अनुदानबाट व्यवस्था गरिएको छ । यस कुशे गाउँपालिका भित्र रहेका आधारभूत तहका विद्यालयहरुले कक्षा ८ सम्मकै स्थानीय पाठ्यक्रम हाम्रो कुशे हाम्रो खुसी कार्यान्वयन गरेका छन भने स्थानीय पाठ्यक्रम बमोजिम पाठ्यपुस्तक पनि निर्माण सम्पन्न भएर आगामी आ.व. देखि कार्यान्वयन गर्ने योजना बमोजिम काम भएको छ । यस अन्तर्गत कक्षा ६ देखि ८ सम्मको पाठ्यपुस्तक तयार भएको र यसै आ.व.मा छपाई गरेर वितरण गर्ने योजना रहेको छ भने, अन्य तहको पनि निर्माण गर्ने योजना रहेको छ । स्थानीय पाठ्यक्रम तथा समग्र आधारभुत तहको प्रभावकारी कार्यान्वयनको लागि शिक्षकको पेसागत विकास तालिम कार्यशालाहरु सञ्चालन गर्नु पर्ने देखिन्छ र आधारभुत तहका सबै कक्षाका लागि पाठ्यक्रम बमोजिमका पाठ्यपुस्तक तथा शिक्षण सिकाइ सामग्रीको प्रभावकारी व्यवस्थापन गर्न आवश्यक छ। विद्यालयमा सिकाइमैत्री वातावरणको निर्माण, शिक्षक क्षमता विकास र उत्प्रेरणाका कार्यहरु तिब्रताका साथ कार्यान्वयन गर्न अति आवश्यक देखिएको छ। आधारभूत तहमा उतिर्ण दर तथा टिकाउ दरमा सुधार ल्याउन आवश्यक देखिन्छ भने सुचना प्रविधि तथा जिवनपर्यन्त सिकाइका अवसरहरु सिर्जना गर्न पर्ने छ । खुद भर्ना दर हेर्ने हो भने आधारभुत तहमा सही उमेर समुहका बालबालिकाहरु अझैपनि सहि कक्षामा नरहेको देखिन्छ यसर्थ कक्षा १ मा भर्ना गर्दा सही उमेर समुहका बालबालिका लागि सहि उमेरमा भर्ना गरी सही तवरले सिकाइ अवसरहरु प्रदान गर्नुपर्ने देखिन्छ ।

आधारभूत तहको शिक्षाको पहुँचमा भौगोलिक, सामाजिक, सांस्कृतिक, आर्थिक र अन्य कारणहरुको प्रभावले बालबालिकाहरु अझैपनि समतामुलक पहुँच बाहिर रहेका छन । गुणस्तरिय सिकाइलाई प्रवर्द्धन गर्न पोषणयुक्त दिवाखाजा, शिक्षकको पेशागत क्षमता विकास तथा उत्प्रेरणाका कार्यहरु, तथा सरोकारवालाहरुको नियमित र प्रभावकारी अनुगमन, नियमन र सहयोग बढाउन आवश्यक देखिन्छ । विद्यालयलाई विभिन्न तवरले मैत्रीपुर्ण वनाउन सवैको सहभागिता बढाई सबै हिसाबमा विध्यालयमा मैत्रीपुर्ण वातावरण सुनिश्चित गर्ने, सिकाइ उपलब्धिमा व्यापक सुधार गर्ने साथै आधारभूत तहको शिक्षामा प्रविधिको प्रयोग गर्ने र कक्षा कोठासम्म सबैको समतामुलक पहुँच बढाउन, विद्यालयहरुको पूर्नवितरण एवम् मर्ज गरी समुदायको पहुँच र सहभागिता सुनिश्चत गर्नै र सेवा सुविधामा विस्तार गर्न, शिक्षालाई सवै दृष्टिकोणबाट सुरक्षित सहज र गुणस्तर बनाई सहभागितापूर्ण वातावरण सिर्जना गर्ने । विद्यालयमा हुने विभिन्न किसिमका हस्तक्षेपहरु निषेध गर्न, कक्षा कोठामा सूचना तथा प्रविधिको प्रयोगमा अभिवृद्धि गर्न, विपद् जोखिम न्यूनिकरण योजनामा विद्यार्थीहरुको सहभागिता बृद्धि गर्न, विद्यार्थी

मूल्याङकनलाई प्रभावकारी बनाई आधारभूत तहको परीक्षालाई व्यवस्थित गर्ने र आधारभुत तहलाई शैक्षिक गुणस्तरको आधारको रुपमा विकास गर्न आवश्यक देखिन्छ । आधारभुत तहको शिक्षामा विशेष गरी अभिभावक तथा समुदायको सहभागिता प्रभावकारी बनाउन पनि आवश्यक रहेको छ । आधारभुत तहको शिक्षालाई शैक्षिक जगको रुपमा प्रभावकारी रुपमा विकास गर्नका लागि सेवा प्रवाहमा क्षमता विकास र कार्यान्वयनमा जिम्मेबार बनाउन अति आवश्यक देखिन्छ ।

### ३.२.२ उद्देश्य

आधारभुत तहका बालवालिकाहरुलाई सहज तथा समतामुलक पहुँच सहितको गुणस्तरीय आधारभुत शिक्षा पूरा गर्नका लागि देहाय बमोजिमका उद्धेश्यहरु तय गरिएको छ ।

(क) संविधालनले नै व्यवस्था गरेको अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी आधारभुत तहको शिक्षामा सवैको सहज तथा समतामूलक र सहभागिता सुनिश्चित गर्नु ।

(ख) आधारभूत तहका सवै बालवालिकाहरुको न्युनतम सिकाइ उपलब्धि हाँसिल हुने अवस्था सुनिश्चित गर्नु ।

(ग) आधारभूत तहका सबै विद्यालयहरुको शैक्षिक तथा भौतिक वातावरण बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिकमैत्री, समावेशी, समतामूलक र सुरक्षित बनाउनु ।

(घ) आधारभूत तहको सिकाइलाई प्रभाबकारी बनाउनका लागि विद्यालयको शैक्षिक पुर्वाधारहरुको प्रभावकारी व्यवस्थापन गर्नु तथा विद्यालयमा अभिभाबकको सहभागिता, समन्वय, सहकार्य र सहयोग अभिबृद्धि गर्नु ।

### ३.२.३ रणनीति

कुशे गाउँपालिकाको आधारभूत तहको शिक्षाका लक्षित माथि उल्लेख गरिएका उद्देश्यहरु हाँसिल गर्नका लागि निम्न बमोजिमका रणनीतिहरु अवलम्बन गरिएको छ

(क) अनिवार्य तथा निःशुल्क आधारभूत तहको शिक्षाको कार्यान्वयन गर्न स्थानिय तहले थप आवश्यक नीति, कार्यविधीहरुको तर्जुमा तथा आवश्यक योजना निर्माण गर्ने र स्रोतको प्रवन्ध मिलाउने छ ।

(ख) आधारभूत तहमा बालबालिकाहरुको न्युनतम सिकाइ उपलब्धि हाँसिल गराउन आवधिक रुपमा सिकाइ उपलब्धिको स्तरीकृत मूल्याङ्कन गरी विद्यार्थीको सिकाइ प्रभावकारीताका लागि शिक्षकलाई प्र.अ. र प्र.अ.लाई स्थानिय तह प्रति जवाफदेही हुने प्रणालीको विकास गरी प्रशासनिक क्षमता विकास र परिचालन गरिनेछ ।

(ग) आधारभूत तहका विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण समावेशी, बालमैत्री, अपाङ्गमैत्री र वातावरणीय हिसाबमा पनि सुरक्षित बनाउन संघीय सरकार, प्रदेश सरकार तथा अन्य सरोकारवालाहरु संगको समन्वय र साझेदारीमा कार्यक्रमहरु सञ्चालन गरिने ।

(घ) आधारभूत तहका बालबालिकाहरुको शैक्षिक उपलब्धि सुधार गर्न शिक्षकको पेशागत विकास र उत्प्रेरणाका तालिमहरु सञ्चालन गरी कार्यान्वयन गरिने छ ।

(ङ) विद्यार्थी मूल्याङ्कन प्रणाली र सूचनाप्रविधि तथा सञ्चार प्रणालीलाई सिकाइको अभिन्न अंग संग जोड्दै विद्यार्थीका दैनिक क्रियाकलापसंग अन्तरसम्बन्धित गराई व्यवस्थित गरिनेछ। यसका लागि हाल कक्षा ८ को स्तरिकृत परीक्षा सन्चालन र व्यवस्थापनलाई थप प्रभावकारी बनाउदै कक्षा ५ को पनि स्तरीकृत परिक्षा व्यवस्थापन गरिने।

(च) विभिन्न कारणले विद्यालय बाहिर रहेका सबै बालवालिकाहरुको यथार्थ विवरण संकलन गरी उनीहरुको पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाईने ।

(छ) शिक्षक, विद्यालय कर्मचारी र प्र.अको क्षमता विकास, उत्प्रेरणा र व्यवस्थापन तथा सूचना सञ्चार प्रविधिसंग परिचित र पहुँच अभिबृद्धि गराई शैक्षिक गुणस्तर अभिवृद्वि गरिने ।

(ज) वि.व्य.स, शि.अ.स र अभिभावकहरुको क्षमता विकास गर्न अभिमुखिकरण तथा क्षमता विकास र सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

(ट) शिक्षक तथा विद्यार्थीहरुलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराईने छ तथा नियमित स्वास्थ्य जाँच र स्वास्थ्य शिक्षा तथा सहायताका कार्यक्रमहरु सञ्चालन गरिनेछ

(ठ) विद्यालय नक्साङ्कन, पूनर्वितरण दरबन्दि मिलान तथा समायोजनको कार्यलाई समयानुकुल थप व्यवस्थित गरिने छ साथै भुगोल र विद्यार्थी संख्याका आधारमा कक्षा थप गर्ने तथा घटाउने कार्य गरिनेछ।

(ड) सबै विद्यालयमा बुक कर्नर, न्यूनतम शिक्षण सिकाइ र सन्दर्भ सामग्री तथा न्यूनतम पुर्वाधार सुनिश्चित गरिनेछ र विद्यालयमा पोषणयुक्त दिवा खाजा लगायतका सुविधाहरु प्रभावकारी रुपमा व्यवस्थापन र कार्यान्वयन गरिनेछ ।

(ढ) बालबालिकाको विद्यालयमा नियमितताका लागि छात्रवृति, शैक्षिक सहायता, बहुभाषिक शिक्षण सहजिकरण तथा पहुँच अभिबृद्धिका लागि सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३.२.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धिः

(क) आधारभूत तहको समग्र सिकाइ उपलब्धिमा अपेक्षित रुपमा सुधार भएको हुनेछ ।

(ख) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबै बालवालिकाहरुको समतामुलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ ।

(ग) योजना अवधिभर सबै विद्यालयहरुले तोकिएका न्यूनतम मापदण्ड पुरा गरेको हुनेछन ।

(घ) सम्पुर्ण विद्यालयहरुमा अपाङ्गमैत्री, प्रविधिमैत्री, बालमैत्री, वातावरणमैत्री, लैङ्गिकमैत्री तथा सिकाइका लागि सुरक्षित वातावरण सिर्जना भएको हुनेछ ।

ङ) शिक्षण सिकाइ सामग्रीहरु तथा शैक्षिक र सन्दर्भ सामाग्रीको प्रभावकारी उपलब्धता सुनिश्चित भई सबै बालबालिका र शिक्षकको पहुँच सुनिश्चित भएको हुनेछ र व्यवहारिक प्रयोग पनि भएको हुनेछ ।

च) बालबालिकाको नियमितताका लागि विद्यालयमा नै तयार गरेर स्थानीय उत्पादनमा आधारित पौष्टिक खाजा तोकिएको अवधिसम्म वितरण भएको हुनेछन साथै बालबालिकाले विभिन्न भाषामा ज्ञान हाँसिल गरेको र छात्रवृति र शैक्षिक सहायता प्राप्त गरेको हुनेछन ।

छ) आधारभुत तहको कुल भर्ना दरमा न्यूनिकरण भै खुद भर्ना दर बढेको हुनेछ ।

ज) शिक्षक, विव्यस, वाल क्लव लगायतका शैक्षिक संस्थाहरुको क्षमता विकास भै सक्रियतापूर्वक कार्य गरेको हुनेछन साथै आधारभुत तहमा समुदाय र अभिभावकको संलग्नता अभिबृद्धि भएको हुनेछ।

नतिजा तथा परिमाणात्मक लक्ष्य देहाय अनुसार प्रस्तुत गरिएको छ ।

| क्र.स | सूचक | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह कक्षा (१-५) मा शिक्षक र विद्यार्थी अनुपात | | १:२२ | १:२२ | १:२३ | १:२३ | १:२४ | १:२६ |
| २ | आधारभूत तह कक्षा (१-५) मा कूल भर्नादर | १३२. ६ | १३०. | १२० | ११५ | ११० | १०५ | १०० |
| ३ | आधारभूत तह कक्षा (१-८) मा कूल भर्नादर | १२७ | १२५ | १२० | ११५ | ११० | १०५ | १०० |
| ४ | आधारभूत तह कक्षा (१-५) मा खूद भर्नादर | ९५.७ | ९५.७ | ९५.९ | ९६ | ९६.८ | ९७.२ | १०० |
| ५ | आधारभूत तह कक्षा (१-८) को खूद भर्नादर | ९५.७ | ९५.९ | ९६ | ९६.८ | ९७.८ | ९८ | १०० |
| ६ | आधारभूत तह कक्षा (१-५) को कक्षा छोड्ने दर | ५.५ | ५.० | ४.५ | ३.५ | ३.० | २.० | ०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | कक्षा (६- ८) को कक्षा छोड्ने दर | ४.४ | ४.३ | ४ | ३.५ | ३ | २ | ० |
| ८ | कक्षा (१-५) को कक्षा दोहर्याउने दर | १५.७ | १५.५ | १०.० | ८.० | ५.० | ३.० | ० |
| ९ | कक्षा (६-८)को कक्षा दोहर्याउने दर | ४.३ | ४.२ | ४.० | ३.२ | २.५ | २ | ० |
| १० | कक्षा (१-५) को उत्तीर्ण प्रतिशत | ७३.७ | ७५.० | ७८.० | ८१ | ८५ | ९० | ९५ |
| ११ | कक्षा (६-८) को उत्तीर्ण प्रतिशत | ८४.२ | ८६ | ८८ | ९० | ९२ | ९५ | ९७ |

३=२=५ प्रमख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.स | प्रमुख क्रियाकलाप | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकी अवधी | कसले |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय भर्ना अभियान तथा अभिमुखिकरण | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका र विद्यालय |
| २ | विद्यालय नक्साङ्कन, पुनर्वितरण र समायोजन | पटक | | १ | | १ | | २ | पालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | शिक्षक कर्मचारी र प्र.अ.लाई शिक्षक पेशागत विकासकका लागि तालिम | पटक | | १ | १ | १ | १ | ५ | पालिका |
| ४ | वालक्लव इको कल्व जुरेस तथा किशोरी क्लवहरुको गठन पुनगठन र क्षमता अभिवृद्धि तालिम | पटक | | १ | १ | १ | १ | ५ | र विद्यालय |
| ५ | वि.व्य.स, शि.अ.सं लगायतको क्षमता विकास | पटक | | १ | १ | १ | १ | ५ | पालिका |
| ५ | सिकाइमैत्री स्मार्ट कक्षा कोठा ब्यवस्थापन | विद्यालय | | ५ | १० | १० | १० | २० | पालिका र विद्यालय |
| ६ | कक्षाकोठामा पुस्तकालय र बुकर्याक | विद्यालय | | ५ | १० | १० | १० | २० | पालिका र |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | न्यूनतम ५० बुक | | | | | | | | विद्यालय |
| ७ | शिक्षण सिकाइ तथा सन्दर्भ सामग्री व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका र विद्यालय |
| ८ | विद्यालयमा दौतरी शिक्षा तथा वाल कलवको क्षमता विकास तथा परिचालन | पटक | | १ | १ | १ | १ | ५ | पालिका र विद्यालय |
| ९ | बालबालिकाहरुको लागि पठन सिप विकास कार्यक्रम | पटक | | १ | १ | १ | १ | ५ | पालिका |
| १० | अन्तरविद्यालय भ्रमण र सिकाइ आदान प्रदान | पटक | | १ | | १ | | २ | पालिका |
| ११ | पालिका स्तरमा पढाइ उत्सब तथा प्रतियोगिताका | पटक | | २ | २ | २ | २ | १० | पालिका र विद्यालय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यक्रमहरु (कल्स्टर) | | | | | | | | |
| १२ | शिक्षकका लागि सन्दर्भ सामग्री र सहायता सामग्री व्यवस्थापन | पटक | | १ | | १ | | २ | पालिका र विद्यालय |
| १३ | शिक्षक र विद्यालय कर्मचारी प्रोत्साहन एंव पुरस्कृत कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| १४ | लेखा तथा प्रशासन व्यवस्थापनका लागि क्षमता विकास | पटक | | १ | १ | १ | १ | ५ | पालिका |

### ३.३ माध्यमिक शिक्षा

#### ३.३.१ वर्तमान अवस्था

नेपालको पाठ्यक्रम प्रारुप २०७६ अनुसार कक्षा ९-१२ को शिक्षालाई माध्यामिक तहको शिक्षाका रुपमा परिभाषित गरिएको छ । माध्यमिक तहको शिक्षाले मानवीय मुल्याङ्कनका साथै कला, संस्कृति, विज्ञान र प्रविधि क्षेत्रका आधारभूत मूल्य मान्यताको ज्ञान, सिप तथा दृष्टिकोण आर्जन गरेका सक्षम जनशक्ति उत्पादन गर्ने लक्ष्य लिएको हुन्छ । माध्यमिक तहको शिक्षाले कामको संसारमा प्रवेश गर्न सक्ने सिप सहितको नागरिक विकास गर्नुका साथै उच्च शिक्षाको तयारीको आधार तय गर्दछ ।नेपालको संविधान २०७२ तथा अनिवार्य तथा निः शुल्क शिक्षा ऐन २०७५ ले माध्यामिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने प्रत्येक नागरिकलाई माध्यामिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुनेछ भन्ने व्यवस्था उल्लेख गरेको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले गुणस्तरीय माध्यामिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै यसबाट सिर्जनशीलता, रचनात्मक. अध्ययनशिलता सकारात्मक चिन्तन र सदाचार जस्ता गुणसहितको प्रतिष्पर्धी सीपयुक्त एवम् उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ । विज्ञान प्रविधि तथा नव प्रवर्तन नीति, २०७६ ले विद्यालय तह देखि नै परम्परागत मौलिक ज्ञान प्रविधि तथा सीपका बारेमा अध्ययन - अध्यापन गरि वैज्ञानिक चिन्तन तथा सिर्जनाशिलता अभिवृद्धि गर्ने रणनीति लिएको छ र यो लक्ष्य पुरा गर्नका लागि माध्यमिक तहमा प्रदान गरिने शिक्षाको प्रमुख भुमिका हुन्छ। यसका अलवा १० वर्षे विद्यालय शिक्षा क्षेत्रको योजनाले माध्यामिक शिक्षामा सवैको पहुँच सुनिश्चित गर्दै सान्दर्भिक र गुणस्तर सुधारमा जोड दिएको छ ।

यस कुशे गाउँपालिकामा रहेका विद्यालयहरु मध्य १३ ओटा विद्यालयहरुमा माध्यमिक तहको अध्ययन अध्यापन हुने गरेको छ । माध्यमिक तहका विद्यालयहरु मध्ये ५ ओटा विद्यालयमा कक्षा (९-१०) सम्मको पठनपाठन् हुन्छ भने ७ ओटा विद्यालयमा कक्षा (९ -१२) सम्मको पठनपाठन् हुने गरेको छ । यस गाउँपालिकामा रहेका सबै माध्यमिक तहका विद्यालयहरु सामुदायिक विद्यालय मात्र हुन । यस गाउँपालिकामा हाल सम्म कुनैपनि संस्थागत विद्यालयहरु रहेका छैनन् ।माध्यमिक तहका विद्यालयहरुमा एक वटा विद्यालय (लक्ष्मी प्राप्ती मा वि खुर्पा) मा प्राविधिक धार तर्फको शिक्षा पनि सञ्चालनमा रहेको छ भने अन्य विद्यालयमा साधारण तर्फ मात्र सञ्चालनमा रहेका छन । यस गाउँपालिकामा माध्यमिक तहमा अध्ययन गर्ने जम्मा विद्यार्थी संख्या २४९८ जना रहेका छन ।

| माध्यामिक तह (९ - १०) | | | माध्यामिक तह (११ - १२) | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| ७७८ | ७८८ | १५६६ | ४६४ | ४६८ | ९३२ | २४९८ |

यस गाउँपालिकामा माध्यमिक तह कक्षा (९- १२) सम्म अध्यापन गराउने जम्मा शिक्षकको संख्या ३८ जना रहेका छन । यस अन्तरगत माध्यमिक तहमा कक्षा (११ -१२) मा अध्यापन गराउने शिक्षकको जम्मा १२ जना र कक्षा (९ -१०) मा अध्यापना गराउने शिक्षक जम्मा २६ जना रहेका छन । कुशे गाउँपालिकाले माध्यमिक तहमा १० जना शिक्षकहरु गाउँपलिका अनुदानबाट व्यवस्थापन गरेको छ । माध्यमिक तहको विभिन्न सुचकहरुको अवस्था निम्नानुसार रहेको छ ।

| तह | कक्षा उतिर्ण प्रतिशत | कक्षा देहेराउने (प्रतिशत) | कक्षा छाड्ने दर (प्रतिशत) |
|---|---|---|---|
| माध्यामिक तह (९ - १०) | ९३.३ | ०.५ | २.५ |
| माध्यामिक तह (११ - १२) | ९३.६ | ०.१ | १.२ |

अन्य सुचकहरु

| तह | शिक्षक बिधार्थि अनुपात | लैङ्गिक समता सुचक | कुल भर्ना दर | खुद भर्ना दर |
|---|---|---|---|---|
| माध्यामिक तह (९ - १०) | १:६० | ०.९९ | १२८.३ | ६८.७ |
| माध्यामिक तह (११ - १२) | १:७८ | ०.९९ | १०२.५ | ५३.७ |
| माध्यामिक तह (०९ - १२) | १:६६ | ०.९९ | ११५.१ | ६१ |

समग्र रुपमा हेर्दा आधारभुत तह उतिर्ण गरि सके पश्चात माध्यमिक तहमा विद्यार्थी पालिका भित्रनै अध्ययन गर्ने दर समग्रमा अपेक्षित भने छैन ।आधारभुत तह पुरा गरिसके पश्चात माध्यमिक तहमा प्रवेश गर्ने र माध्यमिक तहमा विद्यार्थी टिकाउ दर कम देखिन्छ । यसका साथै माध्यमिक तहमा

बिषयगत शिक्षकको अभाव, शिक्षक क्षमता विकासको अभाव, अपाङ्गता तथा अन्य हिसाबमा मैत्रिपूर्ण भौतिक संरचनाको अभाव, प्रयाप्त शैक्षिक तथा सन्दर्भ सामग्रीको अभाव, सुचना तथा सञ्चार प्रविधिको पुँहच तथा प्रयोगमा समस्या, विद्यालय अनुगमन तथा निरिक्षण लगायतका क्षेत्रमा समस्याहरु र चुनौतीहरु रहेका छन् । माध्यमिक तहमा विद्यार्थी रिटर्न गर्नका लागि गाउँपालिकाले विभिन्न शैक्षिक कार्यक्रम जस्तै छात्रवृति, शैक्षिक सहायता र सुधारका कार्यक्रम प्रभावकारी रुपमा थालनी गर्न सक्नुपर्दछ । यसका अलवा विद्यालयमा प्रयाप्त शैक्षिक सामग्री अभाव हुन , सुचना प्रविधिको प्रयोग प्रभावकारी रुपमा गर्न नसक्नु, विद्यालयमा समुदायको संलग्नता कमी हुनु, प्रभावकारी शैक्षिक वातावरण निर्माण गर्न नसक्नु जस्ता समस्या र चुनौती रहेका छन । माध्यमिक तहमा सबै विद्यालयहरुमा इन्टरनेट सुविधाका लागि गाउँपालिकाबाट अनुदान जाने भएता पनि कक्षाकोठामा सुचना प्रविधिको उच्चतम प्रयोग हुनुपर्ने देखिन्छ । हाल लक्ष्मी प्राप्ती मा वि, थर्पु मा वि र नेपाल राष्ट्रिय माध्यमिक विद्यालयका सबै कक्षाहरुमा स्मार्ट बोर्डको व्यवस्थापन र प्रयोग भएको र अन्य माध्यमिक तहका विद्यालयहरुमा पनि यस्ता किसिमका असल अभ्यासहरु कार्यान्वयन गरी बालबालिकालाई नविनतम प्रविधि मार्फत सिकाइ सहजिकरण गर्नुपर्ने देखिन्छ । माध्यमिक तहमा शिक्षक पेशागत सहयोग प्रणालिको सुद्धृढिकरण तथा शिक्षकको उत्प्रेरणा र सहायतामा मद्धत पुग्ने साथै माध्यमिक तहका विद्यालयहरुलाई कलस्टरिङ्ग गरी आधारभुत तहका विद्यालयमा सहयोग र सिकाइ सहजिकरणमा मद्धत पुग्ने गरी लिडर र स्रोत विद्यालयको रुपमा विकास गरी माध्यमिक तहमा आकर्षण बढाउन सकिन्छ ।

### ३.३.२ उद्देश्यहरु

कुशे गाउँपालिकाको माध्यमिक तहको शिक्षामा सुधार लयाउनका लागि निम्नानुसारका उद्धेश्यहरु तय गरिएको छ ।

(क) माध्यमिक तहका सबै विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण, लैङ्गिकमैत्री, बालमैत्री, अपाङ्गमैत्री, प्रविधिमैत्री तथा समावेशी र सुरक्षित बनाइ सबैको लागि समतामुलक पहुँच सुनिश्चित गर्नु ।

(ख) माध्यमिक तहको विषयगत सिकाई उपलब्धि वृद्धि तथा यस तहको उतिर्ण दर र टिकाउ दरमा बृद्धि गर्नु।

(ग) माध्यमिक तहका विद्यालयहरुमा सुचना प्रविधि र नविनतम प्रविधिहरुको उच्चतम र प्रभावकारी प्रयोग गरी विद्यार्थीको समतामुलक पहुँच अभिबृद्धि गर्नु ।

(घ) शिक्षण सिकाई क्रियाकलापहरुलाई समय सापेक्ष बनाउँदै सिकाइ क्रियाकलापहरुलाई दैनिक जीवनसंग सम्बन्धित गर्नु र प्राविधिक तथा व्यवसायिक शिक्षा प्रवर्द्धन गरी बालवालिकालाई आत्मनिर्भरता तर्फ उन्मुख गराउनु।

३.३.३ रणनीति

माध्यमिक तहको शैक्षिक सुधार गर्न लक्षित गरिएका उद्देश्यहरु प्राप्तिका लागि देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गरिएको छ ।

(क) विद्यालयहरूको नक्साङ्कन गर्ने र सबै बालबालिकाको पहुँच सुनिश्चित गर्नका लागि विद्यालयहरूको पुर्नवितरण, समायोजन तथा सेवा विस्तार गर्ने ।

(ख) शिक्षक र विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने तथा समुदाय र अभिभावकको सचेतिकरण र अभिमुखिकरणका साथै सहभागिता बढाउन भुमिका खेल्ने ।

- सबै विद्यालयमा न्यूनतम मापदण्डहरु पुरा गरी बालबालिकाको लागि सुरक्षित सिकाइ वातावरण सुनिश्चित गर्ने ।
- माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने तथा शिक्षकलाई उत्प्रेरित हुने गरी शिक्षक पेशागत विकास तथा सहयोगको प्रणालीको प्रभावकारी कार्यान्वयन गर्ने ।
- हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने र उच्चतम प्रयोगका लागि अभिप्रेरित गर्ने ।
- विद्यालयहरूलाई प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील बनाउने ।
- विज्ञान विषय अध्ययनका लागि विद्यार्थीहरूलाई आकर्षित गर्न पूर्वाधार सहितको व्यवस्था गर्ने ।
- माध्यमिक तहका विद्यालयलाई शैक्षिक हवको रुपमा विकास गर्नका लागि नेतृत्वदायि भुमिका खेल्न अभिप्रेरित गर्ने ।
- बालबालिकालाई जिवनपर्यन्त सिकाइका अवसरहरु प्रदान गर्ने तथा आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेहि हुने प्रणाली विकास गर्ने।
- माध्यमिक तहलाई सिकाइ हवको रुपम विकास गर्ने ।

३.३.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

क) यो गाउँ शिक्षा योजना प्रभावकारी कार्यान्वयन पश्चात माध्यमिक तहको शिक्षामा निःशुल्क, सबैको समतामुलक र समावेशी पहुँच सुनिश्चित भई शैक्षिक गुणस्तरमा सुधार हुनेछ ।

(ख) माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरियतामा प्रवर्द्धन भई समता ,समावेशिता र व्यवहारिकतामा रुपान्तरण भएको हुनेछ ।

ग) माध्यमिक तहमा कक्षा उतिर्ण दरमा सुधार भएको हुनेछ भने कक्षा दोहोर्‍याउने र कक्षा छोड्ने दरमा सुधार भएको हुनेछ साथै टिकाउ दरमा पनि उल्लखेय सुधार भएको हुनेछ

घ) शिक्षकको पेशागत क्षमता विकास, सबै विद्यालयहरु सुरक्षित, मैत्रीपूर्ण तथा शैक्षिक वातावरणमा सुधार भएको हुनेछ साथै माध्यमिक तहका विद्यालयहरुको संस्थागत क्षमता विकास प्रभावकारी रुपमा सञ्चालन भएको हुनेछ र परिवार तथा समुदायको संलग्नता बढेको हुनेछ ।

ङ) माध्यमिक तहमा सुचना तथा सञ्चार प्रविधिको उच्चतम प्रयोग मार्फत बालबालिकाको पहुँच बढेको हुनेछ साथै माध्यिमक तह उत्तिर्ण भएका विद्यार्थीहरु रोजगारीमा संलग्न हुन योग्य हुनेछन् ।

| क्र.स | सूचक | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह कक्षा ९-१२ मा भर्ना | | २४९८ | २५१० | २५५० | २६०० | २६५० | ३००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | कक्षा ९- १२ मा शिक्षक विद्यार्थी अनुपात | | १:६६ | १:६० | १:५० | १:४५ | १:४० | १:३० |
| ४ | कक्षा ९- १२ को कूल भर्नादर | ११५. १ | ११२ | ११० | १०८ | १०६ | १०४ | १०० |
| ५ | कक्षा ९-१२ को खूद भर्नादर | ६१ | ६३ | ६९ | ७० | ७५ | ८० | ९९ |

३.३.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र. स | प्रमुख क्रियाकलाप | परिमाण | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकी अवधी | जिम्मेबारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | कक्षा १२ पढ्ने बालबालिकाको लागि इन्टर्नसिपको ब्यवस्था | जना | ० | ५ | ८ | १० | १० | ५० | गाउँपालिका |
| २ | अति विपन्न विद्यार्थीहरुलाई छात्रवृति | संख्या | ० | १० | १० | १० | १० | ५० | गाउँपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | मापदण्डअनुसार शिक्षक व्यवस्थापन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | गाउँपालिका |
| ४ | शिक्षक सहायताका लागि शिक्षक सहायता सामग्रीहरुको व्यवस्थापन | विद्यालय | | १३ | १३ | १३ | १३ | १३ हरेक बर्ष | गाउँपालिका |
| ५ | शिक्षकलाई प्रोत्साहन एंव पुरस्कार | पटक | १ | १ | १ | १ | १ | ५ | गाउँ पालिका |
| ६ | विद्यार्थी तथा शिक्षक मनोसामाजिकपरामर्श तालिम कार्यक्रम | पटक | | १ | १ | १ | १ | ५ | गाउँ पालिका |
| ७ | शैक्षिक भ्रमण तथा सिकाइ आदान प्रदान | पटक | | १ | | १ | | २ | गाउँ पालिका |
| ८ | शिक्षक क्षमता विकास तालिम, | पटक | १ | १ | १ | १ | १ | ५ | गाउँ पालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पेशागत सहयोग र रोष्टर स्थापना | | | | | | | | |
| ९ | शिक्षकले प्रअ र प्रअले शिक्षा शाखा संग कार्यसम्पादन सम्झौता | विद्यालय | | १३ | १३ | १३ | १३ | १३ बार्षिक | विद्यालय पालिका |
| १० | अर्धबार्षिक प्रगति तयारी र पेश | विद्यालय | १३ | १३ | १३ | १३ | १३ | १३ | विद्यालय पालिका |
| ११ | विद्यालयमा बालबालिकाको लागि सिकाइ क्रियाकलाप गर्न बहु प्रयोगशाखा स्थापना र सुदृढिकरण | विद्यालय | ० | १ | २ | २ | २ | ६ | पालिका |
| १२ | पुस्तकालयको क्षमता विस्तार,पुस्तक थप तथा | विद्यालय | | १ | २ | २ | २ | ६ | पालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रयोग र ब्यवस्थापन | | | | | | | | |
| १३ | विद्यालय नर्सको ब्यवस्था क्षमता विकास र विद्यालयमा विभिन्न स्वास्थ्य सामग्री थप गर्ने | विद्यालय | | १ | १ | १ | १ | ९ | पालिका |
| १४ | एकिकृत शैक्षिक सुचना ब्यवस्थापन तालिम तथा सुचना प्रविधी तथा क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| १५ | माध्यमिक तहका अभिभावकका लागि सचेतनामुलक कार्यक्रम | विद्यालय | | १ | १ | १ | १ | ५ | विद्यालय र पालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १६ | माध्यमिक तहका बालबालिकाको लागि विद्यालय बस | वटा | | | | | १ | २ | पालिका |

३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

३.४.१ वर्तमान अवस्था

प्राविधिक तथा व्यवसायिक शिक्षा भावि जीवनसँग सम्वद्ध भई उत्पादनमुखि, रोजगारमुखि र स्वाबलम्वी बनाउनका लागि खास, विशेष तथा विशिष्ट ज्ञान तथा सिप प्राप्त गरि ज्ञान तथा सीपका आधारमा कुनै पेशा व्यवसाय गर्न सक्ने शिक्षा हो। औपचारिक रूपमा प्राविधिक तथा व्यावसायिक शिक्षाको सुरुवात वि.सं.१९९९ सालमा स्थापित प्राविधिक तालिम शिक्षालय (हालको पुल्चोक इन्जिनियरिङ्ग कलेज) बाट भएको हो ।नेपालमा विद्यालय शिक्षालाई जीवन उपयोगी बनाउने उद्देश्यले विद्यालय तहमा व्यवसायिक सीप र ज्ञान सिकाउने प्रयास वि.सं. २००४ सालदेखि नै शुरु भएको हो ।नेपालको संविधान २०७२ को धारा ५१ (च) विकास सम्बन्धि नीति अन्तर्गतको उपदफा (४) मा बैज्ञानिक अध्ययन अनुसन्धान एवम् विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिबृद्धि गर्ने तथा बैज्ञानिक प्राविधिक बौद्धिक र विशिष्ट प्रतिभाहरुको संरक्षण गर्ने नीति लिईएको छ ।दीर्घकालीन सोच, सन् २१०० सम्मको योजनाको "समृद्ध नेपाल, सुखि नेपालि" भन्ने राष्ट्रिय आकांक्षा पुरा गर्नका लागि १० (दश) वटा राष्ट्रिय लक्ष्य अन्तर्गत उच्च र दिगो उत्पादन तथा उत्पादकत्व तय गरेको र यसको लागि गुणस्तरीय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको विस्तारमा जोड दिएको साथै सोह्रौं आवधिक योजनाको संरचनात्मक रुपान्तरका क्षेत्र अन्तर्गतको (४) स्वस्थ, शिक्षित र सिप युक्त मानव पूँजी निर्माणमा कार्यलाई समेत समेटेको देखिन्छ। राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ मा प्राविधिक तथा व्यवसायिक शिक्षालाई विद्यालय शिक्षाको तल्लो तहदेखि नै समेट्ने प्रयास गरिएको छ। सन् २०१५ मा संयुक्त राष्ट्र संघले सन् २०३० सम्ममा हासिल गर्ने गरी निर्धारण गरेको दिगो विकास लक्ष्यले पनि प्रत्येक व्यक्तिलाई गरी खाने शिक्षामा समावेशी, समतामूलक समन्यायिक ढंगमा दिने अवसरलाई व्यापक बनाउन जोड दिएकोछ।

यस कुशे गाउँपालिकाले पनि प्राविधिक तथा व्यावसायिक शिक्षामा जोड दिई प्रविधि तथा सिपयुक्त दक्ष जनशक्ति उत्पादन हुने र रोजगार एवं स्व-रोजगारको अवसरहरु सृजना भई गाउँपालिका भित्रका युवाहरुलाई आत्मनिर्भर बन्ने अवस्था सिर्जना गराउनका लागि प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका अवसरहरु प्रदान गरिरहेको छ ।कुशेगाउँपालिका जल, जमिन, जडीबुटी, पर्यटन तथा धार्मिक स्थलहरुको धनि गाउँपालिका हो । यहाँ फलफूल, पशुपालन, अन्नवाली र नगदेवालीको धेरै सम्भावना रहेको पाईन्छ । प्राविधिक तथा व्यावसायिक शिक्षाले नागरिकलाई स्वरोजगार बनाउँछ। प्राविधिक शिक्षा आजको आवश्यकता हो । गाउँपालिकामा प्राविधिक शिक्षाको विकास र विस्तार कमै देखिन्छ । प्राविधिक शिक्षाको विकास र विस्तारमा सवै सरोकारवालाहरुले ध्यान दिनु जरुरी देखिन्छ । कुशे गाउँपालिकामा १ वटा सामुदायिक विद्यालय (लक्ष्मी प्राप्ति मा वि खुर्पा) मा डिप्लोमा कृषि विज्ञान पढाई हुन्छ। यस विद्यालयबाट प्रति वर्ष ४० जनाले कृषि विज्ञान डिप्लोमा तहको शिक्षा हाँसिल गर्दछन्। कुशे गाउँपालिकाबाट प्रत्येक वर्ष ५० जना भन्दा बढीलाई विभिन्न किसिमका सिपमुलक तालिमहरु प्रदान गरी क्षमता विकास गर्ने र सिप प्रविधिमा सुनिश्चित गराउने काम भएको छ। प्राविधिक तथा व्यवसायिक तालिम अन्तर्गत लक्ष्मि प्राप्ति मा वि मा सञ्चालन भएको प्राविधिक शिक्षालयमा निम्नानुसारको विद्यार्थी रहेका छन ।

**शैक्षिक शत्र २०८१ को विद्यार्थी विवरण**

| क्रसं | विद्यालयको नाम | सञ्चालित कार्यक्रम | प्रशिक्षक संख्या | विद्यार्थी सङ्ख्या जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री लक्ष्मी प्राप्ति मा वि | डिप्लोमा कृषि विज्ञान | ६ | १९२ | संघिय अनुदानबाट सञ्चालित |

विगतको वर्षहरुमा कृषि विज्ञान धारका कार्यक्रममा अध्ययनरत विद्यार्थीहरु सत प्रतिशत उतिर्ण भएको भएका छन्। यो कार्यक्रम सञ्चालन कुशेगाउँपालिका, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् भक्तपुर र संघीय सरकारको सहयोग प्राप्त भईरहेको छ । यो कार्यक्रम सञ्चालन गर्नको लागि अझैं पनि आर्थिक, भौतिक र प्राविधिक समस्याहरु विद्यालयले झेल्नु परिरहेको छ । विद्यालयको भौतिक, आर्थिक र प्राविधिक अवस्थामा सुधार गर्नको लागि विद्यालय, अभिभावक, स्थानिय सरकार, प्रदेश सरकार, संघीय सरकार, गैरसरकारी संघसंस्थाहरु लगायत अन्य सरोकारवालाहरुको सहयोग अपरिहार्य देखिन्छ ।प्राविधिक शिक्षा आजको आवश्यकता हो त्यसैले कुशे गाउँपालिकामै गुणस्तरिय प्राविधिक शिक्षाको

विकास र विस्तार गर्न नयाँ धारका उच्च प्राविधिक शिक्षालयहरु खोल्नु पर्ने देखिन्छ । यस गाउँपालिकाको अन्य माध्यमिक तहका विद्यालयहरुमा प्राविधिक शिक्षा सञ्चालन गर्न नसक्नु चुनौतीका रुपमा रहेको छ भने अन्य विद्यालयहरुमा पनि प्राविधिक शिक्षा विस्तार गर्नु पर्ने देखिन्छ । यसले माध्यमिक तहमा विद्यार्थी टिकाउ दर तथा पालिकामामै रहेर अध्ययन गर्ने दरमा बृद्धि गर्न मद्धत पुर्याउदछ । सबै माध्यमिक तहमा न्यूनतम रुपमा प्राविधिक शिक्षा तथा सीप विकास तालिमको प्रवन्ध गर्नु र तालिम प्राप्ति पश्चात विभिन्न किसिमका रोजगारमुलक कार्यहरुमा समावेश गराउनु पालिकाको प्राथमिकता भित्र रहेको पनि छ ।

### ३.४.२ उद्देश्य

कुशे गाउँपालिकामा प्राविधिक र व्यवसायिक शिक्षा मार्फत सिपमुलक र रोजगारउन्मुख तथा स्वावलम्वि जनशक्ति तयार गर्न निम्नानुसारका उद्धेश्यहरु तय गरिएको छ ।

क) प्राविधिक, व्यवसायिक र सीपमूलक तालिम र शिक्षा मार्फत आत्मनिर्भर, उत्पादनशील, दक्ष र सिपयुक्त जनशक्तिको निर्माण गर्ने ।

ख) प्राविधिक ,व्यावसायिक र सीपमूलक शिक्षामार्फत स्वरोजगारीका अवसरहरु सुनिश्चित गर्ने ।

ग) रोजगारमूलक, सीपमूलक र उत्पादनशील जनशक्तिको निर्माण गरी नागरिकको आर्थिक अवस्थामा सुधार ल्याउनु तथा स्थानीय स्रोतहरुको उच्चतम प्रयोग गर्ने ।

### ३.४.३ रणनीतिहरु

प्राविधिक तथा व्यवसायीक तालिमका माध्यबाट सीपयूक्त जनशक्ति निर्माणका लागि तय गरिएका माथि उल्लेखित उद्धेश्यहरु पुरा गर्न निम्न रणनीतिहरु अबलम्बन गरिनेछ ।

(क) प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तारका लागि सरोकारवालाहरुको सहभागिता र स्थानिय सरकारको अपनत्व र लगानीमा अभिवृद्धि गर्ने ।

(ख) प्राविधिक विद्यालय, स्थानिय सरकार र समुदायवीच व्यवसायिक प्रणालीमा सुधार गर्न खोज तथा अनुसन्धान र तालिमको लागि समन्वयात्मक वातावरण निर्माण गर्ने ।

(ग) प्राविधिक विषय सञ्चालन गरेका विद्यालयहरुको भौतिक, शैक्षिक र प्रशासनिक सुधारको लागि आर्थिक स्रोतहरु जुटाउने र अन्य माध्यमिक तहका विद्यालयहरुमा प्राविधिक शिक्षालयहरुको विस्तारको प्रवन्ध मिलाउने।

(घ) प्राविधिक विषयका शिक्षकहरुको क्षमता अभिवृद्धि गर्नको लागि तालिम कार्यशालाहरु सञ्चालन गर्ने तथा प्रोत्साहनका कार्यक्रमहरु कार्यान्वयन गर्ने।

(ङ) विपन्न कारणले पछाडी परेका  विद्यार्थीका लागि गाउँपालिकाले शैक्षिक सहायता कार्यहरु गर्ने र सहजिकरण तथा अभिमुखिकरण कार्यक्रमहरु सञ्चालन गर्ने साथै निःशुल्क प्राविधिक तथा ब्यावसायिक शिक्षा प्राप्त गर्ने अवसरको ब्यवस्था मिलाउने।

३.४.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

(क) प्रमुख उपलबिध तथा नतिजा

(क) योजना कार्यान्वयनको अवधि सम्मा कुशे गाउँपालिकामा न्युनतम २ वटा प्राविधिक धार भएको विद्यालय सञ्चालन भएका हुनेछ तथा विभिन्न सीपमुलक तालिम र क्षमता विकासका कार्यक्रमहरु सञ्चालन भएको हुनेछन।

(ख) गाउँपालिकाले प्राविधिक शिक्षा अध्ययन गरेका सीपयूक्त जनशक्तिहरुले न्युनतम् स्रोत र साधनको अधिकतम उपयोग भएको हुनेछ ।

(ग) स्वरोजगार, उत्पादनशील र व्यावसायिक कार्यक्रमहरु मार्फत गाउँपालिका भित्र बसोवास गर्ने सवै नागरिकहरुको आर्थिक आय आर्जनको रुपान्तरणमा टेवा पुगेको हुनेछ ।

| क्र.स | सूचक | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षा तथा व्यबसायीक तालिम प्रदान गर्ने विद्यालय संख्या | १ | ० | ० | ० | २ | ० | २ |
| २ | प्राविधिक शिक्षा तथा व्यबसायीक | | १९२ | १९२ | १९२ | २४६ | २४६ | २४६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | तालिममा प्राप्त विद्यार्थी संख्या | | | | | | | |

३.४.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.स | मुख्य क्रियाकलाप | परिमाण | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकी अवधी | जिम्मेबारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक तथा व्यावसायिक धारको विद्यालय स्थापना र विस्तार गर्ने | पटक | | ० | ० | १ थप | ० | | गाउँ पालिका, सिटिईभिटी |
| २ | शिक्षक तथा कर्मचारी व्यवस्थापन | जना | निरन्तर | निरन्तर | निरन्तर | २ थप | निरन्तर | निरन्तर | गाउँ पालिका, सिटिईभिटी |
| ३ | प्रयोगशाला तथा आई.सि.टी ल्याब व्यवस्थापन, | पटक | | ० | मर्मत र थप | १ थप | ० | | गाउँ पालिका, सिटिईभिटी |
| ४ | प्राविधक तथा व्यबसायीक शिक्षा सञ्चालनको लागि अध्ययन तथा कार्यविधी तयारी | पटक | | १ | | | | | गाउँ पालिका सिटिईभिटी |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | छोटा अवधिका आधारभुत तालिमको ब्यवस्था गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका र सिटिईभिटी |
| ६ | अति विपन्न र पछाडि परेका वर्गका लागि शैक्षिक सहायता र इन्टर्नशिपको व्यवस्था | जना | | ५ | ५ | ५ | ५ | ५० | गाउँपालिका |

### ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

#### ३.५.१ वर्तमान अवस्था

औपचारिक शिक्षाको पहुँच भन्दा बाहिर रहेका वा विभिन्न कारणले औपचारिक शिक्षाबाट बञ्चित भएका नागरिकहरुलाई अनौपचारिक शिक्षाको माध्यमबाट शैक्षिक पहुँच अभिबृद्धि गर्न सकिन्छ । अनौपचारिक शिक्षाका साथसाथै नागरिकले जीवन निर्वाहका लागि आजिवन सिकाइका क्रियाकपाहरुमा सरिक हुन र सक्षम हुन आवश्यक छ । अनौपचारिक शिक्षा र आजीवन सिकाईले दैनिक जीवनमा हुने विभिन्न समस्याहरु हल गर्न र आफ्नो पेसा व्यावसाय सञ्चालन गर्न सहयोग पुर्याउदछ । कुशे गाउँपालिकाले पनि अनौपचारिक र आजीवन सिकाईको लागि बिभिन्न कार्यक्रमहरु तर्जुमा गरी सञ्चालनमा ल्याएको पाईन्छ।अनौपचारिक शिक्षा अन्तर्गत सामुदायिक सिकाइ केन्द्रका माध्यमबाट निरन्तर सिकाइ तथा सहजिकरणका कार्यहरु गरिरहेको छ । कुशे गाउँपालिकाले हाल ३ वटा सामुदायिक सिकाइ केन्द्र रहेको र उक्त सामुदायिक सिकाइ केन्द्र मार्फत निरन्तर सिकाइका क्रियाकलापहरु सञ्चालनमा आएका छन। यसबाट औपचारिक शिक्षाबाट बञ्चित भएका धेरै नागरिकहरु लाभान्वित भएको पाईन्छ। सामुदायिक सिकाइ केन्द्रहरु मार्फत पुस्तकालयको ब्यवस्थापन गर्ने उद्देश्य रहेको र कार्यान्वयनमा रहेको छ । यस शैक्षिक कार्यक्रमलाई अझैं थप प्रभावकारी बनाउन स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारसंग साझेदारी गरी अघि बढ्नु पर्ने देखिन्छ । जनगणना २०७८ अनुसार कुशे गाउँपालिकाको साक्षरता दर ७४.५ प्रतिशत रहेको छ र यसमा पुरुषको साक्षरता ७९ प्रतिशत र महिलाको साक्षरता ७०.१ प्रतिशत रहेको छ । यस गाउँपालिकाको आवधिक योजना ७९।८० अनुसार गाउँपालिकामा जम्मा २४ जना बालबालिकाहरुमात्र विद्यालय बाहिर रहेको देखिन्छ । विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालयको पहुँचमा ल्याउन तथा उनीहरुलाई अनौपचारिक शिक्षाका माध्यमबाट सिकाइ सहजिकरण गर्न आवश्यक देखिन्छ । गाउँपालिकामा साक्षरता अभिबृद्धि गर्न तथा सिकाइका क्रियाकलापहरु सञ्चालन गर्नका निमित्त समुदाय स्तरमा साक्षरताका क्रियाकलापहरु सञ्चालन गर्नुपर्ने तथा निरन्तर शिक्षालाइ निरन्तर रुपमा चलाउन समुदाय स्तरमा रहेका विभिन्न उत्पादनमुलक आमा समुह र बचत समुह सहकारी युवा क्लब अन्य समितिहरुलाई क्षमता विकास र परिचालन गर्न आवश्यक देखिन्छ । औपचारिक शिक्षाबाट बञ्चित भएका युवा तथा विभिन्न समुहलाई उत्पादमुखि क्रियाकलापहरुमा संलग्न राखि उनीहरुलाई जीवनपर्यन्त सिकाइ र क्षमता विकासका अवसरहरु प्रदान गर्नु तथा जीवनपर्यन्त सिकाइलाई विद्यालय तह सम्म जोड्नु आवश्यक छ ।

### ३.५.२ उद्देश्य

अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि लक्षित उपलब्धीहरु प्राप्त गर्न निम्नानुसारका उद्देश्यहरु तय गरिएको छ ।

(क) औपचारिक शिक्षाको पहुँच भन्दा बाहिर रहेका सबै नागरिकका लागि समता सहितको साक्षरता र आजीवन सिकाईका तथा निरन्तर सिकाइका अवसरहरुमा प्रदान गर्नु ।

(ख) सामुदायिक सिकाई केन्द्रहरुको क्षमता विकास, सामुदायिक सिकाइ केन्द्रको विस्तार र परिचालनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु ।

(ग) विद्यालय शिक्षाको अवसरबाट बञ्चित भएका वा बिचैमा कक्षा छोडेका तथा औपचारिक शिक्षाको पहुँच भन्दा बाहिर रहेका बालबालिकाहरुलाई शैक्षिक मुलधारमा ल्याउनु।

(घ) अनौपचारिक शिक्षा तथा निरन्तर एवं जीवन पर्यन्त शिक्षाको विकास तथा विस्तार गरी साक्षरता अभिवृद्धि गर्न साक्षरता कार्यक्रम सञ्चालन गर्नु तथा सिकाइ अभिबृद्धिका लागि विभिन्न किसिमका आजिवन सिकाइका कार्यक्रमहरु सञ्चालन गर्नु ।

### ३.५.३ रणनीति

अनौपचारिक तथा आजीवन सिकाइका लक्षित अपेक्षित उपलब्धिहरु हाँसिल गर्नका लागि निम्नानुसारका रणनीतिहरु अबलम्बन गरिनेछ ।

(क) सामुदायिक सिकाई केन्द्हरु मार्फत विभिन्न आयआर्जन तथा सीप विकास संग सम्बन्धित क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्ने ।

(ख) सामुदायिक सिकाई केन्द्रको विस्तार र थप स्तरोन्नतीको लागि स्थानिय सरकार, प्रदेश सरकार र संघीय सरकारसँग समन्वय र सहकार्य गरीअघि बढ्ने ।

(ग) सरोकारवालाहरुसंगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारीक तथा खुला सिकाई कार्यक्रमलाई प्रवर्द्धन गर्ने ।

(घ) सामुदायिक सिकाई केन्द्, विद्यालय, स्थानिय संघसंस्था, नागरीक समाज , सञ्चार माध्यम र अभिभावक परिचालन गरी अनौपचारीक शिक्षा तथा जीवनपर्यन्त सिकाई कार्यक्रमलाई समतामूलक र पहुँच योग्य बनाई नागरीकका  दैनिक समस्याहरु हल गर्ने वातावरण सुनिश्चित गर्ने ।

(ङ) अनौपचारीक शिक्षा, साक्षरता कार्यक्रम, निरन्तर शिक्षा जस्ता कार्यक्रमहरु सञ्चालन गर्ने तथा समुदायस्तरमा आमा  समुह,  आयआर्जन समुह युवा क्लब तथा बिभिन्न समुहरु संगठित तथा परिचालन गर्ने।

(ङ) औपचारिक शिक्षाको पहुँच भन्दा बाहिर रहेका बालबालिकाको तथ्याङ्क संकलन तथा सहायता प्रदान गर्ने ।

### ३.५.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

(क) औपचारिक शिक्षाबाट बञ्चित भएका सबै नागरिकका लागि साक्षरता शिक्षा, निरन्तर शिक्षा र आजीवन सिकाईका अवसरहरु प्राप्त भएर पुर्ण साक्षर गाउँपालिका भएको हुनेछ।

(ख) सामुदायिक सिकाइ केन्द्रको क्षमता विकास भै समुदायस्तरमा सिप विकास, आजिवन सिकाइका क्रियाकलापहरु तथा अभिभावकहरुको क्षमता विकास र सिकाइ अभिबृद्धि भएको हुनेछ ।

नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.स | सूचक | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|---|---|
| १ | सामुदायिक सिकाई केन्द्रको संख्या | ३ | ३ | ३ | ३ | ४ | ४ | ५ |
| २ | साक्षरता प्रतिशत | ७४.५ | ७५ | ७६ | ७८ | ८० | ८२ | ९५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | सिकाइ केन्द्रमा पुस्तकालय | ३ | ३ | ३ | ३ | ४ | ४ | ५ |

३.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स | प्रमुख क्रियाकलापहरु | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकी अवधी | जिम्मेबारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | निरक्षरहरुको तथ्याङ्क संकलन | पटक | | १ | १ | १ | १ | २ | पालिका र सिकाइ केन्द्र |
| २ | साक्षरता र निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गर्ने | पटक | | १ | १ | १ | १ | ५ | पालिका र सिकाइ केन्द्र |
| ३ | सामुदायिक सिकाई केन्द्रको अनुगमन, निरीक्षण र सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका र सिकाइ केन्द्र |
| ४ | सामुदायिक सिकाई केन्द्रको सुदृढीकरण र क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका र सिकाइ केन्द्र |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | नयाँ सामुदायिक सिकाई केन्द्रको स्थापना र सञ्चालन | वटा | | | | १ | | १ | पालिका र सिकाइ केन्द्र |
| ६ | सिकाइ केन्द्रमा पुस्तकालयको स्थापना र सुद्धृढिकरण | पटक | | १ | १ | १ | | १ | पालिका र सिकाइ केन्द्र |
| ७ | आयआर्जन समुहको क्षमता विकास र परिचालन डिजिटल शिक्षा सहित | पटक | | १ | १ | १ | १ | ५ | पालिका र सिकाइ केन्द्र |

## परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र

### ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

#### ४.१.१ वर्तमान अवस्था

पाठयक्रम शिक्षा पद्दतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार र मार्गदर्शन हो । पाठ्यक्रमले बालबालिकाहरुको सर्वाङ्गीण विकास गर्नु, सभ्यता वा संस्कृतिको हस्तान्तरण एवम् विकास गर्नु, शैक्षिक प्रक्रियाको स्वरुप निर्धारण गर्नु जस्ता महत्वपुर्ण उद्देश्यहरु तय गरेको हुन्छ । पाठ्यक्रम समयानुसार विकास, परिमार्जन र परिवर्तन भैरहेको हुन्छ । नेपालको संविधान २०७२ को धारा ३१ मा उल्लेख भएको शिक्षा सम्बन्धि मौलिक हक र विश्वव्यापी भइरहेका नवीनतम् शैक्षिक प्रवर्धन, प्रयोग तथा उपलब्धि र राज्यको पुर्नसंरचना सँगै शैक्षिक स्मरण भई पाठ्यक्रम विकास केन्द्रको नेतृत्वमा विद्यालय

तहका पाठ्यक्रम २००६ देखि परिवर्तन तथा कार्यान्वयन गरिएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले तयार गरेको विद्यालय क्षेत्रको पाठ्यक्रमलाई सामाजिक न्याय, सकारात्मक रुपान्तरण र विश्व समक्ष प्रतिस्प्रर्धी नागरिक तयार गर्ने लक्ष्य केन्द्रित पाठ्यक्रम कार्यान्वयन गर्नु संघीय, प्रादेशिक र स्थानीय सरकारको मुख्य जिम्मेवारी हुन्छ।

पाठ्यक्रमलाई कार्यान्वयन गर्नका शैक्षिक सामाग्रीको रुपमा पाठ्यपुस्तक हुन्छ र पाठ्ययक्रमको आधारमा पाठ्यपुस्तकहरु निर्माण हुने र प्रयोग हुने गर्दछन ।पाठ्यपुस्तकलाई कार्यान्वयनमा मद्धत गर्नका लागि पाठ्यपुस्तकलाई सहयोग गर्नका लागि र शिक्षण सिकाइ सहजिकरणमा सहायताका लागि शिक्षण सिकाइ सामग्री तथा सन्दर्भ सामग्रीहरु तय गरी प्रयोग गरिन्छ । हाल नेपालमा सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा १० सम्मका सम्पूर्ण विद्यार्थीलाई निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने गरिएको छ भने कक्षा १२ मा पनि अनिवार्य विषयहरु निशुल्क उपलब्ध हुने व्यवस्था भएको छ । नेपालको संविधान २०७२ नै व्यवस्था गरेको प्रावधान बमोजिम नै यस कुशे गाउँपालिकाले पनि प्रभावकारी रुपमा समयमा नै विद्यालयमा पाठ्यपुस्तक पुर्याउने र विद्यार्थीहरुलाई वितरण गर्ने कार्य गरेको छ।

पाठ्यपुस्तकालाई सहायताका रुपमा विद्यालयहरुमा अन्य सन्दर्भ तथा सिकाइ सामग्रीहरुको व्यवस्थापन पनि केही हद सम्म भएको छ ।सूचना तथा सञ्चार प्रविधिको उचित विकास र पहुँच नभइसकेको हाम्रो परिवेशमा विद्यार्थीको एकमात्र विकल्पको रुपमा पाठ्यपुस्तकलाई लिने गरेको पाइन्छ । विद्यालयहरुमा शैक्षिक तथा सन्दर्भ सामग्रीको व्यवस्थापनका लागि गाउँपालिकाले संघिय सरकारको नीति बमोजिम प्रति विद्यार्थी लागत अनुदान प्रदान गर्दै आएको छ । प्रति विद्यार्थी लागत तहगत रुपमा फरक फरक भएको र यसको प्रभावकारी सदुपयोग हुनपर्ने भएता पनि विद्यालयहरुले प्रभावकारी कार्यान्वयन र सदुपयोग भने नगरेको देखिन्छ । यसले गर्दा विद्यालयमा सन्दर्भ सामग्रीको अभाव देखिएको छ ।केही विद्यालयहरुमा पुस्तकालय भएता पनि पुस्तकालयमा सबै बालबालिकाको समतामुलक पहुँच सुनिश्चित भने हुन सकेको छैन । विद्यालयमा इ-पुस्तकालयको प्रवन्ध गर्न सकेमा भने पाठ्यपुस्तक र अन्य सन्दर्भ र शैक्षिक सामग्रीहरु विभिन्न तवरमा शिक्षक र विद्यार्थीले प्रयोग गर्न सक्दछन र आवश्यक्ता अनुसारको पहुँच अभिबृद्धि बढ्न सक्दछ ।यसका अलवा स्थानीय तवरमा निर्माण गर्न सकिने शिक्षण सिकाइ सामग्री पनि न्यून रुपमा निर्माण र प्रयोग भएको देखिन्छ ।

गाउँपालिकाले सबै तहमा पाठ्यक्रमले निर्दिष्ट गरेको मुल्याङ्कन पद्धति अवलम्बन गरिएको छ भने कक्षा ८ को स्तरिकृत परीक्षा सञ्चालन भएको छ र यसलाई अन्य तहमा समेत प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गरी कार्यक्रमहरु तय गरिएको छ । विद्यार्थीहरुको सिकाइ उपलब्धिको नियमित रुपमा विभिन्न तहबाट मुल्याङ्कन अझै पनि प्रभावकारी हुन सकेको छैन ।अझै पनि शिक्षकहरुले सबै तहमा मुल्याङ्कनका विधीहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसकेको र सोही अनुसार तालिम प्रदान गर्न नसकेको अवस्था छ ।

राष्ट्रिय पाठ्यक्रम पारुप २०७६ ले स्थानीय पाठ्यक्रमको निर्माणका लागि स्थानीय तहलाई जिम्मेवारी प्रदान गरेको छ भने पहिलो पटक पाठ्यक्रममा कार्य घण्टा र पाठ्य घण्टाको व्यवस्था गरिएको छ। स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वयन मार्गदर्शन २०७४ अनुसार कुशे गाउँपालिकाले आधारभूत तहमा **हाम्रो कुशे** हाम्रो खुशी विषयक स्थानीय विषयको पाठ्यक्रम निर्माण गरी २०८० सालबाट कार्यान्वयन गरेको छ । यसका साथै कक्षा १-५ सम्मको पाठ्यपुस्तकको समेत निर्माण भएको र यसको कार्यान्वयन समेत भैसकेको छ । स्थानीय पाठ्यक्रम स्थानीय परिवेश र अवस्थाको बारेमा बुझाउने महत्वपुर्ण पक्ष भएकाले कुशे गाउँपालिकाले पनि यो योजना निर्माणको अभिन्न रुपमा पाठ्यक्रम र पाठ्यसामग्रीलाई उच्च महत्त्व दिइएको छ र प्रभावकारी कार्यान्वयन गर्ने गरी योजना बनाएको छ।

विगतमा प्रयोग गरिएको निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीका समस्या तथा कठिनाइहरुको अनुभूतिका आधारमा मूल्याङ्कनका साधनहरुलाई व्यवहारिक बनाई नतिजालाई अक्षराङ्कन पद्धतिमा अभिलेखीकरण गर्ने प्रावधान राखिएको छ। यस शिक्षा योजनाले पनि विद्यालय तहको शिक्षाका लागि सङ्घीय तहमा रहेको पाठ्यक्रम विकास केन्द्रको नीतिगत व्यवस्थालाई कार्यान्वयन गराउन स्थानिय स्तरका शिक्षाका क्षेत्राधिकारभित्र रहेर योजना र कार्यक्रम तयार गरी कार्यान्वयन र सहजीकरण गर्ने ध्येय लिएको छ। प्रमुख शैक्षिक सामग्रीका रुपमा प्रत्येक शिक्षकसँग सम्बन्धित विषयको पाठ्यक्रम शिक्षक निर्देशिका वार्षिक शैक्षणिक कार्ययोजना र विद्यार्थीले आफूले प्रयोग गर्ने कार्यपुस्तक वा पाठ्यपुस्तक अनिवार्य हुनुपर्छ भन्ने मान्यता राखिएको छ । थिम वा पाठ्यवस्तुसँग सम्बन्धित कक्षाकोठाको सिकाइ वातावरण, बाहिरी वातावरण, समुदाय र अनुभवी व्यक्ति, शिक्षक निर्मित सामग्री, स्मार्ट मोबाइल, ल्यापटप र आवश्यकतानुसार खरिद गरिएका सामग्रीहरु प्रयोग गर्नु अपरिहार्य हुन्छ ।

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि विषयगत शिक्षकको व्यवस्था गर्नु, स्थानीय पायठ्क्रम र पाठ्यसामाग्री प्रयोगका लागि क्षमता विकास गर्नु, सबै शिक्षकलाई नयाँ पाठ्क्रमको अभिमुखिकरण गर्नु, स्थानीय पाठ्यक्रमलाई समय अनुसार अद्यावधिक गर्नु, अपाङ्गता भएका बालबालिकाको लागि अनुकुलको पाठ्यसामग्रीको व्यवस्था गर्ने जस्ता विषय पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यान्वयनका चुनौतिका रुपमा रहेका छन् । माध्यमिक तहसम्म निःशूल्क पाठ्यपुस्तकको व्यवस्था, शिक्षक निर्देशिकाको व्यवस्था, परिक्षा र मूल्यांकन प्रणालीमा सुधार, स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन, विभिन्न विषयका पाठ्यसामाग्रीहरु मातृभाषामा र बहुभाषामा सहजिकरण र कक्षा १-३ सम्म एकीकृत पाठ्यक्रमको व्यवस्था, पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यान्वयनका अवसरहरु रहेका छन् ।

### ४.१.२ उद्देश्य

पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री र मुल्याङ्कन पद्धतिलाई प्रभावकारी बनाउन निम्न उद्धेश्यहरु तय गरिएको छ ।

क) पाठ्यक्रमलाई समय सापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी रुपमा कार्यान्वयन गरी सिकारुहरुको ज्ञान, सीप र व्यवहार विकासमा सहजिकरण गर्नु ।

ख) स्थानीय परिवेश अनुसार निर्माण गरिएको स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नु र पाठ्यक्रम अनुसारको पाठ्यपुस्तक र पाठ्यसामग्रीको उत्पादन, वितरण र प्रयोग गर्नु ।

ग) सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरिकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयनसंगै सिकाइलाई समस्या समाधान उन्मुख गराई निरन्तर आवधिक, स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु,

घ) शिक्षण सिकाइ तथा सन्दर्भ सामग्रीहरुको व्यवस्थापन र प्रभावकारी प्रयोग गर्नु र सिकाइ सहजिकरणका लागि शिक्षकलाई पाठ्यक्रम कार्यान्वयनमा सक्षम र दक्ष बनाउनु साथै शिक्षक सहायता सामग्रीहरुको प्रवन्ध मिलाउनु।

### ४.१.३ रणनीति

पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री र मुल्याङ्कन पद्धतिका लागि तय गरिएका उद्धेश्यहरु हाँसिल गर्नका निम्नानुसारका रणनीतिहरु अवलम्बन गरिएको छ ।

(क) राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गरिने र विद्यालय तहको पाठ्यक्रम कार्यान्वयन गर्न शिक्षकको क्षमता विकास, प्रोत्साहन र परिचालन गर्ने ।

(ख) पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधिकरण गरिने, राष्ट्रिय पाठ्यक्रम र स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने र आवश्यकतानुसार मूल्याङ्कन गरी त्यसका आधारमा स्थानीय पाठ्यक्रमको परिमार्जन तथा सुधार गर्ने ।

(ग) शिक्षकका लागि शिक्षक निर्देशिका तथा शिक्षण सामग्री तथा सन्दर्भ सामग्री र विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गरिने ।

(ङ) भाषाको माध्यमको रूपमा आवश्यकताअनुसार मातृभाषा, स्थानिय भाषा, बहु भाषा प्रयोगमा जोड दिने र विद्यालयमा आधारित सहयोग पद्धति विकास गर्ने ।

(च) स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने यसका लागि विभिन्न तहगत रुपमा पाठ्यपुस्तक र पाठ्यसामग्रीको निर्माण एवम् प्रभावकारी प्रयोग र व्यवस्थापन गर्ने ।

(छ) पाठ्यक्रम प्रभावकारी कार्यान्वयनका लागि आवश्यक नीतिगत, संरचनागत तथा शिक्षक पेशागत विकास प्रणालीको विकास तथा सक्षमता अभिवृद्धि गर्ने ।

(ज) अपाङ्गता भएका, अनाथ तथा द्वन्द्व प्रभावित बालबालिकाहरुको शैक्षिक पहुँच बढाउन र सिकाइ अवसर वृद्धि गर्न पाठ्यक्रम तथा सिकाइ सामग्रीलाई ब्रेल लिपि, साङ्केतिक भाषा, श्रव्यदृष्य सामग्रीको विकास तथा प्रयोगलाई उच्च प्राथमिकता दिई सबै बालबालिकाको शैक्षिक अधिकार सुनिश्चित गर्ने ।

(झ) आधारभूत तहको परीक्षा तथा विद्यार्थी मूल्याङ्कन पद्धतिलाई क्रमश सुधार र व्यवस्थित गर्ने तथा मुल्याङ्कन पद्धतिलाई स्तरीकृत र व्यवस्थित बनाउने ।

### ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन र मूल्याङ्कन प्रणाली मार्फत आवश्यक आधारभूत सक्षमता सहित सकारात्मक सोच सिर्जनशील, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारोन्मुख नागरिक तयार गर्न सहयोग हुने ।

(क) पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन भै सिकारुको ज्ञान, सिप र व्यवहारमा सकरात्मक परिवर्तन भएको हुने ।

(ख)  आधारभूत तहको स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन भएको र परिमार्जन भएको साथै सबै कक्षाका स्थानीय पाठ्यक्रम अनुसारका पाठ्यसामग्री विकास, वितरण तथा कार्यान्वयन भएको हुने ।

(ग)  विद्यार्थी मुल्याङ्कन प्रणाली स्तरीकृत र व्यवस्थित भै विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार भएको हुने ।

(घ) पाठ्यपुस्तक तथा शिक्षण सिकाइ सामग्री र सन्दर्भ सामग्रीहरुको प्रभावकारी उपलब्धता र प्रयोग भएको हुनेछ ।

नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०९० |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय संख्या | ५५ | ५५ | ५५ | ५५ | ५५ | ५५ | ५५ | ५५ |
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय संख्या | ५५ | ५५ | ५५ | ५५ | ५५ | ५५ | ५५ | ५५ |
| ३ | निरन्तर विद्यार्थी मुल्याङ्कन | ६९ | ६९ | ६९ | ६९ | ६९ | ६९ | ६९ | ६९ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | गर्ने विद्यालय | प्रारम्भिक बालविका सहित | | | | | | | |
| ४ | स्थानिय पठ्यपुस्तक निर्माण | कक्षा ५ सम्म | कक्षा ५ सम्म | कक्षा ६-८ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

४.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क.स | प्रमुख क्रियाकलाप | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकी अवधी | कसले |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | पाठ्यक्रम अभिमुखिकरण र तालिम | पटक | | १ | १ | १ | १ | ३ | पालिका |
| २ | सहजिकरणमा आधारित शिक्षक क्षमता विकास | पटक | | १ | १ | १ | १ | ५ | पालिका |
| ३ | कक्षा ५ र ८ को स्तरिकृत परिक्षा सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १ | पालिका |
| ४ | डिजिटल सामाग्रीको प्रयोगमा | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सहयोग प्रचार प्रसार क्षमता विकास तथा अभिमुखिकरण | | | | | | | | |
| ५ | पाठ्यपुस्तक वितरण | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | पालिका |
| ६ | स्थानीय पाठ्यपुस्तक छपाई र वितरण | | कक्षा ६-८ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | पालिका |
| ७ | परीक्षा र मुल्याङ्कन प्रणाली सुधारका लागि क्षमता विकास अभमुखिकरण | पटक | | १ | १ | १ | १ | ५ | पालिका |
| ८ | मुल्याङ्कन पद्धतिमा अनुगमन तथा सहजिकरण | विद्यालय | ६९ | ६९ | ६९ | ६९ | ६९ | ६९ | पालिका र विद्यालय |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१. वर्तमान अवस्था

शिक्षण सिकाइ शिक्षक एक महत्वपुर्ण अङ्गका रुपमा रहेको हुन्छ । योग्य दक्ष, समर्पित अभिप्रेरित शिक्षकहरुको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, पेशा प्रति उत्प्रेरित समर्पित, प्रतिवद्ध र विद्यार्थीको सिकाइ प्रति जवाफदेही हुन आवश्यक छ। शिक्षक व्यवस्थापनको महत्त्व र आवश्यकतालाई मध्यनजर राखी प्रारम्भिक बालविकास र शिक्षा तह देखि माध्यमिक तह सम्मको शिक्षकको व्यवस्थापन र परिचालन गर्न आवश्यक देखिन्छ । नेपालमा शिक्षक व्यवस्थापनका सम्बन्धमा केन्द्रमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षकको पेशागत विकासका लागि नीति निर्माण गर्दछ भने प्रदेश तहमा शिक्षा तालिम केन्द्रहरु मार्फत तालिम र क्षमता विकासका गतिविधिहरु अगाडी बढेका छन भने स्थानिय तहले शिक्षकको परिचालन गर्ने कार्य गरिरहेको छ । शिक्षक अध्यापन अनुमति पत्र सम्बन्धि काम र रिक्त शिक्षक दरबन्दिमा स्थायी पदपूर्तिका लागि परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवासम्बन्धि कार्य शिक्षक सेवा आयोगले गर्ने गरेको छ भने आयोगबाट सिफारिस भई आएका शिक्षकहरूलाई नियुक्ति गर्ने कार्य शिक्षा विकास तथा समन्वय इकाइ र पदस्थापन स्थानीय तहहरूबाट हुने गरेको छ। यसैगरी अस्थायी वा विद्यालयको निजी स्रोतमा शिक्षक नियुक्ति गर्ने, शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने कार्य स्थानीय तहबाट हुने गरेको छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रमाणिकरण तथा कष्टमाइज्ड तालिम पाठ्यक्रम निर्माण गर्ने प्रशिक्षक तयार गर्ने कार्य गर्दछ भने प्रदेश अन्तर्गतका शिक्षा तालिम केन्द्रहरूले शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सन्चालन गर्ने काम गर्दै आएका छन् ।

शिक्षक व्यवस्थापन अन्तर्गत यस कुशे गाउँपालिकामा रहेका ५५ वटा विद्यालयहरु र ६९ वटा प्रारम्भिक बाल विकास र शिक्षा केन्द्रहरुमा गरेर जम्मा ३३७ जना रहेका छन । कुशे गाउँपालिकाकामा प्रारम्भिक बालविकास केन्द्र देखि माध्यमिक तहमा रहेका शिक्षकहरुको विवरण यस प्रकार रहेको छ ।

| तह | जम्मा दरबन्दि | जम्मा शिक्षक | गाउँपालिका अनुदान | संघिय अनुदान | राहत | स्थायी | करार |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| प्रारम्भिक बालविकास र शिक्षा | ६९ | ६९ | २३ | ० | ० | ० | ४६ |
| आधारभुत तह कक्षा १ -५ | ७८ | १६७ | ३६ | | ५३ | ७३ | ५ |
| आधारभुत तह कक्षा ६ — ८ | १८ | ६३ | २८ | | १७ | १८ | ० |
| माध्यमिक तह कक्षा ९ र १० | ६ | २६ | १० | | १० | ५ | १ |
| माध्यमिक तह कक्षा ११ र १२ | ४ | १२ | ० | | ८ | | ४ |
| लेखा तथा कार्यालय सहयोगी | | | १४ लेखा | ५८ कास | | संघिय | |
| अपरेटर | | | १३ अपरेटर | १३ कास | | गाउँपालिका अनुदान | |

श्रोतः शिक्षा युवा तथा खेलकुद शाखा

शिक्षा नियमावली २०५९,को नियम ९२ अनुसार सामुदायिक विद्यालयमा रहने शिक्षक दरबन्दिको विवरण अनुसूची १२ मा व्यवस्था गरेको छ। प्रारम्भिक बालविकास र शिक्षा तहमा २० जना बालबालिका बराबर १ जना, कक्षा १–५ सम्मको विद्यालयमा ५० जनासम्म विद्यार्थी भएमा कम्तीमा २ जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तीमा ३ जना,कक्षा ६–८ का लागि कम्तीमा ४ जना र माध्यमिक तह ९–१० मा ५ जना र माध्यामिक तह कक्षा ११-१२ मा ४ जना शिक्षक रहने व्यवस्था उक्त नियमावलीमा छ। यस बमोजिम गाउँपालिकाले शिक्षक दरबन्दि मिलान गरी कार्यान्वयन प्रभावकारी रुपमा गरेको छ। यसका साथै शिक्षा नियमावली अनुसार नेपालमा शिक्षक विद्यार्थी अनुपात हिमाली भेकमा १:४०,पहाडी भेकमा १:४५ र तराईमा १:५० रहेको छ । कुशे गाउँपालिकाले शिक्षकको व्यवस्थापन संघिय व्यवस्था बमोजिम साथै गाउँपालिकाको शिक्षक दरबन्दि मिलान कार्यविधि बमोजिम गरेको छ । यस अनुसार यस गाउँपालिकामा प्रारम्भिक बाल विकास र शिक्षा तहमा शिक्षक विद्यार्थी अनुपात १:१७, आधारभुत तह कक्षा ५ सम्म १:२२, आधारभुत तह कक्षा ६-८ मा १:३२, माध्यमिक तह कक्षा ९-१० मा १:६० र कक्षा ११-१२ मा १:७८ छ । यस गाउँपालिकाले शिक्षक व्यवस्था अन्तर्गत गाउँपालिका अनुदानबाट शिक्षक थप गरेको भएता पनि शिक्षकको क्षमता विकास र पेशागत सहयोगको हकमा भने गाउँपालिकामा शिक्षक पेशागत सहयोगका गतिविधिहरु न्यून रहेका

छन ।प्रारम्भिक बालविकास र शिक्षामा गाउँपालिकाबाट बालविकास शिक्षकका लागि थप प्रोत्साहनको ब्यवस्था भएको भने छैन । यसका साथै शिक्षकलाई क्रियाशिल बनाउन र उत्प्रेति बनाउनका लागि शिक्षक प्रोत्साहन र उत्प्रेरणाका कार्यक्रमहरु हुन सकेका छैनन्।शिक्षकलाई प्रभावकारी रुपमा नियन्त्रण र परिचालनका कार्यहरु गर्न आवश्यक देखिन्छ । शिक्षक तालिमलाई वास्तविक आवश्यकतामा आधारित बनाउन र तालिममा सिकेका ज्ञान तथा सिपलाई कक्षाकोठामा प्रयोग गराउन आवश्यक देखिन्छ भने दरवन्दी मिलान र वितरणका कार्यलाइ प्रभावकारी रुपमा लैजान आवश्यक देखिन्छ । गाउँपालिकामा शिक्षक पेशागत सहयोग पद्धति विकासका लागि सिकाइ समुह गठन, रोष्टर शिक्षक व्यवस्थापन, खेल तथा संगित शिक्षकको ब्यबस्थापन र शिक्षक बिच सिकाइ आदान प्रदान जस्ता कार्य गराउन आवश्यक देखिन्छ ।

४.२.२ उद्देश्य

प्रभावकारी शिक्षक व्यवस्थापनका लागि निम्नानुसारको उद्धेश्यहरु तय गरिएको छ ।

(क) तहगत रुपमा शिक्षकको प्रभावकारी वितरण र व्यवस्थापन गर्नु तथा शिक्षक दरबन्दि मिलानलाई समयानुकल विद्यार्थी संख्या तथा भुगोलका आधारमा प्रभावकारी बनाउदै लैजानु ।।

(ख) निरन्तर पेसागत सहायता प्रणाली स्थापना संगै शिक्षकको निरन्तर पेसागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु ।

(ग)शिक्षक तथा विद्यालय कर्मचारी प्रोत्साहन, निरन्तर पेसागत विकास र सिकाइ आदान प्रदान कार्यक्रमका माध्यमबाट सबै तहमा सक्षम. प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध गर्नु ।

(घ)शिक्षक आपूर्तिका लागि संघ तथा प्रदेश सरकारसँग समन्वय र शिक्षक नियुक्ति र पुनर्बितरणलाई सुदृढ बनाउनु।

(ङ)सबै तहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध र सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु।

(च)कुशे गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयमा खेल तथा संगित साथै कम्प्यूटर शिक्षकको ब्यबस्थापन गर्नु।

(छ)  कुशे गाउँपालिका भित्रका शिक्षकहरु मध्येबाट विषय विज्ञ शिक्षक छनौट गरी विभिन्न विद्यालयहरुमा पेशागत सहायता तथा पृष्ठपोषण प्रदान गर्नु ।

(ज)कुशे गाउँपालिकामा भएका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरु आधुनिक सुचना प्रविधि सँग परिचित भई शिक्षण कार्यलाई प्रविधि सँग जोडी शिक्षण गर्न सक्ने हुनु।

### ४.२.३ रणनीति

शिक्षक व्यवस्थापन र विकासकाका कार्यहरु प्रभावकारी गर्न निम्न रणनीतिहरु अबलम्बन गरिएको छ ।

(क) शिक्षक सक्षमता प्रारुपलाई अद्यावधिक गरी यसलाई शिक्षक तयारी र छनौट प्रक्रियामा आबद्ध गर्न संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्ने ।

(ख) शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रूपमा शिक्षक दरबन्दि मिलान एवम् दरबन्दि पुनर्वितरण तथा थप गर्ने कार्यलाई समयानुकल सहजीकरण गर्ने र प्राविधिक शिक्षाका लागि पनि शिक्षक व्यबवस्थापन र क्षमता विकास गर्ने ।

(ग) शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सिप विकास सम्बन्धि छोटो अवधि र लामो अवधिका सेवाकालिन तालिम प्रदान गर्ने कार्यलाई अनिवार्य र प्रभावकारी बनाइने।

(घ) गाउँपालिकास्तरीय शिक्षक पेशागत सहयोग प्रणालीको कार्यान्वयन मार्फत शिक्षकलाई निरन्तर पेशागत सहयोग उपलब्ध गराइनेछ।

(ङ) गाउँपालिकामा विषयगत शिक्षक संजाल तथा आवश्यकता अनुसार अनुभवि शिक्षकहरुबाट सहयोग तथा अनुगमनको पद्धती विकास गर्ने र सिकाइ आदानप्रदान गर्ने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

(च) शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरी नतिजा प्रति जवाफदेही हुने पद्धति विकासका लागि शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी कार्यान्वयन गर्ने ।

(छ) प्रत्येक तहमा पुरस्कार र दण्डको प्रावधानलाई वस्तुगत र न्यायोचित किसिमले प्रभावकारी बनाइने र विद्यालय कर्मचारीलाई प्रोत्साहनको व्यवस्था गर्ने ।

(ज) शिक्षकहरुका निम्ति सूचना तथा सञ्चार प्रविधिमा दक्षता अभिवृद्धिको लागि कम्तिमा बर्षको एक पटक तालिम तथा गोष्ठिको ब्यबस्था गर्ने।

(झ) गाउँपालिकामा सञ्चालित सामुदायिक विद्यालयका प्रधानाध्यापकलाई तहगत रुपमा अतिरिक्त प्रोत्साहन भत्ताको व्यवस्थापन गर्ने ।

(ञ) गाउँपालिकाका सबै शिक्षकहरुको स्वास्थ्य बीमा निःशुल्क वा अनिवार्य गर्ने ।

(ट) अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिलाई शिक्षण पेसामा सहभागी हुन पाउने अवसर एवम् क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गर्ने ।

(ठ) सबै शिक्षकहरुले सिकाइमा सुधार गर्नका लागि अनिवार्य रुपमा कार्यमूलक अनुसन्धान गर्न लगाउने र उत्कृष्ट अनुसन्धानलाई गाउँपालिकावाट प्रकाशन र सम्प्रेषण गर्ने साथै शिक्षक क्षमता विकासमा प्रविधिलाई जोड दिने ।

(ड) गाउँपालिकास्तरमा सेवा निवृत्त शिक्षक र शिक्षा प्रशासनका अधिकृतहरु सम्मिलित विज्ञ टोलीको गठन गरी शिक्षकहरुको पेसागत सहयोगको कार्यमा परिचालन गरिने छ।

(ढ) यस कुशे गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुका लागि खेल तथा संगित र कम्प्यूटर शिक्षकको ब्यबस्थापन र परिचालन गर्ने।

### ४.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**प्रमुख उपलब्धिः**

(क) सक्षम र पेशाप्रति अभिप्रेरित दक्ष र जिम्मेबार शिक्षकको व्यवस्था र परिचालन भै समग्र रुपमा विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार भएको हुने ।

(ख) शिक्षक सक्षमता प्रारुप २०७२ कार्यढाँचाको आधारमा शिक्षक तयारी, छनौट र पेशागत सहयोग प्रणालीको विकास हुने ।

(ग) शिक्षक सक्षमता प्रारूपको पुनरावलोकन भई शिक्षक सक्षमता कार्यढाँचाका आधारमा शिक्षकको तयारी छनौट र पेसागत विकास भएको हुने ।

(घ) तहगत रुपमा शिक्षक वितरण र बिषयगत रुपमा शिक्षक ब्यवस्थापन र परिचालन भएको हुने ।

(ङ) सबै तहमा शिक्षकहरुको न्यूनतम शैक्षिक योग्यतामा पुनरावलोकन तथा सुधार भएको हुने र शतप्रतिशत शिक्षकहरु न्यूनतम योग्यता हाँसिल गरेको हुने ।

(च) शिक्षक र कर्मचारीको प्रोत्साहित भएको हुने तथा जिम्मेबार र जवाफदेही भएको हुने ।

(छ) कुशे गाउँपालिकामा भएका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरु आधुनिक सुचना प्रविधि सँग परिचित भई शिक्षण कार्यलाई प्रविधि सँग जोडी शिक्षण गर्न सक्ने हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | इकाइ | आधार वर्ष २०८१ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०९० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | तोकिएको योग्यता प्राप्त शिक्षक प्रतिशत | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| २ | सूचना प्रविधि सम्बन्धि न्यूनतम सक्षमता भएका शिक्षक (%) | प्रतिशत | २५ | ३० | ३५ | ४५ | ५५ | ७० | ८५ | १०० |
| ३ | शिक्षक को पेसागत | प्रतिशत | ० | १० | ३० | ५० | ७० | ८० | १०० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सहयोग प्रणाली लागु भएका विद्यालय (%) | | | | | | | | | |

४.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स | प्रमुख क्रियाकलाप | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकी अवधी | कसले |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | शिक्षक व्यबवस्थापन र परिचालन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | पालिका |
| २ | शिक्षक पेशागत सहयोग प्रणालीको विकास र कार्यान्वयन | पटक | | १ | १ | १ | १ | २ | पालिका |
| ३ | अन्तरविद्यालय सिकाइ आदानप्रादन भ्रमण | पटक | | १ | १ | १ | १ | ५ | पालिका र विद्यालय |
| ४ | पालिकाले प्रअ र प्रअले | पटक | | १ | १ | १ | १ | ५ | पालिका र |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | शिक्षकहरूसँग करार सम्झौता | | | | | | | | विद्यालय |
| ५ | सिकाइ समुह वैठक/घुम्ती वैठक संचालन गर्ने तहगत | पटक | | १ | १ | १ | १ | ५ | पालिका र विद्यालय |
| ६ | तहगत रुपमा उत्कृष्ट कार्य गर्ने शिक्षकलाइ प्रेत्साहन | बार्षिक | १ | १ | १ | १ | १ | ५ | पालिका र विद्यालय |
| ७ | एक शिक्षक एक ल्याप्टप अवधारणा कार्यान्वयन गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | पालिका र शिक्षक विद्यालय |
| ८ | प्रधानाध्यापक लाई थप भत्ताको व्यवस्थापन | जना | | ५५ | ५५ | ५५ | ५५ | ५५ | पालिका |
| ९ | प्रधानाध्यापक लाई प्रशासनिक व्यवस्थापन तालिम | पटक | | १ | १ | १ | १ | ५ | पालिका |

### ४.३ शैक्षिक समता र समावेशिकरण

#### ४.३.१ वर्तमान अवस्था

सामाजिक, आर्थिक,साँस्कृतिक, धार्मिक, भौगोलिक, धार्मिक तथा सांस्कृतिक, शारिरिक, मानसिक तथा जातिय र बर्गिय एवम् विभिन्न ढंगबाट शैक्षिक मुलधारबाट उपेक्षित सबै बालबालिकाहरुलाई विभिन्न कारणले शिक्षा बाट बञ्चित हुन नदिनका लागि विशेष तवरले शैक्षिक अबसर प्रदान गर्नु नै समतामुलक र समावेशी शिक्षा हो ।संविधानले नै प्रदान गरेको अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धिको अवधारणा अनुसार पनि बालबालिकाको विद्यालय शिक्षामा शतप्रतिशत समतामुलक र सहभागितात्मक पहुँच अभिबृद्धि गर्नु अति आवश्यक छ।

शिक्षाको मूलधारमा आएका तथा आउन नसकेका बालबालिकाहरूलाई समावेशी, बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिकमैत्री र सुरक्षित सिकाइ वातावरण तयार गरी समतामूलक र समावेशी पहुँच मार्फत शैक्षिक गुणस्तरमा सुधार गर्नु आवश्यकता पनि हो।बालबालिकाहरुलाई शैक्षिक पहुँच अभिबृद्धिका लागि कुशे गाउँपालिकाले पनि शैक्षिक समता र समावेशिकरणका कार्यहरु निरन्तर रुपमा सञ्चालन र कार्यान्वयन गरिरहेको छ ।यसलाई थप प्रभावकारी बनाउनका लागि प्रयासरत रहेको छ । हाल विकसित परिवेश सँगै अनाथ बालबालिका, घरेलु हिंसा पिडित, द्धन्द पिडित, सहिद परिवार, बेपत्ता घाइते, अपाङ्गता भएका तथा सामाजिक र आर्थिक रुपमा पछाडी परेका वा पारिएका बालबालिकालाई शिक्षामा सहभागिता र सुनिश्चितता भन्ने बुझिन्छ।विविधतालाई पहिचान दिनु, सम्मान गर्नु र व्यक्तिगत भिन्नताको कदर गरी विविधतालाई प्रोत्साहित गर्नु आवश्यक छ। बालबालिकामा भएका विभिन्नताले पहुँच, सहभागिता तथा नतिजामा फरक नपर्ने अवस्था सृजना गरी समता कायम गर्नु आवश्यक छ । समताले अवसरको समानता मात्र सिर्जना नगरी अवसर असमान हुनाका कारण पहिचान गरी तिनलाई समान बनाउन विशेष तथा थप प्रबन्ध गर्नु पर्दछ। सामाजिक न्याय स्थापित गर्न शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्ने कार्य भएकाले महत्वपूर्ण र अत्यावश्यक छ।

नेपालमा विद्यालय शिक्षामा सबैको समतामूलक र समावेशी पहुँचका लागि नीतिगत व्यवस्थाका साथै विभिन्न कार्यक्रमहरू पनि सञ्चालित छन् । दिवा खाजा, पाठ्यपुस्तक सहित निःशुल्क शिक्षा छात्रवृति र अपाङ्गता भएका बालबालिकाहरूलाई गरिएको विभिन्न सहायताले बालबालिको समतामूलक र समावेशी पहुँचका लागि योगदान गरेको छ र गाउँपालिकाले पनि यस्ता कार्यहरुलाई निरन्तर रुपमा कार्यान्वयन गरिरहेको छ।विद्यालय तहमा महिला, जनजाती, दलित तथा सामाजिक र आर्थिक रुपले पछाडि परेका

वर्गका शिक्षक नियुक्तिको समावेशी व्यवस्था, पाठ्यक्रममा लैङ्गिक लगायत सांस्कृतिक, धार्मिक, जातजातीय सम्वेदनशीलतालाई विचार गरी विविधताको सम्मान गर्ने प्रयास गरिएको छ।

कुशे गाउँपालिकामा मुख्य रुपमा १० जातीका मानिसहरु बसोवास गर्ने गरेकाछन । यो गाउँपालिकाको कुल २३०५८ जनसंख्या मध्ये सवैभन्दा बढी ३२.२% अर्थात ७४२९ जनसंख्या ठकुरी जातीको रहेकोछ ।त्यसपछि क्रमश क्षेत्री २७.२% कामी १४.६% बाहुन ८.१% दमाई ६.५% मगर ५.४% सार्की ३.३% सन्यासी १% र घर्ती बादी र गुरुङको संख्या १% प्रतिशत भन्दा कम रहेकोछ । यो गाउँपालिकाको लक्षित वर्गमा महिला,दलित, अपाङ्गता,जेष्ठ नगारिक, गरीव लाई समावेश गरिएकोछ । राष्ट्रिय नीति अनुसार यो गाउँपालिका नै पिछडीएको क्षेत्र अन्तरगत पर्ने भएकोले समग्र गाउँपालिका वासी नै लक्षित वर्गमा पर्दछन । विद्यालयमा विद्यार्थीको भर्ना विवरण २०८१ अनुसार कुल ९२८० जना विद्यार्थीमा दलित विद्यार्थी २७. ७३ प्रतिशत र जनजाती विद्यार्थी ८.३९ प्रतिशत रहेको छ । तहगत रुपमा लैङ्गिक समता सुचक विश्लेषण गर्दा आधारभुत तह र माध्यमिक तहमा लैङ्गिक समता सुचक ०.९९ नै रहेको छ भने समग्रमा भने ०.९८५ रहेको छ । विभिन्न तहमा महिला शिक्षकको उपस्थिति भने न्यून रहेको छ । प्रारम्भिक बालविकास र शिक्षा तहमा भने महिला शिक्षक शत प्रतिशत रहेका छन भने अन्य तहमा न्यून रहेको छ । गाउँ शिक्षा समिति,शिक्षक अभिभावक संघ र अन्य समिति र विद्यालय व्यवस्थापन समितिमा महिलाको उपस्थिति करिब ३३ प्रतिशतको हाराहारीमा पुर्याउने कार्यलाई प्राथमिकतामा राखिएको छ। आधारभूत तहमा अध्ययन गर्ने सम्पूर्ण छात्राहरुलाई छात्रवृत्ति प्रदान गर्ने कार्यलाई निरन्तरता प्रदान गरिएको छ साथै यसै गरी दलित छात्रवृति तथा अपाङ्गता छात्रवृति । लैङ्गिकमैत्री वातावरण निर्माण गर्न विद्यालयहरूमा छात्रा सुलभ शौचालय निर्माण गर्ने कार्यलाई जोड दिइएको छ। महिनावारी हुने सबै छात्राहरूलाई स्यानेटरी प्याडको निःशुल्क वितरण गरी विद्यालयले व्यवस्थापन गर्ने कार्य कार्यान्वयन गरिएको छ। छात्रामाथि हुन सक्ने दुर्व्यवहार, हिंसा,विभेद आदि जस्ता कार्यलाई रोक्नका लागि प्रत्येक विद्यालयमा लैङ्गिक सम्पर्क व्यक्ति तोकी गुनासो सुनुवाई संयन्त्रको निर्माण एवम् परिचालन गर्ने कार्यलाई अगाडि बढाउन आवश्यक देखिन्छ ।माध्यमिक तहका विद्यालयमा केहि हद सम्म यस्ता कार्य भएतापनि प्रभावकारी हुन भने सकेको छैन।विशेष गरी माध्यमिक तहमा लैङ्गिक सम्पर्क व्यक्ति रहेता पनि सबै तवरले सबैको पहुँच सुनिश्चित हुने गरी कार्य गर्न आवश्यक देखिन्छ ।विद्यालय तथा विद्यालय बाहिर रहेका अपाङ्गता भएका बालबालिकाको सिकाई सहजिकरणका लागि सामग्रीहरु तथा सहायताको कार्य प्रभावकारी बनाउन आवश्यक देखिन्छ।

### ४.३.२ उद्देश्य

लक्षित समुहका बालबालिकाहरुलाई शिक्षामा समतामुलक र समावेशी रुपमा पहुँच अभिबृद्धि गर्नका लागि निम्न उद्धेश्यहरु अबलम्बन गरिएको छ ।

(क) महिला, दलित, जनजाति,अपाङ्गता भएका, भौगोलिक कठिनाइमा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक तथा आर्थिक कारणले वञ्चितिमा परेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुऱ्याउनु र शिक्षाको मुलधारमा ल्याउनु।

(ख) शिक्षण सिकाइ प्रक्रिया लगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशीता अभिवृद्धि गरी विद्यालयलाई बालमैत्री, अपाङ्तामैत्रि , लैङ्गिकमैत्री बनाउनु ।

(ग) विद्यालयमा कुनै पनि प्रकारको विभेद, हिंसा र दुर्व्यवहार नहुने गरी सुरक्षित सिकाइ वातावरणको सुनिश्चित गर्नु ।

### ४.३.३ रणनीति

शैक्षिक समता र समावेशिकरणका लागि निम्नुसारका रणनीतिहरु अबलम्बन गरिएको छ र सोही बमोजिम कार्यान्वयन गरिनेछ।

(क) सामाजिक, आर्थिक तथा विभन्न कारणले पछाडी परेका साथै अपाङ्गता भएका बालबालिकाहरुको लेखाजोखा र अध्ययन गरी उनीहरुलाई समावेशी शिक्षाको प्रवन्ध मिलाउने।

(ख) सबै तह र प्रकारका विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक अवस्था तथा सुरक्षित शैक्षिक वातावरणको विकास गरी विशेष लक्षित समूहका सबै बालबालिकाहरूलाई विद्यालय शिक्षा उपलब्ध गराउने साथै विद्यालय बाहिर रहेका बालबालिकाको लागि अनौपचारिक शिक्षाको प्रवन्ध मिलाउने।

(ग) सबै आधारभूत विद्यालयहरुमा स्थानीय स्तरमा नै उत्पालित दिवा खाजा सहित स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छता सम्बन्धि सेवा तथा शिक्षाको प्रवन्ध तथा किशोरीहरु लक्षित महिनावारी स्वच्छता सम्बन्धि सेवा तथा शिक्षा प्रदान गरिनेछ ।

(घ) आवश्यकतानुसार पोसाक, स्टेसनरी तथा सिकाइ सामग्रीका लागि छात्रवृत्ति, शैक्षिक सहायता, अपाङ्गता भएका बालबालिहरुका लागि लक्षित सिकाइ सामग्री उपलब्ध गराइने ।

(ङ) सिकाइका क्रियाकलापहरु सहभागितात्मक बनाइ विद्यालयमा कुनै पनि किसिमको विभेद नहुने वातावरण सिर्जना गर्ने ।

(च) समावेशी शिक्षा लागु गर्नको लागि शिक्षकहरुलाई विभिन्न तालिम प्रदान गरिने र प्रत्येक विद्यालयमा लैङ्गिक तथा गुनासो सुनुवाइ सम्पर्क व्यक्ति तोकि जवाफदेही हुने प्रणालिको विकास गरिनेछ ।

४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

(क) विद्यालय तहको शिक्षामा समता सहितको समावेशी बालमैत्री, लैङ्गिकमैत्री तथा अपाङ्गमैत्री शैक्षिक वातावरणको पहुँच कायम भै सबैका लागि गुणस्तरीय समावेशी शिक्षा सुनिश्चित हुने ।

(ख) महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक तथा आर्थिक कारणले वञ्चितिमा परेका सबै –बालबालिकाहरूले समावेशी शिक्षा प्राप्त गर्ने अवसर पाउने ।

(ग) विद्यालयमा कुनै पनि प्रकारको विभेद, हिंसा, दूर्व्यवहार र हेपाइरहित बालमैत्री , अपाङ्गमैत्री र लैङ्गिकमैत्री समता सहितको समावेशी वातावरण सिर्जना भएको हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | शिक्षामा समता र समावेशीकरण | आधार वर्ष २०८१ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०९० |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | आधारभुत तहमा विद्यालय बाहिर रहेका बालवालिका संख्या | २४ जना २०८० | २० | १५ | ५ | २ | ० | ० | ० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | लैङ्गिक समता सूचक (१-८) | ०.९९ | ०.९९ | ०.९९ | ०.९९ | ०.९९५ | ०.९९८ | ०.९९९ | १.०० |
| | लैङ्गिक समता सूचक (९-१२) | ०.९९ | ०.९९ | ०.९९ | ०.९९ | ०.९९५ | ०.९९८ | ०.९९९ | १.०० |
| ३ | लैंगिक, अपांग, बाल मैत्री संरचना प्रतिशत | २० | २५ | ३५ | ५० | ६५ | ८० | ९० | १०० |
| ४ | लैङ्गिक अपाङ्गता तथा बाल संरक्षण सम्पर्क व्यक्ति भएको विद्यालय प्रतिशत | ० | १३ | ५५ | | | | | |

४.३.५ प्रमुख क्रियाकलाप र परिमाणत्मक लक्ष्य

| क्र.स | मुख्य क्रियाकलाप | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकी अवधी | जिम्मेबारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | अपाङ्गता भएका तथा विभिन्न कारणले | पटक | | १ | १ | १ | १ | निरन्तर | पालिका वडा र विद्यालय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान र तथ्याङ्क अद्यावधी | | | | | | | | |
| २ | छात्रवृत्री कार्यकंम | जना | ५२०० | ५२२० | ५२५० | ५२८० | ५३०० | २७००० | पालिका शिक्षा शाखा |
| ३ | अति विपन्न र लक्षित बालबालिकालाई शैक्षिक सामग्रीहरु सहायता तथा अध्यक्ष छात्रवृति कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका तथा अन्य सस्था |
| ४ | विद्यालयमा लैङ्गिक तथा समावेशि र गुनाशे सुनुवाइ फोकल शिक्षकको व्यवस्था र क्षमता विकास | पटक | | १३ | ४२ | | | | पालिका शिक्षा शाखा |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | अपाङ्गता भएका बालबालिकाको लागि शैक्षिक सामग्री सहयोग | पटक | | १ | १ | १ | १ | ५ | पालिका तथा अन्य सस्था |
| ६ | समावेशि तथा समता शिक्षा र क्षमता विकास तालिम र अभिमुखिकरण | पटक | १ | १ | | १ | | ३ | पालिका तथा अन्य सस्था |
| ७ | समता र समावेशीकरण का लागि सचेतनामुलक कार्यक्रमहरु | पटक | | १ | १ | १ | १ | ५ | गाउँपालिका |

## ४.४. विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ वर्तमान अवस्था

विद्यालय पोषण तथा स्वास्थ्य शिक्षासंग अन्तरसम्बन्धित बिषय भएको र बालबालिकाको शैक्षिक विकास र उन्नतिका लागि यस कार्यक्रमको भुमिका महत्वपुर्ण हुने भएकाले पनि विद्यालय शिक्षामा पोषणको र स्वास्थ्यलाई महत्वपुर्ण विषयका रुपमा समावेश गरेको छ बालबालिकाको सर्वाङ्गीण विकास तथा सिकाइसँग उनीहरुको स्वास्थ्य तथा पोषणको सम्बन्ध हुने तथा बालबालिकाको बौद्धिक, मानसिक, सामाजिक र शारीरिक विकास भई सिकाइ उपलब्धिमा सुधार गर्न उचित स्वास्थ्य तथा पोषणले प्रोत्साहित गरेको हुन्छ । बालबालिकाहरुमा सरसफाइको कमी, सन्तुलित आहार नहुनु ,पोषणयुक्त खानाको कमीका कारणले विभिन्न किसिमका रोगहरू उत्पन्न हुँदा बालबालिकाहरु विद्यालयमा नियमित हुन सक्दैनन । बालबालिकाहरु विद्यालयमा नियमित नहुँदा उनिहरुको शैक्षिक वातावरणमा नकरात्मक प्रभाव परेको हुन्छ । व्यक्तिगत सरसफाइ, घरायसी सरसफाइ, विद्यालयको सरसफाइ, वातावरणिय सरसफाइले बालबालिकाको स्वस्थ जीवनयापनमा सहयोग पुर्याउँदछ। विद्यालयमा हुने दिवा खाजा, स्वच्छ खानेपानी, महिनावारी स्वच्छता व्यवस्थापन तथा बालबालिकाको स्वास्थ्य जाँच, खोप लगायतका कार्यक्रमहरु यस अन्तर्गत पर्दछन ।

सरसफाइ तथा स्वच्छता गुरुयोजना २०११, विद्यालय स्वास्थ्य र पोषण रणनीति २००६, विद्यालय क्षेत्र विकास कार्यक्रम सन २०१६ देखि २०२३, बालमैत्री विद्यालय फ्रेमवर्क लगायतका नीति, पूर्ण सरसफाइ निर्देशिका लगायतले स्पष्ट रुपमा विद्यालयको खानेपानी तथा सरसफाइ एवं पोषणको बारेमा दिशानिर्देश गरेका छन् । यसका साथै गाउँपालिकाले पनि स्वास्थ्य तथा सरसफाइ ऐन र नीति २०७४ निर्माण गरी कार्यान्वयन गरेको छ । गाउँपालिकाले विद्यालयमा छात्र र छात्राका लागि युरिनल सहितका फरकफरक शौचालय, शौचालयमा नियमित पानी, नियमित सरसफाइ, सहज हात धुने ब्यवस्था, स्वच्छ खानेपानी र सरसफाइका न्यूनतम रुपमा हुनुपर्ने र सोही बमोजिम विद्यालयलमा कार्यान्वयन हुनैपर्ने ब्यवस्थाको उल्लेख गरेको छ । विद्यालयमा पानी, शौचालय, वातावरणीय सरसफाइ, सफा र हरियाली वातावरण, स्वच्छता सुविधा, स्वच्छता शिक्षा, महिनावारी स्वच्छता ब्यवस्थापन सुविधा, लगायतको व्यवस्थापनले विद्यालयको पोषण तथा सरसफाइमा मद्धत पुर्याएको छ ।बालबालिकाहरुको नियमित रुपमा स्वास्थ्य शिक्षा, स्वास्थ्य परिक्षण, नियमित खोप, भिटामिन , आइरन चक्की तथा शुक्ष्म पोषक तत्वहरुको वितरण जस्ता कार्यहरु समुदाय तथा विद्यालयमा नियमित हुनुपर्दछ र बालवालिकाको पहुँच सुनिश्चित हुनु पर्दछ।

कुशे गाउँपालिका ६९ वटा प्रारम्भिक बालविकास केन्द्र र ५५ वटा सबैमा प्रारम्भिक बालविकास शिक्षा देखि कक्षा ५ सम्म रहेका सबै बालबालिकाकाहरुका लागि दिवा खाजा कार्यक्रम संञ्चालन गरिएको छ। दिवा खाजा अन्तर्गत सबै विद्यालयले पत्रु (जङ्ग फुड) खाजा निरुत्साहित गर्न लागि स्थानीय स्तरमा उत्पादन भएका अर्गानिक खाजा खुवाउने गरी नियम बनाएको र कार्यन्वयन गरिरहेको अवस्था छ । दिवा खाजाका लागि स्थानीय तहले कार्यविधि निर्माण गरी कार्यान्वयन गर्ने र स्थानिय तहले स्टान्डर्ड मेनु निर्माण गरी विद्यालयलाई कार्यान्वयन गराउनु पर्ने अवस्था छ । विद्यालयले जङ्ग फुड बन्देज गरेको भएता पनि कतिपय विद्यालयहरुले पत्रु (जङ्ग फुड) खाजा खुवाउने गरेकाले पालिकाले स्थानीय परिवेश अनुसारको मेनु तयार गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।गाउँपालिकाले नै स्टान्डर्ड मेनु तयार गरी विद्यालयमा कार्यान्वयन गरेपछि एकरुपता भएको छ। यसका साथै सरसफाइ र स्वच्छता अन्तरगत कक्षा ६ भन्दा माथि अध्ययन गर्ने छात्राका लागि महिनावारी स्वच्छता व्यवस्थापनका लागि निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रमलाई प्रभावकारी बनाउदै लगिएको छ। महिनावारी स्वाच्छता अन्तरगत स्यानीटरी प्याड बिसर्जन गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।सबै विद्यालयका लागि प्राथमिक उपचार सामग्रीको व्यवस्थापन देखि सबै किशोरीका लागि निःशुल्क आइरन चक्की प्रदान गर्ने कार्य पनि स्वास्थ्य शाखाबाट हुँदै आएको छ।गाउँपालिका अन्तर्गत रहेका ५५ वटा सामुदायिक विद्यालयहरुमध्ये १३ माध्यामिक विद्यालयहरुमा विद्यालय नर्स कार्यक्रम सञ्चालन को लागि अगामि बर्षहरुमा योजना तय गरी कार्यक्रमलाई प्रभावकारी बनाउने प्रयास गरिनेछ ।विद्यालय सरसफाइ अन्तरगत कक्षाकोठाको सरसफाइ, विद्यालयको वातावरणीय सरसफाइ, स्वच्छ खानेपानीका लागि फिल्टरको ब्यवस्था लगायतका कार्य गर्न आवश्यक छ । यसका साथै विद्यालय स्वास्थ्य अन्तरगत सबै विद्यालयमा प्राथमिक उपचार किटको वितरण, नियमित स्वास्थ्य चेकजाँच, विद्यालयम पोषणका साथै माध्यमिक तहका सबै विद्यालयमा पोषणको महत्व तथा व्यवहार परिवर्तन, मानसिक स्वास्थ्य, लागु औषध दुर्वयसनी सम्बन्धि सचेतनामुलक कार्यक्रमहरु प्रभावकारी रुपमा सबै विद्यालयमा सञ्चालन गर्न आवश्यक देखिन्छ।विद्यालय पोषण र स्वास्थ्य शिक्षाका कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गरी बालबालिकाको सिकाइ अवस्थामा सुधार गर्न पालिकाले अहम भुमिका निर्वाह गर्नु पर्ने देखिन्छ ।

### ४.४.२ उद्धेश्य

बालबालिकाको पोषण र स्वास्थ्य अवस्थामा सुधार गरी बालबालिकाको शिक्षण सिकाइमा सुधार ल्याउनका लागि निम्न उद्धेश्यहरु तय गरिएको छ ।

(क) बालबालिकालाई स्थानीय उत्पादनमा आधारित स्वस्थकर एवं पोषणयुक्त रैथाने पौष्टिक खाना प्राप्तिको सुनिश्चितता र प्रवर्धन गर्नु साथै विद्यालयमा पुर्ण रुपमा स्थानीय स्तरमा नै उत्पादित खाजा खुवाउने प्रवन्ध मिलाउनु ।

(ख) विद्यालयमा बालबालिकाको स्वास्थ्य पोषण र सरसफाइ तथा स्वच्छताका सेवा तथा सुविधामा सहजता प्रदान गर्न पुर्वाधारको विकास गरी सुरक्षित वातावरण मार्फत पोषण र स्वास्थ्यमा सुधार ल्याउनु ।

(ग)विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूको स्वास्थ्य पोषण र सरसफाइ तथा स्वच्छता सम्बन्धि सकरात्मक व्यवहारलाई प्रोत्साहन गर्नु र सिकाइ उपलब्धिमा सुधार गर्नु ।

(घ) नियमित रुपमा विद्यालयमा नै स्वास्थ्य चेकजाँच, स्वास्थ्य सहायता तथा सहभागितमा सुधार गर्नु तथा स्वास्थ्य शिक्षा र सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्नु ।

### ४.४.३ रणनीति

विद्यालय पोषण र स्वास्थ्य कार्यक्रमको कार्यान्वयनका लागि निम्नानुसारको रणनीतिहरु अबलम्बन गरिएको छ ।

(क) गाउँपालिका भित्रका सबै विद्यालयहरुमा पुर्ण रुपमा जंङ्क फुड निषेध गर्ने र स्थानीय उत्पादनमा आधारित पोषणयुक्त दिवा खाजालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

(ख) दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गर्न सहजिकरण तथा अभिमुखिकरण गर्ने

(ग)विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, सफाइ सामग्री सहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय तथा युरिनल, किशोरिहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रवन्ध र घेराबारको व्यवस्था गर्ने ।

(घ) प्रयोग गरिएका स्यानेटरी प्याड व्यवस्थापनका लागि रातो बाल्टी तथा इन्सिनरेटरको ब्यवस्थापन गर्ने ।

(ङ)विद्यालयहरूमा नियमित प्राथमिक उपचार किट वितरण, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी तथा सूक्ष्म पोषक तत्त्व प्रदायक ट्याबलेटहरू (भिटामिन ए र आइरन

फोलिक एसिड आदि) को वितरण र किशोरीहरूको महिनावारी स्वच्छताको लागि स्यानिटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाईने।

(च) विद्यालयमा स्वास्थ्य, खाद्य सुरक्षा, स्वच्छता र सरसफाइ, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषणसम्बन्धि शिक्षा प्रदान गर्न स्वास्थ्य र कृषि क्षेत्रसँग समन्वय र सहयोगमा संयुक्त कार्य योजना निर्माण गरी कार्यान्वयन गर्ने।

(छ) मानसिक स्वास्थ्यमा सुधारका लागि बालबालिकालाई मानसिक स्वास्थ्य शिक्षा तथा मनोसामाजिक परामर्शको ब्यवस्था गर्ने ।

(ज) विद्यालय स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छता सम्बन्धि कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी प्रभावकारी बनाउने।

(झ) सबै माध्यमिक तहका विद्यालयहरुमा विद्यालय नर्स कार्यक्रम लागु गर्ने र उक्त माध्यमिक तहमा रहेका विद्यालय नर्सहरुलाई अन्य आधारभुत तहका विद्यालयहरुमा परिचालन गर्न अभिप्रेरित गरिनेछ।

(ञ) विद्यालमा स्वास्थकर तथा पोषण र दिवा खाजा कार्यक्रमलाई थप प्रभावकारी बनाउन प्रदेश सरकार, विकास साझेदारहरुसंग सहकार्य गरिनेछ ।

(ट) गाउँपालिका भित्र कार्यरत कर्मचारी तथा विद्यालयका शिक्षकहरूको विद्यालय स्वास्थ्य, पोषण, तथा दिवा खाजा कार्यक्रमलाई सिकारूको सिकाइ उपलब्धिमा आबद्ध गर्न आवश्यक क्षमता विकास गरिनेछ ।

(ठ) दिवा खाजा तथा पोषण युक्त खानाका सम्बन्धमा अभिभावक सचेतीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

(ड) बालबालिका तथा समुदायको खाद्य र स्वास्थ्य तथा पोषण अवस्था र व्यवहार परिवर्तनका लागि पोषण शिक्षा, कक्षा कोठामा आधारित पोषण मैत्री शिक्षण सिकाइका लागि स्थानीय पाठ्यक्रम निर्माण/परिमार्जन लगायतका विषयमा स्थानीय तहको क्षमता गरिनेछ ।

### ४.४.४ प्रमुख उपलब्धि तथा नतिजा

(क) विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भएर सुरक्षित तथा रमाइलो सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता भएको हुनेछ ।

(ख) विद्यालय स्वास्थ्य तथा पोषण व्यवस्थापनका लागि गाउँपालिकाले कार्यविधि तथा आवश्यक मापदण्ड निर्माण गरी कार्यान्वयन गरेको हुने ।

(ग) सबै बालबालिकाहरुले स्थानीय स्तरमा उत्पादित रैथाने उत्पादनमा आधारित पोषणयुक्त दिवा खाजा प्राप्त गरेको हुनेछन र जंङ्क फुडलाई पूर्णरुपमा निरुत्साहित गरिएको हुनेछ ।

(घ) गाउँपालिकामा भएका माध्यमिक विद्यालयका सबै कक्षाका विद्यार्थीहरुलाई अभिभावकको सहभागितामा दिवा खाजा प्राप्त हुने व्यवस्थापन भएको हुनेछ ।

(ङ) विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय तथा युरिनल, किशोरिहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था भएको हुनेछ ।

(च) विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन, बालबालिकाहरूको स्वास्थ्य जाँच, जुकाको औषधि, आईरन चक्की तथा किशोरीहरूको मासिक महिनावारीमा स्यानिटरी प्याड वितरण र डिस्पोजेबल इन्सिनरेटरको व्यवस्था भएको हुनेछ ।

(छ) विद्यार्थीहरुलाई स्वास्थ्य, खाद्य सुरक्षा, सरसफाइ तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषणसम्बन्धि आधारभूत शिक्षा प्राप्त हुनेछ ।

(ज) विद्यार्थी र विद्यालयको अगुवाइमा सरसफाइमा स्मार्ट विद्यालय कार्यक्रम लागु गरी पूर्ण सरसफाइका सूचकहरु पूरा भएको हुने।

(झ) विद्यालयमा भर्ना भएका शत प्रतिशत बालबालिकाहरुले पूर्ण रुपमा खोप प्राप्त गरेको र न्यूनतम स्वास्थ्य चेक जाँच भएको हुनेछ ।

(ञ) माध्यमिक तह सम्म सञ्चालनमा रहेका सबै विद्यालयहरुमा विद्यालय नर्सको ब्यवस्था भएको हुनेछ र अन्य विद्यालयमा परिचालित भएका हुनेछन।

(ट) स्थानिय उत्पादनमा आधारित दिवा खाजा व्यवस्थापन निर्देशिका तयार परिमार्जने भई कार्यान्वयनमा आएको हुने साथै दिवा खाजा तथा विद्यालय स्वास्थ्य र पोषण सम्बन्धि निर्देशिका विकास भई प्रयोगमा आएको हुने ।

(ठ) स्थानीय कृषि उपजमा आधारित दिवा खाजा व्यवस्थापनका लागि अत्यावश्यक खाद्य सामग्री आपूर्ति श्रृखला विकास भई प्रयोगमा आएको हुने ।

(ड) विद्यालय स्वास्थ्य तथा पोषण र दिवा खाजासम्बन्धि स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन भएको हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०९० |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ५ बर्ष मुनिका सबै बालबालिकाले खोप प्राप्त गरेको प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| २ | पत्रु खाजा प्रतिवन्ध विद्यालयहरु | ६९ प्रारम्भिक बालविकास केन्द्र सहित | ६९ | ६९ | ६९ | ६९ | ६९ | ६९ | ६९ |
| ३ | वार्षिकरुपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सङ्ख्या | ० | १३ | ६९ | ६९ | ६९ | ६९ | ६९ | ६९ |
| ४ | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय सङ्ख्या | ० | ० | २ | ४ | ६ | ८ | १० | १३ |

### ४.४.५प्रमुख क्रियाकलापहरु र लक्ष्य

| क्र.स | मुख्य क्रियाकलापहरु | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकी अवधी | जिम्मेबारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | बालवालिकालाई खोप तथा शुस्म पौंषक तत्व वितरण | विद्यालय | ६९ | ६९ | ६९ | ६९ | ६९ | ६९ | स्थानीय तह स्वास्थ्य शाखा |
| २ | स्वस्थकर दिवा खाजाको व्यवस्था | विद्यालय | ६९ | ६९ | ६९ | ६९ | ६९ | ६९ | स्थानीय तह विद्यालय |
| ३ | वार्षिकरुपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण | विद्यालय | ० | ६९ | ६९ | ६९ | ६९ | ६९ | विद्यालय स्वास्थ्य शाखा |
| ४ | प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुर्याउने | विद्यालय | ० | १३ | ६९ | ६९ | ६९ | ६९ | पालिका र स्वास्थ्य शाखा |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | विद्यालय नर्सको व्यवस्था | विद्यालय | ० | २ | ४ | ६ | ८ | १३ | विद्यालय स्वास्थ्य शाखा संघ |
| ६ | डम्पिङ पिट निर्माण, रातो बाल्टी, इन्सिनरेटर | विद्यालय | ० | ५ | १५ | २० | १५ | १४ | विद्यालय र पालिका |
| ७ | स्यानीटरी प्याट वितरण तथा ब्यवस्थापन तथा सिकाइमा परेको प्रभाव अध्ययन | विद्यालय | ५५ | ५५ | ५५ | ५५ | ५५ | ५५ | शिक्षा शाखा र विश्व खाद्य कार्यक्रम |
| ८ | सरसफाइमा उत्कृष्ठ कार्य गर्ने विद्यालयलाई पुरस्कृत गरिने | विद्यालय | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ९ | विद्यालयलाई प्राथमिक उपचारको किटको | विद्यालय | ६९ | ६९ | ६९ | ६९ | ६९ | ६९ | पालिका र स्वास्थ्य शाखा, |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | व्यवस्था र अभिमुखिकरण | | | | | | | | विश्व खाद्य कार्यक्रम |
| १० | मानसिक स्वास्थ्य तथा लागुऔसध सम्बन्धि सचेतनामुलक कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका र स्वास्थ्य शाखा |
| ११ | विद्यालयमा आईसि सामग्री वितरण | विद्यालय मावि | | ११ | ११ | ११ | ११ | निरन्तर | पालिका र स्वास्थ्य शाखा |
| १२ | पोषण र स्वास्थ्य सम्बन्धि सचेतनामुलक कार्यक्रम | पटक | १ | २ | २ | २ | २ | १० | पालिका र स्वास्थ्य शाखा, विश्वखाद्य कार्यक्रम |
| १३ | पोषण र सरसफाइ सम्बन्धि क्षमता अभिबृद्धि | पटक | १ | २ | २ | २ | २ | १० | गाउँपालिका, विश्वखाद्य कार्यक्रम |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १४ | विद्यालय स्वास्थ्य पोषण तथा दिवा खाजा सम्बन्धि निर्देशीका निर्माण र परिमार्जन | पटक | | १ | | | | १ | गाउँपालिका, विश्वखाद्य कार्यक्रम |
| १५ | स्वास्थ्य तथा पोषण, सन्तुलित खाजाको व्यवस्थापन, मेनु अनुसारको दिवा खाजा व्यवस्थापन लगायतका विषयमा भान्सेका लागि तालिम सञ्चालन तथा सामग्री सहयोग | विद्यालय र बाविके | ६९ | ६९ | ६९ | ६९ | ६९ | ६९ | गाउँपालिका, विश्वखाद्य कार्यक्रम |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १६ | पालिका तहमा दिवा खाजा सम्बन्धि मेनु विकास सम्बन्धि क्षमता विकास र स्थानीय परिवेश अनुसारको दिवा खाजाको मेनु परिमार्जन | पटक | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका, विश्वखाद्य कार्यक्रम |

### ४.५ विद्यालय सुरक्षा, विपत् तथा उत्थानशीलता

#### ४.५.१. वर्तमान अवस्था

विभिन्न कारणले उत्पन्न संकटकालिन अवस्थामा जस्तै विपत् तथा विभिन्न किसिमका अवरोधहरुमा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितका शैक्षिक कार्यक्रमहरुलाई आपतकालिन तथा संकटपूर्ण अवस्थामा शिक्षाको रुपमा लिने गरिन्छ । यसको मुख्य उद्धेश्य भनेको नै विभिन्न कारणले बालबालिकाको शैक्षिक सिकाइमा निरन्तरता अबरोध हुने अवस्था समग्र शिक्षा क्षेत्रलाई निर्वाद रुपमा क्रियाशिल हुने गरी शैक्षिक कार्यक्रमहरुको तयारी तथा सञ्चालन गर्नु हो। आपत्कालिन तथा संकटपुर्ण अवस्थामा शिक्षाको अवधारणा बालअधिकारको रुपमा स्वीकार गरिएको छ र हरेक बालबालिकाले सुरक्षित र भय रहित वातावरणमा विपद्को समयमा पनि निरन्तर रुपमा शिक्षा हाँसिल गर्ने अवसरहरु प्राप्त गर्ने वातावरण सिर्जना गर्नुपर्दछ ।यसमा प्राकृतिक प्रकोप जोखिम न्यूनिकरण, महामारी, युद्ध, द्वन्द्व व्यवस्थापन जस्ता बिषयहरु समावेश गरिन्छ। नेपालमा विशेष गरी कोभिड-१९ को विश्वव्यापी महामारी पश्चात शैक्षिक क्षतिलाई न्यूनिकरण गर्न वैकल्पिक माध्यमबाट शिक्षण सिकाइ गर्न विभिन्न नीतिगत कार्यक्रहरु विस्तृत रुपमा कार्यान्वयनमा आएका छन ।सिकाइ सहजिकरण निर्देशिका २०७७, विद्यालय शिक्षा सम्बन्धि आकस्मिक कार्ययोजना २०७७, विद्यालय सञ्चालन कार्यढाँचा, पाठ्यवस्तु समायोजन ढाँचा २०७७, विपत जोखिम न्यूनीकरण तथा व्यवस्थापन ,शिक्षा नियमावली तथा कार्यविधी २०७४ ले विपद्को समयमा शैक्षिक गतिविधीहरु कसरी बढाउन सकिन्छ भन्ने बिषयहरु उल्लेख गरेका छन ।सोही बमोजिम स्थानिय तहहरुले पनि विपतको समयमा शैक्षिक गतिविधिहरु सञ्चालन गर्न विभिन्न प्रयासहरु थालेका छन। स्थानीय तहहरुले शिक्षा समुह निर्माण गर्ने, विपत् शिक्षा योजना निर्माण गर्ने, विद्यालयमा विद्यालय सुधार योजनामा विपतका विषयवस्तुहरु समावेश गर्ने कार्यहरु अगाडी बढेका छन । यस्तै गरी विद्यालय सुरक्षा अन्तरगत भौतिक पुर्वाधारहरु भुकम्प प्रतिरोधी बनाउने, विपत् बाट सुरक्षितहुने स्थानमा संरचानाहरु निर्माण गर्ने जस्ता कार्यहरु पनि भएका छन ।

यस गाउँपालिकाले विपत् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०८१ निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । विपद्को समयमा शैक्षिक गतिविधिहरु कसरी निरन्तर बनाउन सकिन्छ भन्ने बिषयमा कुशे गाउँपालिकाले पनि विशेष महत्वको रुपमा लिएको छ र विगतका समयमा पनि बालबालिकाको सिकाइ निरन्तरताका लागि विभिन्न किसिमका वैकल्पिक सिकाइ सहजिकरणका कार्यहरु गरेको छ। कुशे गाउँपालिकामा विशेष गरी हावाहुरी, बाढी तथा पहिरोको जोखिम, चट्याङ र विभिन्न समयमा अन्य भाइरल ज्वरो लगायतका रोगहरुले वालवालिकाको पठनपाठनमा समस्या निम्ताएको हुन्छ ।यस्तो अवस्थामा वालवालिकाको पढाइलाई निरन्तरताका लागि विद्यालय सुधार योजना मार्फत विभिन्न किसिमका सिकाइ क्षति परिपुरणका कार्यहरु राखिएका छन् ।विपतको समयमा विद्यालयमा हुने भौतिक तथा शैक्षिक क्षति न्यूनिकरणका लागि गाउँपालिकाले आपतकालिन सहयोगको योजनाहरु बनाएको र

सोही अनुसार कार्य गर्ने गरी योजना निर्माण गरेको छ।कुशे गाउँपालिकाले विभिन्न महामारीको अवस्थामा शिक्षण सिकाइलाई निरन्तरता दिनका लागि भर्चुअल कक्षा तथा रेडियो मार्फत कक्षाहरु सञ्चालन मार्फत विद्यार्थीको सिकाई कार्य सञ्चालन गर्ने तथा टोल पढाइ गर्ने,रियल प्लानको कार्यान्वयन गर्ने जस्ता अनुभव र तयारी गरेको छ ।

कुशे गाउँपालिका भुकम्पको जोखिममा रहेको स्थानीय तह हो । जाजरकोट भुकम्पको समयमा यस गाउँपालिकाको विभिन्न क्षेत्रमा जस्तै विद्यालयमा पनि भुकम्पका कारण क्षति भएको थियो । समग्र गाउँपालिकाका शैक्षिक पुर्वाधारहरुमा करिब शत प्रतिशत पुर्वाधारहरु भुकम्प प्रतिरोधी छैनन् ।विद्यालयमा रहेका कुल भवनमा करिव ७३ प्रतिशत भवनहरु कच्चि रहेका छन।विद्यालयहरु विशेष गरी पहिरोको जोखिममा रहेका छन भने बालबालिकाहरु लामो दुरीको यात्रा गर्नु पर्ने भएकाले बाढी तथा अन्य विपत जोखिममा भने रहेका छन ।यस गाउँपालिकामा विपतको नक्साङ्कन नहुनु,प्रभावकारी तयारी नहुनु,हरित विद्यालय अवधारणाहरु कार्यान्वयन नहुनु र यस संग सम्बन्धित नीति निर्माण नहुनु तथा विपद ब्यवस्थापन सम्बन्धि तालिम र क्षमता विकास प्राप्त शिक्षक नहुनु मुख्य चुनौतीका रुपमा रहेका छन।साथै आपतकालिन अवस्थामा कार्यान्वयन हुने वैकल्पिक सहजिकरणका उपायहरु दिगोपन र कार्यान्वयनका लागि चुनौतिका रुपमा रहेका छन।

### ४.५.२ उद्देश्य

विद्यालय सुरक्षा र विपतको समयमा बालबालिकाको सिकाइ सहजिकरणलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न निम्न उद्धेश्यहरु तय गरिएको छ।

(क) औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट सम्भावित विपत् तथा जोखिम पूर्व सावधानी र तयारीको वातावरण तयार गर्नु र गाउँपालिका तथा विद्यालय तहमा विपत् प्रतिकार्य योजना निर्माण गर्नु तथा सयन्त्रको विकास गर्नु ।

(ख) सम्भावित विपत् व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक,मानविय तथा आर्थिक स्रोतको तयारी गरी शैक्षिक क्षति न्यूनिकरण गरी उनीहरुको सिकाइ निरन्तरता दिनु।

(ग) विपद्का समयमा हुने शैक्षिक क्षति न्युनिकरणका लागि क्षमता विकास र परिचालन गर्नु साथै बालवालिकालाई विपद्को क्षतिबाट अल्पकालिन र दीर्घकालीन रुपमा पुनर्स्थापना गर्नु।

### ४.५.३ रणनीति

विद्यालय सुरक्षा र विपतको क्षेत्रमा कार्य गर्नका लागि निम्नानुसारका रणनीतिहरु अबलम्बन गरिने छ ।

(क) विपद्को समयमा शिक्षण सिकाइका गतिविधिहरुलाई निरन्तरता दिन पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पूर्नस्थापना सम्बन्धि आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार गरि कार्यान्वयन गर्ने।

(ख) सम्भावित प्रकोप तथा विपद् सम्बन्धि पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी तथा सीप विकास गर्ने ।

(ग) महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिन वैकल्पिक उपायहरूको खोजी र प्रयोग गर्ने ।

(घ) सम्पूर्ण विद्यालयहरुको विपत जोखिमको अवस्था मुल्याङ्कन गर्ने र प्राथमिकिकरण गर्ने साथै विद्यालयमा विपद् प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयन गर्ने।

(ङ) गाउँपालिकामा रहेको शिक्षा समुहको प्रभावकारी परिचालन गर्ने।

(च) विपत प्रतिकार्यका लागि आवश्यक सीप, ज्ञान र स्रोत तयारी गर्ने ।

(छ) गाउँपालिकामा विद्यालय शिक्षाका लागि विपद् सुरक्षा डेस्क स्थापना गरी विद्यालय तहमा पनि कार्यान्वयन गर्ने ।

(ज) शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद् वा संकटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने तथा संकटासन्नताको मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको वृहत योजना तयार गर्ने ।

(झ) विपद् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अन्य सरोकारवाला निकायहरू बिचको समन्वय र सहकार्यमा जोड दिने ।

(ञ) हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने ।

४.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि तथा नतिजा**

(क) विपत् व्यवस्थापनका लागि गाउँपालिकामा शिक्षा समुह गठन भै शिक्षा समुहको प्रभावकारी परिचालन तथा विपद् शिक्षा योजना निर्माण भै कार्यान्वयन भएको र विभिन्न विपद् प्रतिकार्य संयन्त्रहरु निर्माण र क्षमतावान भएको हुनेछन ।

(ख) सम्भावित विपतको ब्यवस्थापन तथा उत्थानशिलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको ब्यवस्थापन भएको हुने ।

(ग) आपतकालिन अवस्थामा वैकल्पिक सिकाइका विधीहरुको प्रयोग भै बालबालिकाको सिकाइ सहजिकरण नियमित भएको हुनेछ ।

(घ) सबै विद्यालयले हरित र सुरक्षित विद्यालयको नीति अवलम्बन गरी कार्यान्वयन गरेका हुनेछन ।

(ङ) विपदको पुर्व तयारी स्वरुप आवश्यक सामाग्री ब्यवस्थापन भएको हुनेछ।

(च) गाउँपालिका तथा प्रत्येक विद्यालयले विपद प्रतिकार्य योजना तयार गरेका हुनेछन्।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०९० |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकाहरुलाई विपत सम्बन्धि अभिमुखिकरण गर्ने विद्यालय सङ्ख्या | ० | ० | १३ | ३० | ५५ | | | |
| २ | हरित विद्यालय | ० | ० | ५ | १० | १५ | २० | २५ | ५५ |
| ३ | जलवायू परिवर्तन तथा दिगो विकासका शिक्षा कार्यन्वयन गर्ने | ० | ० | ५ | १० | १५ | २० | २५ | ५५ |
| ४ | विपद प्रतिकार्य योजना निर्माण गर्ने विद्यालय | ० | ० | १३ | २६ | ५५ | | | |
| ५ | गाउँपालिकामा विपद् शिक्षा योजना निर्माण | ० | ० | १ | | | | | |

४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स | मुख्य क्रियाकलाप | परिमाण | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकी अवधी | जिम्मेबारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | विपत् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड र विपद शिक्षा योजना निर्माण (शिक्षा समुह गठन सहित) | पटक | | १ | | | | पुनरावलोकन | पालिका |
| २ | विपत् तथा प्रकोप स्थानीय तह र विद्यालयको क्षमता विकास | पटक | | १ | १ | १ | १ | ५ | पालिका र सरोकारवाला |
| ३ | विद्यालयमा विपद प्रतिकार्य योजना निर्माण र कार्यान्वयन | विद्यालय | ० | १३ | १३ | २९ | | | पालिका र विद्यालय |
| ४ | विपत् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापन तथा उत्थानशीलताका लागि | पटक | | १ | १ | १ | १ | ५ | पालिका र विद्यालय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सचेतना शिक्षक तथा विव्यस तालिम | | | | | | | | |
| ५ | हरित विद्यालय अवधारणाको कार्यान्वयन | विद्यालय | ० | ५ | ५ | ५ | ५ | ३५ | पालिका र विद्यालय |
| ६ | विपद् मा शैक्षिक क्रियाकलाप सञ्चालनका लागि सिकाइ सहजिकरणका सामग्रीको तयारी र व्यव्थापन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | पालिका र विद्यालय |
| ७ | विपत जोखिमको नक्साशाङ्कन | पटक | | १ | | | | १ | गाउँपालिका |

### ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

#### ४.६.१ वर्तमान अवस्था

विद्यालयको भौतिक पुर्वाधार निर्माण र व्यवस्थापन बालबालिकाको सिकाइ वातावरण निर्माण र पहुँच अभिबृद्धिको लागि एक महत्वपुर्ण तथा अनिवार्य क्षेत्र हो । बालबालिकाको सिकाइ वातावरणका निर्माणका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी लगायतका भौतिक पूर्वाधार विद्यालयका आधारभूत भौतिक संरचना भित्र पर्दछन । नेपालको शिक्षा नियमावली २०५९ अनुसार विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षा (कक्षा १-३) का लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र आधारभुत तह (कक्षा ४-८) तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफलको आवश्यक पर्ने उक्त नियमावलीको नियममा उल्लेख गरिएको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक– कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपत् जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवम् बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्था गरिएको छ। राष्ट्रिय शिक्षा नीतिले पनि सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवम् विस्तारको नीति अबलम्बन गरेको तथा गाउँपालिकाको पुर्वाधार विकासको सिकाइ अनुभवका आधारमा सुरक्षित भौतिक पुर्वाधार निर्माण र व्यवस्थापन गर्ने गरी कार्यक्रमहरु कार्यान्वयन गरेको छ र थप सुधारका प्रयासहरु गर्न पनि प्रतिवद्ध छ ।

यस कुशे गाउँपालिकामा संचालित ५५ वटा विद्यालयहरुमा २०८१ मंसिर सम्मको तथ्याङ्क अनुसार विद्यालयहरुमा भएका भौतिक संरचनाहरुको विवरण निम्नानुसार रहेको छ ।

| क्रसं | भौतिक विवरण | परिमाण | कैफियत |
|---|---|---|---|
| १ | पक्की भवन | ३८ | |
| २ | कच्चि भवन | १०५ | |
| ३ | शौचालय | ६१ | प्रारम्भिक बालविकास सहित |
| ४ | पुस्तकालय | २ | |
| ५ | विज्ञान प्रयोगशाला | ० | |
| ६ | कम्प्युटर कक्ष | २ | |

| | | | |
|---|---|---|---|
| ७ | खानेपानी धारा | ४० | |
| ८ | घेराबार | १५ | |
| ९ | खेलमैदान | ४ | |
| १० | चमेना गृह | २ | |
| ११ | विद्युत | १ | |
| १२ | इन्टरनेट | ४ | |

**स्रोतः शिक्षा युवा तथा खेलकुद शाखा कुशे गाउँपालिका जाजरकोट**

समग्र पुर्वाधारको अवस्था हेर्दा यो पालिकामा विभिन्न समस्याहरु भोग्न परेको अवस्था छ । बालबालिकाहरु विद्यालयमा पुग्न लामो पैदल यात्रा गर्नु पर्ने, भौतिक पुर्वाधारहरु पनि सबै तवरले मैत्रीपुर्ण नभएको र विभिन्न किसिमका अभावहरु जस्तै घेरबार, खेलकुद मैदान, शुद्ध खानेपानीको प्रवन्ध लगायतका क्षेत्रमा समस्याहरु रहेका छन । भौतिक पुर्वाधारमा पुर्ण रुपमा कार्य गर्न पर्ने देखिन्छ यस गाउँपालिकाले विद्यालयहरुमा भौतिक पूर्वाधार निर्माण सम्बन्धि मापदण्ड २०७७ अनुसार पुर्वाधारहरुका निर्माण कार्य कार्यान्वयन गर्नुपर्ने आवश्यक्ता रहेको छ ।कुशे गाउँपालिका भित्रका विद्यालयहरुको भौतिक संरचनाहरु सबै तवरले मैत्रीपुर्ण हुनुपर्ने र सोही बमोजिम विभिन्न पुर्वाधारहरु निर्माण र व्यवस्थापन गर्नुपर्ने हुन्छ । यद्धपि प्राथमिकता प्राप्त सक्षमताभित्र रहेको कक्षाकोठा, छात्राका लागि बेग्लै शौचालय लगायतका संरचनाहरु लाई मापदण्ड बमोजिम कार्नयान्वयन गर्न सकिएको छैन ।विद्यालयका भौतिक संरचना निर्माणका लागि हालसम्म अवलम्बन गरिएका पद्धतिमा लागत अनुमानमा एकरुपता कायम हुन सकेको छैन र सबै विद्यालयमा पुर्वाधारहरु समान रुपमा कार्यान्वयन भएको छैन।कुशे गाउँपालिकाका सबै विद्यालयका भौतिक संरचनाहरुमा संघ तथा प्रदेश सरकारबाट प्राप्त भौतिक पूर्वाधारसम्बन्धि कार्यक्रमहरु मागमा आधारित नहुँदा झनै समस्या भएको छ। विद्यालयमा भवन निर्माण गर्ने सिलसिलामा भवन आचार संहिताको पूर्ण रुपमा पालना नभएका कारण धेरैजसो विद्यालयहरू अपाङ्ग मैत्री र विपत् प्रतिरोधी बन्न सकेका छैनन् । समग्रमा विद्यालयको पूर्वाधार विकासमा तीन तहका सरकार र विकास साझेदार निकायहरु बिचको समन्वय र सहकार्य अपेक्षित रुपमा प्रभावकारी र नतिजामूलक बन्न सकिरहेको छैन। अधिकांश विद्यालयहरुमा छात्र र छात्राको लागि छुट्टाछुटै शौचालयको व्यवस्था गरिएको छैन साथै शौचालयहरु अपाङ्गतामैत्री छैनन्।सबै विद्यालयहरुमा सुरक्षित र स्वच्छ पिउने पानीको अभाव पनि रहेको छ। यसै गरी खेलमैदान तथा विद्यालय घेराबार पनि प्रभावकारी हुन आवश्यक देखिन्छ । **गाउँपालिकामा रहेका विद्यालयहरुको** भौतिक संरचनाहरु निर्माण गर्दा **कुशे** गाउँपालिकाको एकल प्रयासले मात्र सम्भव नभएकोले संघीय

सरकार,प्रदेश सरकार,समुदाय विभिन्न संघ संस्थाहरुको समेत सहयोग लिन सकेमा भौतिक संरचनालाई मजबुद बनाइ शिक्षण सिकाइमा प्रभावकारी भूमिका निर्वाह गर्न र विद्यार्थीहरुको सिकाई उपलब्धिमा सुधार गर्न सकिन्छ ।

४.६.२ उद्देश्य

यस कुशे गाउँपालिका भित्रका सबै शैक्षिक संस्थाहरुको भौतिक पुर्वाधारमा सुधार गरी सुरक्षित सिकाइ वातावरणमा निर्माणमा सुधार ल्याउनका निम्ति निम्नानुसारका उद्धेश्य तय गरिएको छ ।

(क) विद्यालयहरुमा न्यूनतम भौतिक संरचनाहरुको प्रभावकारी व्यवस्थापन गरी बालबालिकाहरुको समतामुलक र गुणस्तरीय पहुँच उपलब्ध गराउनु ।

(ख) शैक्षिक संस्थाहरुको भौतिक पूर्वाधारका लागि आवश्यक मापदण्ड निर्माण,भौतिक पुर्वाधार व्यवस्थापनको गुरुयोजनाको विकास र कार्यान्वयन गर्नु ।

(ग) विद्यालयका पुर्वाधारहरु सुरक्षित, मैत्रीपुर्ण र पहुँचयोग्य तवरले निर्माण र व्यवस्थापन गर्नु ।

४.६.३ रणनीति

भौतिक पुर्वाधारको प्रभावकारी कार्यान्वयन र व्यवस्थापनका लागि निम्नानुसारका रणनीतिहरु अबलम्बन गरिएको छ ।

(क) विद्यालयको भौतिक संरचनाको व्यवस्थापनका लागि आवश्यक पुर्वाधार निर्माण मापदण्ड र गुरुयोजनाको निर्माण र कार्यान्वयन गर्ने ।

(ख) विद्यालयको समग्र पक्षमा सुधार ल्याउन प्राथमिकताका आधारमा भौतिक पुर्वाधारको निर्माण,मर्मत सम्भार तथा सवलिकरण गर्ने ।

(ग) गाउँपालिकामा सञ्चालन भएका विद्यालयहरुमा पूर्वाधार विकासका लागि संघीय सरकार, प्रदेश सरकार,विकास साझेदार एवम् गाउँपालिकाको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गर्ने ।

(घ) सबै विद्यालयमा एक पुस्तकालय,एक विज्ञान प्रयोगशाला,एक गणित प्रयोगशाला र शैक्षिक सुचना व्यवस्थापन प्रणाली प्रबर्द्धनमा जोड दिने ।

(ङ) विद्यालयहरुको भौतिक संरचनाहरुको अवस्था पहिचान र प्रोफाईल तयार गरी उक्त प्रोफाईलका आधारमा कार्यान्वयन प्रक्रिया अगाडी बढाउने ।

(च) पूर्वाधार निर्माण सँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्ष (भुकम्प प्रतिरोधी तथा हरित विद्यालय) लाई एकिकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

(छ) विद्यालयको भौतिक पक्षमा सुधार गर्नका लागि स्थानीय समुदाय र लगानीकर्ताहरुलाई प्रोत्साहन एवम् परिचालन गर्ने कार्यमा आवश्यक सहजीकरण र समन्वय गर्ने ।

(ज) भौतिक संरचनाहरु अपाङ्ग तथा बालमैत्री बनाउनुका साथै हरेक विद्यालयमा बाल उद्यानको निर्माण गर्ने।

४.६.४ प्रमुख उपलब्धि तथा नतिजा

(क) सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक अवस्था सुविधा सहितको विद्यालयमा अध्ययन गर्ने अवसर प्राप्त भएको हुने ।

(ख) विद्यालय शिक्षा अन्तर्गत विकास एवम् विस्तार गर्नुपर्ने भौतिक मापदण्ड तथा गुरुयोजना निर्माण भै कार्यान्वयन भएको हुने ।

(ग) सबै विद्यालयहरुमा पुस्तकालय र विभिन्न विषयगत प्रयोशालाहरुको स्थापना तथा विस्तार भएको हुने ।

(घ) विद्यालयहरूमा बनेका संरचनाको सम्बर्द्धन तथा मर्मत सम्भार तथा सवलिकरणका लागि नियमित पद्धति विकास भएको हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र=स | सूचक | आधार वर्ष २०८१ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०९० |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | बाल मैत्री, फरक क्षमता मैत्री तथा भुकम्प | ० | ० | २० | ३० | ४० | ६० | ८० | १०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रतिरोधी विद्यालय % | | | | | | | | |
| २ | खेल मैदान व्यावस्थापन तथा खेलकुद सामाग्री व्यावस्थापन % | ७३ | ७३ | ८० | ९० | १०० | | | |
| ३ | मैत्रीपुर्ण शौचालय भएको विद्यालय % | १५ | १५ | २० | ३० | ४० | ६० | ८० | १०० |
| ४ | स्वच्छ र मैत्रीपुर्ण पिउने पानीको व्यवस्थापन भएको विद्यालय % | ७३ | ७३ | ८० | ९० | १०० | | | |
| ५ | भौतिक पुर्वधार संरक्षण र मापदण्ड सम्वन्धि | ० | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | अभिमुखिकरण | | | | | | | | |

३.४.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.स | मुख्य क्रियाकलाप | परिमाण | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकी अवधी | जिम्मेबारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | बालमैत्रि अपाङ्ता मैत्री तथा भुकम्प प्रतिरोधि भवन तथा पुर्वाधार निर्माण , मर्मत तथा सवलिकरण | पटक प्राथमिकता का आधार मा | ० | ३ | ३ | ३ | ३ | ६ | पालिका र वडा |
| २ | भौतिक पुर्वाधार व्यबवस्थापनका लागि अभिमुखिकरण तथा क्षमता विकास | पटक | | १ | | १ | | २ | पालिका र वडा |
| ३ | भौतिक पुर्वाधारको अवस्था बिश्लेषण तथा प्रोफाईल तयारी तथा पुर्वाधार | पटक | | १ | | | | १ | पालिका, |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यान्यन मार्गदर्शन निर्माण | | | | | | | | |
| ४ | खेलमैदानहरु को विस्तार र व्यबवस्थापन | निरन्तर र प्राथमिकताका आधारमा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | पालिका |
| ५ | शौचालय , खानेपानी तथा फर्निचरहरुको व्यबवस्थापन तथा मर्मत सम्भार | निरन्तर र प्राथमिकताका आधारमा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | पालिका |
| ६ | बाल उद्यानको स्थापना र व्यवस्थापन | विद्यालय | | ५ | ५ | ५ | ५ | २५ | पालिका र विद्यालय |

### ४.७ विद्यालय सूचना तथा सञ्चार प्रविधि

#### ४.७.१ परिचय

नेपालको संविधान, २०७२ ले सूचनाको हकमा प्रत्येक नागरिकको आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सुचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनि मौलिक हकमा उल्लेख गरेको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्याइ डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुर्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाइ सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको व्यवस्थापन र उच्चतम प्रयोग अभिबृद्धि गर्नका निमित्त विद्यालयमा सुचना तथा सञ्चार प्रवधिको पहुँच बढाउनु पर्दछ ।

नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुर्याउने विषयमा नीति निर्धारण गरेको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धि गुरू योजना कार्यान्वयन गर्ने लगायतका नीतिहरू उल्लेख गरेको छ । डिजिटल नेपालको कार्यढाँचा, २०७६ ले पनि विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा र सबैका लागि सूचना प्रविधिसम्बन्धि साक्षरता प्रदान गर्नुपर्ने व्यवस्था गरेको छ । यसका अलवा राष्ट्रिय शिक्षा नीति २०७६ र विज्ञान तथा प्रविधि प्रवर्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्वन्धी नीतिहरू उल्लेख भएको छ। उक्त नीति अनुसार सबै विद्यालय तथा शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धि संरचना तयार गर्ने, कनेक्टिभिटी पुर्याउने, तालिम, शिक्षण सिकाइ तथा व्यवस्थपनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामाग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने विषयहरु स्पष्ट पारेको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धि गुरू योजना, २०१३-२०१७ ले १० हजार विद्यालयमा शिक्षण सिकाइका लागि इनटरनेट कनेक्टिभिटी सहित सूचना प्रविधिका संरचनाका विकास तथा प्रयोग गर्ने, शिक्षक तथा शिक्षा क्षेत्रको अन्य जनशक्तिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, सबै स्रोत केन्द्रहरूमा डिजिटल डाटा केन्द्र स्थापना गर्ने, निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषय पाठ्यक्रममा समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामाग्री तयार गर्ने, सबै स्रोत केन्द्रहरूमा डिजिटल सामाग्री आदानप्रदान गर्न प्लेटफर्म बनाउने उल्लेख गरेको छ ।

विद्यालयहरुमा सुचना तथा सञ्चार प्रविधिको पहुँच र क्षमता विकास गर्न विभिन्न माध्यमबाट गर्न सकिन्छ । विद्यालयको पाठ्यक्रम तथा ऐच्छिक विषयहरुमा सिकाइ आदान प्रदान तथा सिकाइ सहजिकरणमा सुचना प्रविधिको प्रयोग मार्फत बालबालिको पहुँच अभिबृद्धि गर्न सकिन्छ। बालबालिकाको सुचना र प्रविधिमा तथा सुचना र प्रविधिको प्रयोग मार्फत सिकाइ अभिबृद्धिका लागि यस गाउँपाललिकाले

विद्यालयमा सुचना तथा सञ्चार प्रविधिको क्षेत्रमा कार्य गरिरहेको छ। यस गाउँपलिकाको विद्यालयहरुमा सुचना र प्रविधिको अवस्था निम्नानुसार रहेको छ ।

| क्र.सं. | सूचक | हालको अवस्था के छ कति विद्यालयमा छ |
|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या | ४ |
| २ | शिक्षण सिकाइ क्रियाकलापमा कम्प्यूटर लगायतको प्रविधिको उपयोग भएका विद्यालयको सङ्ख्या | ३ |
| ३ | मुख्य विषयमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | ० |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | २० |
| ५ | विद्युतको पहुँच पुगेका विद्यालय सङ्ख्या | १ |
| ५ | विद्यालयलेआफ्नो सूचना, जानकारीको लागि डिजिटल माध्यम प्रयोग (फेसबुक पेज, वयव पेज) (%) | १३ |
| ६ | इमिस प्रयोगमा दक्षता (%) | ८०. प्रतिशत |
| ७ | पुस्तकालय भएका विद्यालय सख्या | ४ वटा विद्यालय |
| ८ | स्मार्टबेर्ड भएका विद्यालय सख्या | १ वटा विद्यालय |
| ९ | प्रोजेक्टर भएका विद्यालय संख्या | ३ वटा विद्यालय |

यस गाउँपालिकाको समग्र शिक्षा क्षेत्रको सुचना तथा सञ्चार प्रविधिको अवस्था हेर्दा धेरै क्षेत्रमा सुधार गर्नु पर्ने देखिन्छ । विद्यालयहरुमा सुचना तथा सञ्चार प्रविधिको पहुँच अभिबृद्धिका लागि संरचनागत निर्माण कार्य गर्ने, शिक्षकको क्षमता विकासका कार्य हरु गर्ने तथा नीतिगत रुपमा पनि सुचना तथा सञ्चार प्रविधिको प्रवर्धन गर्न विषयमा जोड दिन सकेमा मात्र यस कुशे गाउँपालिकाको समग्र शैक्षिक क्षेत्रमा सुचना तथा सञ्चार प्रविधिमा अपेक्षित उपलब्धि हाँसिल गर्न सिकन्छ ।

### ४.७.२ उद्देश्य

बालबालिकाहरुमा सुचना तथा सञ्चार प्रविधिमा पहुँच अभिबृद्धि गरी सिकाइ उपलब्धीमा सुधार ल्याउन निम्न उद्धेश्यहरु किटान गरिएको छ

(क) सबै विद्यालयहरुमा सुचना तथा सञ्चार प्रविधिको पहुच सुनिश्चित गरी बालबालिकाहरुको सिकाइ सहजिकरण गर्नु विस्तार गर्नु ।

(ख) विभिन्न किसिमका लक्षित बालबालिकाहरु जस्तै अपाङ्गता भएका बालवालिकाहरु लगायत सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पु-याउनु ।

(ग) सुचना तथा स्चार प्रविधिमा सरोकारवालाहरुको क्षमता विकास गर्नु ।

४.७.३ रणनीति

सुचना तथा सञ्चार प्रविधिमा लक्षित माथि उल्लेखित उद्धेश्यहरु पुरा गर्न निम्नानुसारका रणनीतिहरु अबलम्बन गरिनेछ ।

(क) सबै विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरिनेछ र सुरक्षित भौतिक र प्राविधिक प्रवन्ध मिलाइने यसका लागि विधुत सेवाको पहुँचको सुनिश्चितता गरिनेछ ।

(ख) विभिन्न कक्षा र विषयका लागि उपयोगी हुने डिजिटल सामग्रीहरूको विकास गरिने छ ।

(ग) विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिहरुका लागि उपयोगी हुने गरी डिजिटल सामग्री विकास गर्ने ।

(घ) विद्यालयमा शैक्षिक स्रोत सामग्रीहरू इन्टरनेटको सुविधा विस्तार गरी विद्यार्थीहरूको पहुँचमा विस्तार गर्ने र क्षमता विकास गर्ने ।

(ङ) सामुदायिक सिकाइ केन्द्रहरूलाई सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा सेवा प्रदान गर्न परिचालन गरिनेछ ।

(च) संघ र कर्णाली प्रदेशसँग समन्वय गरी गाउँपालिका र इन्टरनेट प्रदायक संस्थाहरूबिच समन्वय र सहकार्य वृद्धि गर्ने ।

(छ) अफलाईन माध्यमबाट पनि चलाउन सकिने इ-पुस्तकालयको व्यवस्थापन गर्ने ।

(ज) सबै विद्यालयका शिक्षक तथा कर्मचारीहरूको आधारभूत सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित आधारभूत सिपमा क्षमता विकास गर्ने ।

(झ) विपत् तथा सङ्कटको समयमा समेत विद्यार्थीको सिकाइलाई निरन्तरता दिन सक्ने गरी सिकाइका वैकल्पिक विधिको रूपमा प्रविधिलाई प्रयोग गर्न सक्ने गरी कार्यक्रम सञ्चालन गर्ने ।

(ञ) स्थानीय एफ.एम. रेडियो सँग समन्वय गरेर शैक्षिक कार्यक्रम नियमितरूपमा उत्पादन र प्रसारण गर्ने तथा विद्यालयमा वेभसाइट, विद्युतीय हाजिरी र सी.सी. क्यामेराको व्यवस्था गरिने ।

(ट) सबै विद्यालयहरुमा न्यूनतम कम्प्युटर तथा ल्याप्टपको व्यवस्था गरी एक शिक्षक एक ल्याप्टप अवधारणा कार्यान्वयन गर्ने तथा कम्प्युटर र सुचना प्रविधि प्रशिक्षकको व्यवस्था र परिचालन गर्ने ।

४.७.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

क) विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रवर्धन भएको हुने ।

(ख) गाउँपालिकामा शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका डिजिटल सिकाइ सहजीकरण केन्द्र स्थापना र सञ्चालन भएको हुने,

(ग) विभिन्न कक्षा र विषयका लागि आवश्यक पर्ने अन्तरक्रियात्मक डिजिटल सामग्री विकास भई ती सामग्रीमा विद्यार्थीको सहज पहुँच भएको हुने ।

(घ) सबै सामुदायिक विद्यालयहरू र विद्यार्थीहरूमा सूचना र सञ्चार प्रविधिसम्बन्धि आधारभूत सुविधामा पहुँच पुगेको हुने ।

(ङ) सबै शिक्षकमा ल्यापटपको व्यवस्था र प्रयोग भै विद्यालयमा शिक्षक तथा कर्मचारीहरूबाट प्रविधिको बढीभन्दा बढी प्रयोग गरिएको हुने ।

(च) विद्यार्थीको सिकाइ सहजीकरणमा स्थानीय रेडियो प्रभावकारी रूपमा परिचालन भएको हुने,

(छ) सबै माध्यमिक तथा आधारभूत विद्यालयहरूमा न्यूनतम कम्प्यूटरको उपलब्धता भै विद्युतीय हाजिरी र सी.सी. क्यामेराको प्रयोग गरिएको हुने ।

(ज) गाउँपालिकाभित्रका सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको सहज पहुँच पुगेको हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या | ४ | ४ | १० | २० | ३५ | ४५ | ५५ |
| २ | शिक्षण सिकाइ क्रियाकलापमा कम्प्यूटर लगायतको प्रविधिको उपयोग भएका विद्यालयको सङ्ख्या | ३ | ३ | १० | २० | ३५ | ४५ | ५५ |
| ३ | मुख्य विषयमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | ० | ० | ३ | १० | २० | ३५ | ५५ |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | २० | २० | ३० | ४० | ५० | ५५ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | विद्युतको पहुँच पुगेका विद्यालय सङ्ख्या | १ | १ | ५ | १० | २० | ३० | ५५ |
| ५ | IEMIS Web प्रयोगमा दक्षता(%) | ८० | ८० | ८५ | ९० | १०० | | |

३.४.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.स | मुख्य क्रियाकलाप | परिमाण | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकी अवधी | जिम्मेबारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालयमा ICTसंरचना विस्तार गरी इलाइब्रेरी स्थापना | विद्यालय | | ५ | ५ | ५ | ५ | ३१ | पालिका, |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्वस्था | संख्या | | ६ | १० | १५ | १० | १० | पालिका |
| ३ | विद्यालयहरुमा स्मार्ट बोर्ड र प्रोजेक्टरको प्रवन्ध | विद्यालय | ० | २ | २ | २ | २ | १० | पालिका, |
| ४ | शिक्षकको क्षमता विकास कम्प्यूटर र | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सुचना प्रणाली व्यवस्थापनमा | | | | | | | | |
| ५ | सुचना प्रविधि प्रशिक्षकको व्यवस्था | संख्या | ० | १ | २ | नियमित | नियमित | नियमित | पालिका |
| ६ | IEMISव्यवस्थापन तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ७ | विद्यालयहरूमा विद्युतीय हाजिरी र सी.सी. क्यामेराको व्यवस्था | संख्या | | ५ | ८ | ८ | ८ | २६ | पालिका |
| ८ | विद्यालयमा बिधुत जडान | संख्या | | ४ | ६ | १० | १० | २४ | |
| ९ | सुचना सञ्चार सहि प्रयोग विषयमा रेडियो कार्यकम | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | पालिका |
| १० | पालिका शैक्षिक लर्निङ पोर्टलको विकास र प्रवर्द्धन | पटक बार्षिक | | १ | १ | १ | १ | ५ | पालिका |
| ११ | अनलाइन सिकाइ आदान प्रदान बैठक भर्चुअल | पटक | | १ | १ | १ | १ | ५ | पालिका |

## परिच्छेद ५ अन्य उपक्षेत्र तथा अन्तरसम्बन्धित बिषयहरु

### ५.युवा तथा खेलकुद विकास

#### ५.१.१ वर्तमान अवस्था

नेपालके संविधानको अनुसुची ९ मा उल्लेखित संघ प्रदेश र स्थानीय तहको साझा अधिकार सम्बन्धमा संघ तथा प्रदेश कानुनको अधिनमा रहि स्थानीय तहले यूवा तथा खेलकुदका लागि आवश्यक संरचना पूर्वाधार निर्माण संचालन तथा विकासका कार्यक्रमहरु गर्ने प्रावधान रहेको छ । सोही अनुरुप स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ उपदफा ४ (क) मा गाँउ तथा नगरपालिकाको खेलकुद तथा पत्रपत्रिका सम्बन्धि अधिकार सुनिश्चित गरेको छ । गाँउ तथा नगरपालिका अन्तर्गत कार्यपालिका सचिवालयमा रहने विभिन्न विषयगत शाखा मध्ये शिक्षा यूवा तथा खेलकुद शाखाले नै यूवा तथा खेलकुद सम्बन्धि प्रचलित ऐन नियम एंव स्थानिय तहबाट निर्माण भई कार्यान्वयनमा आएका कार्यविधिहरु अनुरुप युवा तथा खेलुकदका निम्न कार्यहरु गर्ने ब्यवस्था रहेको छ ।यस अन्तर्गत स्थानीय तहले स्थानीय स्तरका खेलकुद संरचनाको पुर्वाधार निर्माण संचालन तथा विकास, स्थानिय स्तरमा खेलकुद प्रशासन तथा संघ-संस्थाको नियमन र समन्वय, खेलकुदको विकास र प्रवर्द्धन, खेलकुद प्रतियोगिता आयोजना र सहभागिता, खेलकुद सम्बन्धि पूर्वाधार विकास तथा संघीय यूवा तथा खेलकुद मन्त्रालयको यूवा स्वरोजगार कार्यक्रमको कार्यान्वयनका लागि आवश्यक ब्यवस्थापन गर्न पहल गरिने जस्ता विषयहरु उल्लेख गरेको छ ।

यसै सन्दर्भमा कुशे गाउँपालिकाले विद्यालय युवा तथा खेलकुद कार्यक्रमहरुलाई शिक्षा यूवा तथा खेलकुद शाखा मार्फत शिक्षा समितिले संयोजन गर्दै आएकोछ । यस अन्तर्गत विद्यालयस्तरमा अन्तर विद्यालय खेलकुद संचालन राष्ट्रपति रनिङ शिल्ड, अध्यक्ष कप प्रतियोगिताको तयारी छनोट र जिल्लास्तरको कार्यक्रममा सहभागिता विद्यालय तहबाट यूवा तथा खेलकुद संचरना एंव पूर्वाधार विकास र सहभागिता गराउँदै आएको छ । प्रतियोगिताको लागि आवश्यक अन्तर विद्यालय खेलकुद प्रतियोगिता कार्यक्रम तथा यूवा खेलकुलका लागि खेलकुद सामग्री र आवश्यक स्रोत ब्यवस्थापन गर्दै आएको छ । विद्यालय तहमा खेलकुद विकासका लागि विभिन्न खेल सामग्रीहरुको वितरण र सहयोग भएता पनि खेल प्रशिक्षकको ब्यवस्थापन तथा खेलकुदका गतिविधीहरु प्रभावकारी रुपमा बढाउन अति आवश्यक देखिन्छ । विद्यालय तहमा नै विभिन्न खेलमा बालबालिकालाई अभ्यस्त बनाइ उनीहरुलाई खेलकुदमा सक्षम र प्रतिस्पर्धी बनाउन कुशे गाउँपालिका निरन्तर रुपमा लाग्न पर्ने देखिन्छ ।

५.१.२ उद्देश्य

युवा तथा खेलकुदका माध्यमबाट अतिरिक्त क्रियाकलापहरुमा विद्यार्थीहरुको पहुँच अभिवृद्धि गर्न निम्नानुसारका उद्धेश्यहरु किटान गरिएको छ ।

(क) स्थानीय स्तरका खेलकुद संरचनाको पूर्वाधार निर्माण संचालन तथा विकास गरी खेलकुदको विकास र प्रवर्द्धन गर्नु ।

(ख) स्थानिय स्तरमा खेलकुदका लागि विभिन्न संस्थागत संरचुनाको विकास, क्षमता विका तथा नियमन र परिचालन गर्नु ।

(ग) विद्यालयस्तरमा विविध प्रकारका खेलकुद प्रतियोगिता संचालन ब्यवस्थापन एंव राष्ट्रपति रनिङ्ग शिल्ड र अध्यक्ष कप तथा अतिरिक्त प्रतियोगिताको लागि तयारी गर्नु तथा गाउँपालिकामा खेल संस्कृतिको विकास गर्नु।

(घ) यूवा स्वरोजगार सम्बन्धि तालिम तथा क्षमता विकास गर्नु ।

५.२.३ रणनीतिहरु

उल्लेखित उद्देश्यहरु पुरा गर्न निम्नानुसारका रणनीतिहरु अवलम्बन गरिएको छ ।

(क) गाउँपालिका क्षेत्रमा खेलकुद समिति गठन र परिचालन गर्ने ।

(ख) खेलकुद संरचनाका लागि पूर्वाधार निर्माण गर्ने।

(ग) खेलकुदको कार्यक्रमहरु सञ्चालन र विकास गर्ने ।

(घ) स्थानीय स्तरमा खेलकुद सम्बन्धि संघ प्रदेश र गैससहरुको समन्वय र सहकार्य गर्ने ।

(ङ) संघ र प्रदेशबाट जारी खेलकुद सम्बन्धि कानुनको अधिनमा रही कार्यविधी निर्माण र कार्यान्वयन गर्ने।

(च) विदयालय तथा यूवा स्तरका खेलकुद प्रतियोगिता आयोजना र सहभागिता सुनिश्चित गर्ने।

(छ) पालिकामार्फत आयोजना तथा सहभागिता हुने खेलकुद कार्यक्रममा आवश्यक सामग्री तथा स्रोतको ब्यवस्थापन गर्ने ।

(ज) यूवा स्वरोजगार कार्यक्रम कार्यान्वयन मा साझेदारी विकास गर्ने।

५.२.४ मुख्य उपलब्धि, र नतिजा

उपलब्धि

विद्यालय स्तरका विद्यार्थी तथा समुदायस्तरका यूवाहरुलाई खेलकुद प्रति उत्प्रेरित गर्दै सक्रिय सहभागिता र प्रतिस्पर्धाको विकास भएको हुने ।

नतिजा

क गाउँपालिका स्तरमा विभिन्न खेल सम्बन्धि सहजकर्ता तथा सहभागि तयार भएको हुने ।

(क) खेलकुलका लागि पूर्वाधार निर्माण र ब्यवस्थापन भएको हुने ।

(ख) खेलकुद सम्बन्धि स्थानीय नीति तथा कार्यविधीहरु तयारी र कार्यान्वयन भएको हुने ।

(ग)खेलकुद सम्बन्धमा जिल्ला तथा प्रदेश स्तरका निकायसंग समन्वय र सहकार्य भएको हुने

(घ)खेलकुदको विकास र प्रवर्द्धन सम्बन्धमा विद्यार्थी र यूवाहरुलाई अभिमुखिकरण भएको हुने ।

(ङ)विभिन्न खेलहरुमा उत्कृष्ट खेलाडी तथा प्रशिक्षकहरुलाई सम्मान भएको हुने ।

(च)यूवा स्वरोजगार कार्यक्रम कार्यान्वयन भएको हुने ।

५.२.५ मुख्य क्रियाकलापहरुः

| क्र.स | मुख्य क्रियाकलापहरु | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकी अवधी | जिम्मेबारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | स्थानीयस्तरको खेलकुदको संरचना विकास | पटक | | १ | | | | | पालिका , संघ र प्रदेश |
| २ | विभिन्न खेलकुद सम्बन्धि निकायहरुसंग | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | पालिका , |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सहकार्य र समन्वय | | | | | | | | |
| ३ | अन्तर विद्यालय खेलकुद प्रतियोगिता | पटक | | १ | १ | १ | १ | ५ | पालिका र विद्यालय |
| ४ | समुदायस्तरमा यूवा खेलकुद प्रतियोगिता | पटक | | १ | १ | १ | १ | ५ | पालिका र वडा |
| ५ | विद्यालय तथा यूवा स्तरका खेलकुदका लागि आवश्यक कार्यविधी र निर्देशिका तयारी | विद्यालय | | १ | | | | | पालिका |
| ६ | खेलकुद सामग्री ब्यवस्थापन | पटक | | | | | | | पालिका |
| ७ | उत्कृष्ट खेलाडी तथा प्रशिक्षकहरुलाई सम्मान | पटक | | १ | १ | १ | १ | ५ | पालिका |
| ८ | पालिका मार्फत विद्यालयमा खेलकुद प्रशिक्षकको व्यवस्थापन | जना | | १ | २ | २ | २ | २ | पालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | अध्यक्ष कप तथा अतिरिक्त क्रियाकलाप संचालन | पटक | | १ | १ | १ | १ | ५ | पालिका ञ |
| १० | युवा लक्षित कार्यक्रमहरु | निरन्तर | निरन्त र | निरन्तर | निरन्तर | निरन्तर | निरन्त र | निरन्तर | पालिका |

## परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन

### ६.१ शिक्षाको ब्यवस्थापन तथा संस्थागत क्षमता विकास

#### ६.१.१ वर्तमान अवस्था

शैक्षिक सुशासन र प्रभावकारी व्यवस्थापनले शिक्षा क्षेत्रको सुधार गर्न तथा तय गरिएका योजना र कार्यक्रमहरु प्रभावकारी कार्यान्वयन मार्फत अपेक्षित नतिजा हाँसिल गर्न मद्धत पुर्याउदछ । शैक्षिक शुसासन स्थापना गर्न स्थानीय सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी संस्थाहरु विभिन्न सरोकारवालाहरुको भूमिका हुन्छ ।शैक्षिक शुसासनले आर्थिक शिक्षा क्षेत्रमा जवाफदेहिता, जिम्मेवारीबोध, पारदशर्शिता , उत्तरदायि बनाउनका साथै शैक्षिक कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्न सहभागिता र साझेदारी बढाउन पनि मद्धत गर्दछ ।यसका लागि आवश्यक संस्थागत संरचना निर्माण र क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु पर्दछ।

नेपालमा आर्थिक सुशासन तथा ब्यवस्थापन गर्न आर्थिक ऐन २०७७, आर्थिक कार्यबिधि तथा बितिय उत्तरदायित्व ऐन २०७६ र लेखा परीक्षण ऐन तथा कार्यबिधि समेत जारी भएको छ । विद्यालयको हकमा अर्थिक सुशासन कायम गर्न शिक्षा ऐन २०२८ मा अनिवार्य सामाजिक लेखापरीक्षण गर्नुपर्ने ब्यवस्था छ र सोही बमोजिम यस गाउँपालिकाले पनि गाउँ शिक्षा ऐनमा उक्त व्यवस्था कायम गरेको छ।विद्यालय सञ्चालन पद्दति र निर्णय प्रकृयामा विद्यालय ब्यवस्थापन समिति समेत रहने व्यवस्था छ । स्थानिय तहको शैक्षिक संरचना, प्रक्रिया र क्षमता सुधार गर्न स्थानिय आवश्यक्ता चुनौति पहिचान गर्दै शैक्षिक गतिविधि प्रभावकारी बनाउन तथा सुशासन कायम गर्न संघीय संरचना अनुसार स्थानीय सरकारका अधिकार तथा दायित्व बमोजिम स्थानीय सरकार सञ्चालन ऐन २०७४, नेपालको सविधान २०७२, शिक्षा नीति लगायतको आधारमा स्थानीय तहले पनि नीति निर्माण गर्ने, शैक्षिक कार्यविधीहरु तयार गर्ने तथा शिक्षासंग सम्बन्धित विभिन्न कार्यक्रमहरु र बजेट तय गरी कार्यान्वयन गर्नु पर्दछ । यसका साथसाथै नियमित रुपमा लेखा परिक्षण, सामाजिक परिक्षण, अनुगमन तथा मुल्याङ्कन जस्ता कार्य गर्नुपर्दछ ।

कुशे गाउँपालिकामा शिक्षा, युवा तथा खेलकुद शाखा अन्तर्गत ३ जना कर्मचारी रहेका छन । यस गाँपालिकामा गाउँ शिक्षा समिति तथा वडा तहमा वडा शिक्षा समितिहरु रहेका छन । यस गाउँपालिकाले शिक्षा ऐन र नियमावली, २०७४, आधारभुत तह शिक्षा परीक्षा सञ्चालन तथा ब्यवस्थापन

कार्यविधी  लगायतका केही शिक्षा संग सम्बन्धित विभिन्न कार्यविधीहरु निर्माण गरी कार्यान्वयन गरेको अवस्था छ । कुशे गाउँपालिकाले मिति २०८० भाद्र २२ गतेका दिन गाउँपालिकालाई अनिवार्य तथा निशुल्क आधारभुत शिक्षा पुर्ण रुपमा कार्यान्वयन भएको पालिकाको रुपमा घोषणा समेत गरेको छ ।गाउँपालिकाले शिक्षाको स्पष्ट आवधिक योजना तयार नगरेको भएता पनि बार्षिक रुपमा शिक्षा क्षेत्रको कार्यक्रमहरु तय गर्ने तथा बजेट कार्यान्वयन भने नियमित रुपमा गरिरहेको छ ।गाउँपालिकाको शिक्षा क्षेत्रमा शुसासन प्रवर्द्धन गर्नका निमित्त विभिन्न क्रियाकलापहरु हुने गरेका छन । यस अन्तरगत विद्यालय तहले लेखापरिक्षण, सामाजिक परिक्षण तथा अन्य व्यवस्थापनका कार्यहरु पनि गरिरहेको र निरन्तर तथा नियमित गर्न आवश्यक देखिन्छ । विद्यालयमा गुनासो सुनुवाई सयन्त्रको ब्यवस्था गरिएको भएता पनि प्रभावकारी हुन सकेको छैन । शैक्षिक गतिविधिहरुको प्रभावकारी कार्यान्वयन र नतिजा प्राप्तिका लागि जवाफदेहि प्रणालिको विकासका लागि विद्यालय तहमा पनि सुचना प्रवाह, विभिन्न समावेशिता लगायतका विषयमा संस्थागत क्षमता विकास र परिचालन गर्न नितान्त आवश्यक देखिन्छ । हाल औषतमा बार्षिक रुपमा विद्यालय व्यवस्थापन समितिको बैठक ४ पटक, शि .अ .स .को बैठक २ पटक, शिक्षक कर्मचारीको बैठक ५ पटक भएको देखिन्छ । यसै गरी शैक्षिक सत्र २०८०।८१ मा विद्यालयको विद्यालय सुधार योजना, सामाजिक परिक्षण  तथा लेखा परिक्षणका कार्य सबै विद्यालयहरुले सम्पन्न गरेका छन । विद्यालयमा जवाफदेहिता कायम गर्न गुनाशो सुनुवाइ सयन्त्र निर्माणका कार्यहरु खासै भएका छैनन् यद्धपि ४० वटा विद्यालयमा गुनाशो सुनुवाइ पेटिकाको व्यवस्था भएको छ । यसै गरी सुशासन कायम गर्ने बिषय अन्तरगत ३५ वटा विद्यालयमा लैङ्गिक सम्पर्क व्यक्तिको व्यवस्थापन भएको छ । सबै वडाहरुमा बाल सञ्जाल गठन भएका छन भने ४५ वटा विद्यालयमा बाल क्लवहरु रहेर विद्यालयका विभिन्न गतिविधिहरु सञ्चालन गर्ने तथा शुसासन कायम गर्न भुमिका निर्वाह गरिरहेका छन ।
गाउँपलिकामा शिक्षा क्षेत्रमा सुशासन र व्यवस्थापनका कार्यहरु थप प्रभावकारी बनाउनका लागि संस्थागत क्षमता विकास जस्तै विद्यालय व्यवस्थापन समिति,  शिक्षक अभिभावक संघ, बालक्लवहरुको क्षमता विकास र परिचालन अति महत्वपुर्ण हुन जान्छ ।

### ६.१.२ उद्देश्य

कुशे  गाउँपालकाको विद्यालयमा सुशासन र व्यवस्थापन र प्रभावकारी शैक्षिक ब्यवस्थापन कायम गर्नका लागि निम्न उद्देश्यहरू रहेका छन् ।

क) सुशासन तथा प्रभावकारी व्यवस्थापन गर्न शैक्षिक नीति, कार्यविधी, कार्यक्रम, संस्थागत क्षमता विकास गर्नु ।

ख) शैक्षिक क्षेत्रमा असल शासन कायम गर्न निरन्तर रुपमा सामाजिक परिक्षण, लेखा परिक्षण, गुनासो सुनुवाइ सयन्त्रको विकास र जवाफदेहिताका कार्यहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्नु ।

ग)विद्यालयको कार्यसम्पादन प्रति उत्तरदायी तथा नतिजा प्रतिको जवाफदेहि र विद्यालयको निर्णय प्रकृयामा समता तथा समावेशितालाई प्रोत्साहन गरी शिक्षामा सुशासन कायम गर्नु ।

६.१.३ रणनीतिहरु

सुशासन र व्यवस्थापनका उद्धेश्यहरु परिपुर्ति गर्नका निमित्त निम्न बमोजिमका रणनीतिहरु अबलम्बन गरिएको छ ।

(क) गाउँपालिका तथा विद्यालय स्तरीय शुसासन र व्यवस्थापन नीति, निर्देशिका तथा कार्यबिधिहरु निर्माण गरी संस्थागत क्षमता मार्फत कार्यान्वयन गरिने ।

(ख) विद्यालयको निर्णय प्रकृयामा समता तथा समावेशितालाई प्रोत्साहन गरीने ।

(ग) विद्यार्थीको सिकाइ उपलब्धिको न्यून नतिजा सम्बोधनको लागि स्थानीय तहमा गुणस्तर अभिवृद्धि गर्न भौतिक तथा सांगठानिक संरचनाको सुधार गर्ने र पर्याप्त र तालिम प्राप्त जनशक्तिको व्यवस्थापनमा जोड दिने ।

(घ) विद्यालय ब्यवस्थापन समिति , शिअस, प्रधानाध्यापकको क्षमता विकास र जिम्मेबारी बनाउने ।

(ङ) विद्यालयका दक्ष जनशक्ति व्यवस्थापनका लागि संस्थागत क्षमता विकास गर्नुका साथै भौतिक तथा सांगठानिक संरचनाको निर्माण गर्ने र संयन्त्रको क्षमता अभिवृद्धि गर्नमा जोड दिने

(च) सबै विद्यालयहरुमा गुनासो सुनुवाइ सयन्त्रको विकास गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

(छ) विद्यार्थी शिक्षक अभिभावक सबैको आचारसहिँताको व्यवस्थापन र प्रयोग तथा विद्यालयमा बडापत्र व्यवस्थापन गर्ने ।

६.१.४ प्रमुख उपलब्धी र नतिजा

(क) शैक्षिक निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भएको हुने ।

(ख) संस्थागत क्षमता अभिबृद्धि भई परिचालित भएको हुने ।

(ग) गाउँपालिका र विद्यालय स्तरीय सुशासन नीति तथा कार्यविधिहरु निर्माण भै कार्यान्वयन भएको हुने ।

(घ) विद्यालय तथा विव्यस शि. अ .स. बालक्लवहरुको क्षमता विकास भै सुशासन तथा जवाफदेहिताको विकास भएको हुने ।

(ङ) शैक्षिक संस्थाहरुमा जिम्मेबारीबोध तथा उतरदायि र जवाफदेहितामा बृद्धि भएको हुने ।

(च)स्रोत ब्यवस्थापन र परिचालन प्रभावकारी भै कार्य सम्पादनमा सुधार भएको हुने ।

नतिजा तथा परिमाणात्मक लक्ष्य

| क.स | सूचक | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|---|---|
| १ | शिक्षा ऐन नीति निर्माण | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | परिमार्जन |
| २ | सामाजिक परिक्षण | ५५ | ५५ | ५५ | ५५ | ५५ | ५५ | ५५ |
| ३ | लेखा परिक्षण | ५५ | ५५ | ५५ | ५५ | ५५ | ५५ | ५५ |
| ४ | विद्यालय सुधार योजना | ५५ | ५५ | ५५ | ५५ | ५५ | ५५ | ५५ |
| ५ | गुनाशो सुनुवाइ पेटिका | ४० | ४० | ५५ | ५५ | ५५ | ५५ | ५५ |
| ६ | लैङ्गिक सम्पर्क व्यक्ति | ३५ | ३५ | ५५ | ५५ | ५५ | ५५ | ५५ |

६.१.५ मुख्य क्रियाकलापहरुः

| क.स | मुख्य क्रियाकलापहरु | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकी अवधी | जिम्मेबारी |
|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | विभिन्न शैक्षिक कानुन, मापदण्ड कार्यविधी निर्माण | पटक | | १ | १ | | | परिमार्जन गर्ने | पालिका |
| २ | शुसासनका लागि संस्थागत क्षमता विकास तालिम | पटक | | १ | १ | १ | १ | ५ | पालिका , |
| ३ | कार्यसम्पादन करार सम्झौता र स्वमुल्याङ्कन | विद्यालय | | १३ मावि | ५५ | ५५ | ५५ | ५५ | पालिका र विद्यालय |
| ४ | विद्यालय ब्यवस्थापन समिति र शिअसको क्षमता विकास | पटक | | १ | १ | १ | १ | १ | पालिका र विद्यालय |
| ५ | लेखा परिक्षण तथा सामाजिक परिक्षण तथा विद्यालय | विद्यालय | १ | १ | १ | १ | १ | ५ | पालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सुधार योजनाका लागि क्षमता विकास | | | | | | | | |
| ६ | गुनाशो सुनुवाइ सयन्त्रको विकास र र व्यवस्थापन साथै | विद्यालय | | १५ | | | | नियमित | पालिका र विद्यालय |
| ७ | बडापत्रको ब्यवस्थापन | विद्यालय | | ११ | ४४ | | | नियमित | पालिका र विद्यालय |
| ८ | बालिका तथा समावेशी सञ्जालको गठन तथा क्षमता विकास | पटक | १ | | १ | | १ | निरन्तर | पालिका |
| ९ | प्रधानाध्यापकको नियमित बैठक | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | पालिका |
| १० | शैक्षिक पात्रो निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ६.२.१ परिचय

कुशे गाउँपालिकाको आवधिक शिक्षा योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत वार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कन लगायत कार्यान्वयनका लागि आवश्यक संरचना स्थापना र क्षमता विकास, जनशक्ति व्यवस्थापन, कार्यान्वयन प्रक्रिया र विभिन्न क्षेत्रको जिम्मेवारी तथा उत्तरदायित्वहरू पर्दछन्। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई शिक्षाका २३ अधिकारहरु को व्यवस्थाको प्रभावकारी कार्यान्वनयका साथै, नेपाल सरकारले तय गरेका शिक्षा क्षेत्रको १० बर्षे योजनाले तय गरेका लक्ष्यहरु पुरा गर्नका लागि र त्यसको कार्यान्वनयमा पनि स्थानीय सरकारले सहयोग समन्वय तथा आत्मिकरण गर्नु आवश्यक रहेको छ । यस कुशे गाँउपालिकाले पनि समग्र गाउँपालिकाको विकास र परिवर्तनका लागि केहि सोच, लक्ष्य, उद्देश्य सहित शिक्षा क्षेत्रको नीति तय गरेको छ यस गाउँपालिकाको शिक्षा सम्बन्धि नीति, कार्यक्रम, लक्ष्य, तथा उद्देश्य पुरा गर्न गाँउपालिकाको आफ्नो परिवेश अनुसारको गाउँ शिक्षा योजना तयार गरी कार्यान्वयन गर्नु नितान्त आवश्यक छ ।

कुशे गाउँपालिकाले शिक्षा क्षेत्रको योजना कार्यान्वयनका लागि गाउँ शिक्षा समितिले नीतिगत र नेतृत्वदायि भुमिका निर्वाह गरेको छ। यसका साथै वडा तहमा वडा शिक्षा समितिहरु क्रियाशिल रहेका छन । गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाको अगुवाइमा विभिन्न शैक्षिक गतिबिधिहरु प्रभावकारी रुपमा कार्यान्वयनमा भैइरहेका छन । गाउँ शिक्षा समितिले नीति नियमहरु निर्माण गर्ने तथा शिक्षा शाखाले नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्ने गरिरहेको छ । यसका साथै शैक्षिक कार्यक्रमहरु विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र विभिन्न सरोकारवाला शैक्षिक संस्थाहरुको समन्वय र सहकार्यमा कार्यान्वयन भैरहेका छन शिक्षाका गतिविधिहरुको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न निकायहरु संगको समन्वय र सहकार्य प्रभावकारी रुपमा गर्न आवश्यक छ । साथै संस्थागत क्षमता विकास र परिचालन तथा नियमन गरी यो शिक्षा योजनाको प्रभावकारी कार्यान्वयन गर्न सकिन्छ ।

### ६.२.२ उद्धेश्य

यस गाउँपालिकाको शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनका लागि निम्नानुसारका उद्धेश्यहरु अवलम्बन गरिएको छ ।

(क) आवधिक शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

(ख) शिक्षा योजना कार्यान्वयनका लागि विभिन्न निकाय संगको समन्वय, सहकार्य तथा साझेदारी कायम गर्नु।

६.२.३ रणनीतिहरू

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनका लागि लक्षित गरिएका उद्धेश्यहरु परिपुर्ति गर्नका लागि निम्नानुसारका रणनीतिहरु अवलम्बन गरिएको छ ।

(क) सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेट समेत संलग्न गरी वार्षिक शिक्षा क्षेत्रको कार्यक्रम र बजेट तयार गर्ने ।

(ख) विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ लगाएतका संरचनाको गठन,पुनर्गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनमा सहजीकरण गर्ने ।

(ग) कार्यक्रम कार्यान्वयनका लागि आवश्यकता अनुसारका ऐन, कानुन, कार्यविधि तथा निर्देशिकाहरु विकास गर्ने।

(घ) अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने सहकार्य तथा सहभागित बनाउने।

(ङ) नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।

६.२.४ उपलब्धि, तथा नतिजा

उपलब्धिहरू तथा नतिजा

(क) शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ ।

(ख) शिक्षा योजना कार्यान्वयनमा सरेकारवाला सबैको सहभागिता तथा सहकार्य बढेको हुनेछ ।

(ग) शिक्षा योजनाले लिएका अपेक्षित उपलब्धिहरु हाँसिल भएको हुनेछन ।

६.२.५ प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

| क्र.स | मुख्य क्रियाकलापहरु | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकी अवधी | जिम्मेबारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | बार्षिक कार्यक्रम र बजेट निर्माण | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | पालिका शिक्षा समिति |
| २ | शैक्षिक वहस तथा पैरवी र समन्वय | पटक | | १ | १ | १ | १ | ५ | पालिका शिक्षा शाखा |
| ३ | योजना कार्यान्वयन मार्गदर्शन निर्माण | पटक | | १ | | | | परिमार्जन | पालिका शिक्षा शाखा |
| ४ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | पालिका शिक्षा शाखा |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | विद्यालयमा अध्यक्ष उपाध्यक्ष संग विद्यालय कार्यक्रम | पटक | | १ | १ | १ | १ | ५ | पालिका |
| ६ | सरोकारवालाहरु संगको शैक्षिक अन्तरक्रिया | पटक | | १ | १ | १ | १ | ५ | पालिका शिक्षा समिति |
| ७ | कुशे शैक्षिक सुधार विशेष कार्यक्रम | पटक | | १ | १ | १ | १ | | संघ र स्थानीय तह |

परिच्छेद ७ : लगानी स्रोत ब्यवस्थापन

७.१ वर्तमान अवस्था

शिक्षा क्षेत्रको नीति तथा कार्यक्रम बमोजिम शिक्षा क्षेत्रममा पनि सोही बमोजिमको लगानी स्रोत ब्यवस्थापन गर्न आवश्यक छ । राष्ट्रिय आकांक्षालाई मध्यनजर गर्दै नेपाल सरकारले पनि शिक्षा क्षेत्रमा लगानी अभिबृद्धि गरिरहेको छ । शिक्षामा कुल बजेटको २० प्रतिशत पुर्याउनु पर्ने गरी नीतिगत ब्यवस्था पनि गरेको छ । शिक्षामा गरिने लगानीले समाजको आकांक्षा, आवश्यक्ता, मान्यता र दिगो विकासको लक्ष्यको लागि कार्य गर्नु पर्दछ । संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भए तापनि शिक्षा साझा सूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहका साथै समुदाय र निजी क्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ ।शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकीकृत गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्धका लागि ध्यान दिनुपर्ने महत्वपूर्ण पक्ष हो । शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत जुटाउने, स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह गर्ने र उपलब्ध स्रोतको उपयोग गर्ने भन्ने विषयमा ध्यान पुग्दछ ।

कुशे गाँउपालिकाले शैक्षिक सुधारका लागि हरेक बर्षका नीति तथा कार्यक्रमहरुमा शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखेर कार्य गरिरहेको छ ।शिक्षा क्षेत्रको सुधारका लागि पालिकाले विभिन्न शैक्षिक कार्यक्रम र नीतिहरु निर्माण गरेर कार्यान्वयन गरेको छ ।गाउँपालिकाले विनियोजन गरेको बजेटमा शिक्षामा बजेटको मात्रा बढी देखिएता पनि तलव भत्तामा लगानी हुने र अन्य शैक्षिक कार्यक्रमहरु विशेष गरी क्षमता विकास र सहायताका क्षेत्रमा अझैपनि थप कार्यक्रमहरु तय गर्न तर्फ गाउँपालिकाले विशेष ध्यान पुर्याउन पर्ने आवश्यक्ता देखिन्छ । आ.व. ०८१।८२ मा कुशे गाउँपालिकामा रहेको शिक्षा क्षेत्रको बजेट यस प्रकार छ ।

| क.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | |
|---|---|---|---|---|
| | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह |
| १ | राष्ट्रपति रनिङ्ग शिल्ड तथा अध्यक्ष कप प्रतियोगिता | ५८०००० | १२३००० | १७९७००० |

| | | | | |
|---|---|---|---|---|
| २ | मालिका बहुमुखी क्याम्पस प्रशासनिक खर्च | ० | ० | ५००००० |
| ३ | शिक्षण सिकाई अनुदान | ० | ० | २७००००००<br>० |
| ४ | अध्यक्ष छात्रवृति कार्यक्रम | ० | ० | १०००००० |
| ५ | घर फिल्ड तारजाली निर्माण | ४५०००० | ० | ० |
| ६ | जनकल्याण आ वि गुम्थले खानेपानी निर्माण | २५०००० | ० | ० |
| ७ | महादेव प्रा वि खानेपानी निर्माण | ३००००० | ० | ० |
